# परिच्छेद- एक

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक कवि नन्दराम लम्सालको **'देश दुख्ला भनेर कविता सङ्ग्रहको अध्ययन र विश्लेषण'** रहेको छ ।

## १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली विषय स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्र (पाठ्याङ्क ५१०) को पाठ्यभार पुरा गर्ने प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

## १.३ विषयपरिचय

कविता पूर्वीय, पाश्चात्य एवं नेपाली साहित्यमा समेत प्राचीनतम एवम् लोकप्रिय साहित्यिक विधा हो । 'कवृ वर्णने' वा कविको वर्णन (रचना) का रूपमा पूर्वीय सिद्धान्तमा उल्लेख भएको पाइन्छ । शब्दार्थौ सहितौ काव्यं..... (भामह) वाक्यं रसात्मकं काव्यं (विश्वनाथ) र रमणीयार्थ प्रतिपादक शब्द काव्यम् (जगन्नाथ), कविता व्यक्त सङ्गितौ (ड्राइडेन), शान्त समयमा संस्मरणका रूपमा मनोवेगबाट प्राप्त अनुभूतिको सहज उच्छलन कविता हो (वर्डस्वर्थ) तथा मिठो कविताको बोली चराको बोलीझैं लाग्दछ । कविता निष्प्रयत्न निस्कन्छ (महाकवि देवकोटा) जस्ता परिभाषाहरू हेर्दा । मानवीय संवेदनाबाट स्वतस्फूर्त रूपमा उत्पन्न भावको लयात्मक एवं कलात्मक अभिव्यक्ति कविता हो भन्न सकिन्छ। कविता मानवसभ्यतासँगसँगै विकसित भएको देखिन्छ। प्रारम्भमा काव्यका रूपमा रहेको कविता नेपाली साहित्यमा वि. सं. १८०० तिरबाट प्रारम्भ भएको मानिन्छ ।

नेपाली कविताको चर्चा गर्दा नेपाली भाषाको इतिहास खोज्न सान्दर्भिक हुन्छ । लिखित रूपमा संवत् १०३८ शाके ९०२ को दैलेख दुल्लू कीर्तिखम्बस्थित राजा दामुपालको शिलालेख नेपाली भाषाको सर्वप्राचीन लिखित अभिलेख हो । प्रामाणिक रूपमा हुम्लाको रेलिङ गुम्बास्थित अशोक चल्लको १३१२ को शिलालेखलाई प्रथम मानिएको छ । नेपालका

डाँडापाखामा लिखित नेपालीको प्रयोग हुनु अगाडिदेखि नै लोकसाहित्यका रूपमा लोकगीत, लोककथा, लोकगाथा, भारत, माँगल आदिका माध्यमबाट दुःख, सुख, हर्ष, खुसी, प्रेम, प्रणयका भावहरू मानवसभ्यता सँगसँगै वनपाखा, मेलापातमा अभिव्यक्त हुँदै लोकसाहित्यबाट लिखित साहित्यको विकास भएको हो भन्न सकिन्छ ।

सुवानन्द दासको **पृथ्वीनारायण शाह**देखि प्रारम्भ भएको नेपाली कविताको विकास यात्रालाई प्राथमिककाल, माध्यमिककाल र आधुनिककाल गरी तिन चरणमा विभाजन गर्न सकिन्छ । प्राथमिककाल (१८२६-१९७४),माध्यमिक काल (वि. सं. १९४१ - १९७४) र आधुनिक काल (वि. सं. १९७५ - हालसम्म) काल विभाजन गरिएको छ । आधुनिक कालको प्रथम मोड परिष्कारवादी धारा (वि. सं. १९७५ देखि प्रारम्भ), दोस्रो मोड स्वच्छन्दतावादी प्रगतिवादी धारा (वि.सं. १९९१ देखि प्रारम्भ), तेस्रो मोड प्रयोगवादी धारा (वि.सं. २०१७ देखि प्रारम्भ) तथा चौथो मोड समसामयिक धारा (वि.सं. २०३० देखि प्रारम्भ) हुँदै विकसित भएको पाइन्छ ।

वि.सं. १९७४ मा प्रकाशित 'सूक्तिसिन्धु' 'कविता सङ्ग्रह प्रतिबन्ध भएदेखि र देवकोटाको आगमनपूर्वको समय नेपाली कविताको परिष्कारवादी धारा मानिन्छ । वि.सं. १९७५–१९९० भनी परिष्कारवादी धाराको सीमाङ्कन गर्ने गरिएतापनि परिष्कारवादी भावधारा हालसम्म कायमै रहेकाले प्रारम्भमात्र उल्लेख गर्नु उपयुक्त हुन्छ । नेपाली कवितामा शृङ्गारिक प्रवृत्तिको अन्त्य, बौद्धिक, धार्मिक र आध्यात्मिक चेतनाको थालनी, लेख्य व्याकरणको अनुशासन, शिल्पगत, सचेतता, परिष्कृत रूप, आत्मपरक अभिव्यक्ति, वस्तुपरकतामा जोड, भावनालाई बौद्धिकताले नियन्त्रण गर्ने र कवितातत्वका आधारमा कविता लेख्ने प्रवृत्ति परिष्कारवादी कविताहरूमा देखिन्छ । यस धाराका प्रवर्तक लेखनाथ पौड्याल हुन् भने अन्य कविहरु सोमनाथ सिग्द्याल, बालकृष्ण सम, चक्रपाणी चालिसे आदि हुन् । नेपाली कविताको स्वच्छन्दतावादी धारामा कलम चलाउने प्रतिभाहरूमा यस धाराका प्रवर्तक महाकवि लक्ष्मीप्रसाद देवकोटा, सहप्रवर्तक सिद्धिचरण श्रेष्ठ, युद्धप्रसाद मिश्र, गोपालप्रसाद रिमाल, माधवप्रसाद घिमिरे, केदारमान व्यथित, भूपि शेरचनजस्ता विशिष्ट प्रतिभाहरू र स्थानीय स्तरका विभिन्न स्रष्टाहरू रहेको पाइन्छ। यसै धारामा सक्रिय रही कविता, कथा, उपन्यास आदि विधामा सशक्त कलम चलाएका साहित्यकार नन्दराम लम्साल नेपलगन्जमा रही साधनारत विशिष्ट साधक हुन् ।

साहित्यकार नन्दराम लम्साल वि.सं. १९९८ साल मङ्सिर १० गते बागमती अञ्चलको नुवाकोट जिल्लाको दारिमेमा जन्मेर हाल नेपालगन्ज नगरपालिका वडा नं. १७ बुलबुलियामा बस्दै आएका छन् । संस्कृतमा **शास्त्री**सम्मको अध्ययन पुरा गरेका लम्सालका 'मिठोकुरा' कविता सङ्ग्रह (२०३१), 'विसर्ग' कथा सङ्ग्रह (२०३४), 'आरम्भ' उपन्यास (२०३९), '.....देश दुख्ला भनेर' कविता सङ्ग्रह (२०६१) जस्ता कृतिहरू प्रकाशित छन् । नेपाली केन्द्रीय विभाग कीर्तिपुरबाट कवि लम्सालको जीवनी र व्यक्तित्वको अध्ययन तथा नेपाली शिक्षण विभाग महेन्द्र बहुमुखी क्याम्पस नेपालगन्जबाट नन्दराम लम्सालका कथाहरूको अध्ययन विश्लेषण यस पूर्व भइसकेको छ । उनको '....देश दुख्ला भनेर' कविता सङ्ग्रह र 'आरम्भ' उपन्यासको अध्ययन विश्लेषण हालसम्म हुन सकेको छैन ।

शास्त्रीय छन्द, झ्याउरे लय, मुक्तलय आदि विविध छन्दमा लेखिएका २८ वटा कविताहरू सङ्गृहीत '....देश दुख्ला भनेर' कविता सङ्ग्रहमा देशप्रेम, युगीन यथार्थ, मानवीय भावना, प्रकृतिप्रेम, विकृतिविसङ्गति तथा अन्यायअत्याचार, शोषण, उत्पीडनप्रतिको व्यङ्ग्य र विरोध एवम् समाजसुधारको आग्रहका भावहरू समेटिएका छन् । यसरी स्वच्छन्दतावादी प्रगतिवादी भावधारामा संरचित कृति '....देश दुख्ला भनेर' कवितासङग्रहको कृतिपरक अध्ययन र विश्लेषण प्रस्तुत शोधकार्यमा गरिएको छ ।

## १.४. समस्याकथन

प्रत्येक खोजअनुसन्धानका निश्चित समस्याहरू हुन्छन् । ती समस्यामा केन्द्रित भएर नै शोधकार्य गरिन्छ । कवि नन्दराम लम्सालको '...देश दुख्ला भनेर' कविता सङ्ग्रह युगीन यथार्थको अभिव्यक्ति भएको स्वच्छन्दतावादी, प्रगतिवादी धाराको कृति हो । यस कविता सङ्ग्रहमा सङ्गृहीत कविताहरूको विस्तृत अध्ययन अनुसन्धान हालसम्म हुन नसक्नु यस शोधकार्यको मूल समस्या हो । उपर्युक्त मूल समस्याका आधारमा यस शोधकार्यका प्रमुख समस्याहरूलाई बुँदागतरूपमा निम्नानुसार उल्लेख गरिन्छ ।

(क) कवि नन्दराम लम्सालको जीवनी र व्यक्तित्वका प्रमुख पक्षहरू के के हुन् ?

(ख) कवि नन्दराम लम्सालको काव्ययात्रा र कवित्व चेतना केकस्तो छ ?

(ग) कवि नन्दराम लम्सालको '....देश दुख्ला भनेर' कविता सङ्ग्रहको विषयवस्तु केकस्तो छ र कविताहरूको अध्ययन विश्लेषण के कसरी गर्न सकिन्छ ?

## १.५. शोधकार्यको उद्देश्य

उपर्युक्त समस्याकाथनका आधारमा कवि नन्दराम लम्सालको '....देश दुख्ला भनेर' कविता सङ्ग्रहको अध्ययन र विश्लेषण गर्ने मूल उद्देश्य प्रस्तुत शोधकार्यमा रहेको छ । यसका साथै यस शोधपत्रमा साहित्यकार नन्दराम लम्सालको जीवनी, व्यक्तित्व र नेपाली साहित्यमा उनको योगदानको निरूपण पनि गरिएको छ । तसर्थ यो शोधकार्य निम्न लिखित उद्देश्य प्राप्तिमा केन्द्रित रहेको छः

(क) कवि नन्दराम लम्सालको जीवनी र व्यक्तित्वका प्रमुख पक्षहरूको अध्ययन गर्ने ।

(ख) कवि नन्दराम लम्सालको काव्ययात्रा र कवित्व चेतनाको अध्ययन गर्ने ।

(ग) कवि लम्सालको '....देश दुख्ला भनेर' कविता सङ्ग्रहको कवितातत्वका आधारमा अध्ययन विश्लेषण गर्ने ।

## १.६. पूर्वकार्यको समीक्षा

आधुनिक नेपाली कविता, कथा र उपन्यासका क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने साहित्यकार नन्दराम लम्सालको जीवनी, व्यक्तित्व तथा उनका कथाहरूको अध्ययन विश्लेषण मात्र भएको र उनको **...देश दुख्ला भनेर** कविता सङ्ग्रहको विभिन्न पत्रिकाहरूमा टीका-टिप्पणी, र सामान्य समीक्षामात्र भएकाले उक्त कविता सङ्ग्रहको विस्तृत अध्ययन अनुसन्धानका लागि ती सामग्रीहरू पूर्ण र पर्याप्त छैनन् तर पनि ती सामग्रीहरूलाई यस शोधकार्यका लगि पनि उपयोगी र सहयोगी हुने कुरामा विश्वास लिइएको छ । तसर्थ साहित्यकार नन्दराम लम्सालका बारेमा र उनका कृतिका बारेमा भएगरेका पूर्वकार्यको विवरणलाई यसरी प्रस्तुत गरिएको छः

स्व. जनकराज शर्माले **मीठो कुरा** कविता सङ्ग्रह (२०३१) को भूमिका (दुई शब्द) मा साहित्यकार लम्साललाई युगकवि र बहुमुखी प्रतिभा सम्पन्न व्यक्तित्वका रूपमा चित्रण गर्दै उनको भाषा प्राञ्जल रहेको कुरा व्यक्त गरेका छन् ।

यसैगरी डा. ऋषिकेशवराज रेग्मी पनि **मीठो कुरा** कवितासङ्ग्रह (२०३१) को मन्तव्यमा नन्दराम लम्साललाई नेपाली धर्ती सुहाउँदा सिर्जनात्मक कृति र भावपूर्ण कविता रचना गर्ने कविका रूपमा प्रस्तुत गर्दै उनका रचना सिर्जनात्मक मोती हुन सक्ने विचार व्यक्त गर्दछन् ।

पुस्तक चर्चा, **सिर्जना** वर्ष १, अङ्क १, २०३१ पृष्ठ ३१ मा साहित्यकार सनत रेग्मीले साहित्यकार लम्साललाई राष्ट्रप्रेम, प्रकृतिचित्रण, सामाजिक विकृति र विसङ्गति शोषणप्रति व्यङ्ग्य र क्षोभ प्रकट गर्ने कविको रूपमा रहेको उल्लेख गरेका छन् ।

इन्द्रमणि मानव र अरु (सम्पा.) ले **सिर्जना** अङ्क ८,२०३३ पौष, पृष्ठ 'च' मा लम्साल प्रयोग र फोटोग्राफिक शैलीले आञ्चलिक कथाकारका रूपमा प्रष्ट हुँदैछन् भनी उल्लेख गरिएको छ ।

स्व. वि. विकासले **विसर्ग** कथासङ्ग्रहको भूमिका मन्तव्यमा (२०३४) लम्साल बहुमुखी प्रतिभाका कारण नेपाल तथा भारतका पत्र-पत्रिकामा युवालेखकका रूपमा चर्चित भएको कुरा व्यक्त गरेका छन् । स्व. इन्द्रमणि मानवले विसर्ग कथासङ्ग्रहको भूमिकामा (२०३४) नन्दराम लम्सालका कथाहरू आञ्चलिक भएकाले उनका कथाले नेपाली बाङ्मयमा स्थान पाउने छन् भन्ने आफ्नो विचार व्यक्त गरेका छन् ।

यसैगरी किशोर नेपालले 'दिनमान' २५ फरवरी १९७८ मा नेपाली निम्नवर्गीय सामाजिक जीवनको यथार्थ चित्रण गर्न सफल भएको कुरा उल्लेख गरेका छन् ।

'भेरीका कथाहरू हेरेपछि' सिर्जना, वर्ष ५, अङ्क १, २०३६, वैशाख, पृ ११९ मा तुलसी घिमिरेले सिर्जनामा भेरी अञ्चलका कथाहरूको वर्णनका क्रममा कथाकार लम्साल र उनको अनिकाल कथाको समेत चर्चा गरेका छन् ।

अङ्कुर वर्ष १, अङ्क १०, २०३८ मङ्सिर- पौष, पृ. ८० मा पूर्णलाल चुकेले अङ्कुरमा यस अङ्कका प्रतिभाहरू भनी चर्चा गर्दा लम्साललाई ख्यातिप्राप्त साहित्यकारका रूपमा प्रस्तुत गरेका छन् ।

'नेपाली साहित्यको इतिहास' साझा प्रकाशन (पृ. १८८-१९३), २०३९ मा तारानाथ शर्माले लम्सालका प्रकाशित कृतिको नाम उल्लेख गर्दै उनलाई तीव्र प्रतिभासम्पन्न आसलाग्दा आधुनिक कथाकार हुन् भनेका छन् ।

डा. दयाराम श्रेष्ठले **'पच्चीस वर्षका नेपाली कथा',** ने. रा. प्र. प्र. प्रथम संस्करण, २०३९, पृ २४ मा दयाराम श्रेष्ठले नन्दराम लम्सालका कथाहरूमा मानिसमा भएको नैतिकताको ह्रास, विघटित व्यक्तित्व र विकृतिको चित्रण रहेको उल्लेख गरेका छन् ।

**'आरम्भ'** उपन्यासको भूमिकामा स्व. इन्द्रमणि मानवले लम्साल बहुमुखी प्रतिभा सम्पन्न साहित्यकार भएको विचार व्यक्त गरेका छन् ।

**'नेपाली साहित्यको सङ्क्षिप्त इतिहास'** काठमाडौँ साझा प्रकाशन, २०४० पृ. १०० मा दयाराम श्रेष्ठ र मोहनराज शार्माले लम्सालालाई आधुनिक कथाको नवयुगका २030 को दशकपछिका प्रतिभाशाली कथाकारका रूपमा प्रस्तुत गरेका छन् ।

मधुसूदन गिरीले **मध्यपश्चिमका कविता,** मध्यपश्चिमाञ्चल साहित्य परिषद्, काठमाडौँ २०५३, पृ. ५८ मा बाँके जिल्लाका साहित्यकारहरूको चर्चा गर्दै लम्साल र उनका कृतिहरूको नाम उल्लेख गरेको पाइन्छ ।

'साहित्यकार नन्दराम लम्साललाई **दौँतरी,** वर्ष २, अङ्क १, २०५४ कार्तिक-मङ्सिर, पृ. १२ मा नारायणप्रसाद शर्मा, गैरेले बहुआयामिक व्यक्तित्वका रूपमा उल्लेख गरेका छन् ।

घटराज भट्टराईले **नेपाली लेखककोश,** लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान, काठमाडौँ, २०५६, पृ ३३४ मा लम्सालका कृति र नाम उल्लेख गर्दै नेपालगन्जका चर्चित साहित्यकार व्यक्तित्व भएको उल्लेख गरेका छन् । नारायणप्रसाद शर्मा, गैरे, **साहित्यकार नन्दराम लम्साल, व्यक्तित्व र कृतित्व** नेपालगन्ज एक्सप्रेस, वर्ष २, अङ्क ११९, २०५७ माघ २८, पृ. २ मा साहित्यकार नन्दराम लम्साललाई राष्ट्रका विभूतिका रूपमा प्रस्तुत गरेका छन् ।

जीवलाल ढकालले **नेपाली साहित्यमा बाँके जिल्लाको योगदान** शीर्षकको स्नातकोत्तर शोधपत्र त्रि. वि. (२०५७) मा श्री नन्दराम लम्साललाई सामाजिक यथार्थवादी, प्रगातिवादी साहित्यकारका रूपमा उल्लेख गरेका छन् । नाराणाप्रसाद शर्मा गैरले **आदर्श जीवनका द्योतक कवि तथा कथाकार श्री नन्दराम लम्साल** शीर्षकमा औद्योगिक व्यापार मेला, स्मारिका २०६०, पृ. ६० मा लम्सालको जीवनी, व्यक्तित्व, प्रकाशित एवं अप्रकाशित कृतिहरू र लम्सालले प्राप्त गरेका सम्मान एवम् पुरस्कारको उल्लेख गर्दै उनलाई सर्जक र उत्प्रेरक व्यक्तित्वका रूपमा प्रस्तुत गरेका छन् ।

नन्दराम गुरुङले **साहित्यकार नन्दराम लम्सालको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको स्नातकोत्तर शोधपत्र त्रि. वि. (२०६१) मा कवि लम्साललाई स्वच्छन्दतावादी प्रगतिवादी भावभूमिमा सिर्जना गर्ने सिद्धहस्त साहित्यकार हुन् भनेका छन्।

यसैगरी ईश्वरीप्रसाद रिजालले आफ्नो **बाँके जिल्लाका प्रतिनिधि कवि र तिनका प्रमुख कविता कृतिको अध्ययन** शीर्षकको स्नातकोत्तर शोधपत्र (२०६२) मा लम्साललाई स्वच्छन्दतावादी प्रगातिवादी कविका रूपमा प्रस्तुत गरेका छन् ।

यसैगरी भोजेन्द्र ओलीले **कथाकार नन्दराम लम्साल र उनका कथाहरूको विश्लेषण** नामक स्नातकोत्तर शोधपत्रमा कवि लम्साललाई प्रगातिशील कवि र सामाजिक यथार्थवादी कथाकारका रूपमा प्रस्तुत गरेका छन् ।

**'बहुआयामिक व्यक्तित्व नन्दराम लम्साल'** शीर्षकमा पूर्णिमा वर्ष ६, अङ्क २, २०६१ मा महानन्द ढकालले नन्दराम लम्सालको बहुमुखी व्यक्तित्वका रूपमा प्रस्तुत गर्दै लम्सालका प्रकाशित एवं प्रकाशोन्मुख कृतिका नाम र प्राप्त गरेका सम्मान तथा पुरस्कारहरूको समेत उल्लेख गरेका छन् ।

उपर्युक्त पूर्वकार्यहरूले कवि नन्दराम लम्सालको समग्र कृतित्वलाई समेट्न नसकेको र उनेको '...देश दुख्ला भनेर' कविता सङ्ग्रहको समग्रह अध्ययन विश्लेषण नभएकाले '....देश दुख्ला भनेर' कविता सङ्ग्रहको अध्ययन विश्लेषण गर्नु आवश्यक देखिन्छ ।

## १.७. शोधकार्यको औचित्य

आधुनिक नेपाली साहित्यको श्रीवृद्धि र विकासमा करिब पाँच दशक लामो साहित्यिक यात्रा गरिसकेका नन्दराम लम्सालका बारेमा पूर्व अध्येताहरूले गरेको अध्ययन अनुसन्धान पर्याप्त र विस्तृत नभएको अवस्थामा उनको जीवनी, व्यक्तित्व र उनका कथाहरूको अध्ययन विश्लेषण गरिए पनि '.....देश दुख्ला भनेर' कवितासङ्ग्रहको अध्ययनविश्लेषण हुन सकेको छैन । प्रस्तुत शोधपत्रमा '.....देश दुख्ला भनेर' कविता सङ्ग्रहको अध्ययन र विश्लेषणसमिचिन रूपमा गरिने हुनाले प्रस्तुत शोधकार्य आफैमा औचित्यपूर्ण छ । साथै लम्सालका बारेमा जिज्ञासु व्यक्तिहरूका लागि पनि यो शोधपत्र सहयोगी हुनेछ । साहित्यकार नन्दराम लम्सालका बारेमा अध्ययन अनुसन्धान गर्न चाहनेहरूका लागि पनि यस शोधकार्यले महत्वपूर्ण जानकारी एवम् तथ्यहरू उपलब्ध गराउने भएकाले पनि यस शोधपत्रको औचित्य स्वतः स्पष्ट हुन्छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

कविता, कथा, उपन्यासजस्ता आधुनिक नेपाली साहित्यका विविध फाँटमा सशक्त कलम चलाउने बहुमुखी प्रतिभाका धनी सुपरिचित व्यक्तित्व नन्दराम लम्सालका कथाको अध्ययन भए पनि उनको '.....देश दुख्ला भनेर' कविता सङ्ग्रह लगायत कृतिको अध्ययन

विश्लेषण भएको छैन । यस शोधपत्रमा उनका सम्पूर्ण कृतिहरूको अध्ययन विश्लेषण नगरी '.....देश दुख्ला भनेर' कविता सङ्ग्रहको मात्र अध्ययन विश्लेषण गरिएको छ । यही नै प्रस्तुत शोधपत्रको सीमा हो ।

## १.९. शोधविधि

प्रस्तुत शोधपत्रको शीर्षक **कवि नन्दराम लम्सालको '...देश दुख्ला भनेर कविता सङ्ग्रहको अध्ययन र विश्लेषण'** रहेकाले **'....देश दुख्ला भनेर'** कविता सङ्ग्रहका कविताहरूको विश्लेषण र विवेचनाका लागि आवश्यक सामग्रीहरूको सङ्कलनको आधार पुस्तकालयलाई बनाइएको छ । यसका लागि पुस्तकालयीय विधि अपनाइएको छ । कवि लम्सालका आफन्तहरू र विभिन्न विद्वानहरूसँग भेट गरी लम्सालका बारेमा जानकारी लिइएको छ भने कविताहरूको विश्लेषण गर्दा कृतिपरक समालोचना प्रणालीको अनुशरण गरिएको छ । जीवनी र व्यक्तित्वका लागि जीवनीपरक समालोचना पद्धति अँगालिएको छ साथै कविताहरूको अध्ययन-विश्लेषणमा समीक्षात्मक र विश्लेषणात्मक विधि प्रयोग गरिएको छ ।

## १.१०. शोधपत्रको रूपरेखा

कुनै कार्यलाई सुसङ्गठित क्रमवद्ध र व्यवस्थित रूपमा प्रस्तुत गर्न प्रबन्धविधान महत्वपूर्ण हुन्छ । प्रस्तुत शोधपत्रको बाह्यान्तिरक संरचनालाई सुगठित र व्यवस्थित बनाउन यस शोधपत्रलाई निम्नलिखित पाँच परिच्छेदमा विभाजन गरिएको छ । ती परिच्छेदभित्र पनि आवश्यकतानुरूप विभिन्न शीर्षक तथा उपशीर्षकहरूमा विभाजन गरी यस शोधपत्रको प्रबन्धकीय स्वरूपलाई शृङ्खलाबद्ध सुगठित एवं व्यवस्थित गरिएको छ :

परिच्छेद एक : शोधपरिचय

परिच्छेद दुई : नन्दराम लम्सालको जीवनी, व्यक्तित्व र कृतित्व

परिच्छेद तिन : कविताको सैद्धान्तिक परिचय

परिच्छेद चार : ':...देश दुख्ला भनेर' कवितासङ्ग्रहको अध्ययन, विश्लेषण

परिच्छेद पाँच : उपसंहार

सन्दर्भग्रन्थसूची

उपर्युक्त प्रबन्धविधान बमोजिम पहिलो परिच्छेदमा शोधशीर्षकको चिनारी, समस्या, उद्देश्य, पूर्वकार्यको विवरण, अध्ययनको औचित्य, सैद्धान्तिक ढाँचा आदि शोधप्रबन्धको परिचय रहेको छ । दोस्रो परिच्छेदमा विभिन्न शीर्षकहरूमा नन्दराम लम्सालको जीवनवृत्त तथा व्यक्तित्वसम्बन्धी अध्ययन, साहित्यिक यात्रा र चरण विभाजन, व्यक्तिगत तथा साहित्यिक जीवनबिचको अन्तर्सम्बन्ध, उनको जीवनदर्शन र आदर्श र तेस्रो परिच्छेदमा कविताको सिद्धान्त प्रस्तुत गरिएको छ । चौथो परिच्छेदमा उनको '....देश दुख्ला भनेरÚ कवितासङ्ग्रहको अध्ययन र विश्लेषण गरिएको छ । पाँचौँ परिच्छेदमा उपसंहारका रूपमा कवि नन्दराम लम्सालको नेपाली साहित्यमा योगदानसहित निष्कर्ष प्रस्तुत गरिएको छ । अन्त्यमा सन्दर्भग्रन्थसूची र परिशिष्ट प्रस्तुत गरिएको छ ।

# परिच्छेद : दुई
# नन्दराम लम्सालको जीवनी, व्यक्तित्व, काव्ययात्रा र कवित्वचेतना


## २.१ नन्दराम लम्सालको जीवनी

कवि, कथाकार उपन्यासकार एवम् निबन्धकार नन्दराम लम्साल मध्यपश्चिमाञ्चल विकास क्षेत्रको भेरी अञ्चल बाँके जिल्ला अन्तर्गत नेपालगन्ज नगरपालिका वडा नं. १७ बुलबुलियामा स्थायी रूपमा बसोबास गर्दै आएका छन् । कवि लम्सालको जीवनवृत्तलाई निम्नानुसार उपशीर्षकहरूमा वर्गीकरण गरी प्रस्तुत गरिन्छ :

### २.१.१ वंशपरम्परा

साहित्यकार नन्दराम लम्सालको वंशपरम्परा खोज्दै जाँदा नुवाकोट धादिङ हुँदै दैलेखसम्म पुग्न सकिन्छ । दैलेखको लम्सु लम्सालहरूको मूल थलोका रूपमा रहेको देखिन्छ । लम्सुबाट लम्सालहरू बसाइँ सरी जाने क्रममा एउटा हाँगो धादिङको निगालापानीमा गई बसेका र यिनै वत्स गोत्रीय शशिधर लम्साल शाहवंशको राजगुरुका रूपमा रहेको पाइन्छ । दरबारबाट बिर्तापाई उनका सन्तान दिनानाथ नुवाकोटको दारिमेमा गई बसेका यिनै शशिधरका सन्तान दिनानाथका प्रकाण्ड विद्वान छोरा बद्रीनाथ र बद्रीनाथका छोरा केदारनाथका ज्येष्ठ सुपुत्र हरिप्रसाद लम्साल हुन् । हरिप्रसाद लम्सालका दोस्रो सन्तान र ज्येष्ठ सुपुत्रका रूपमा नन्दराम लम्सालको जन्म भएको हो ।[1]

कवि नन्दराम लम्सालको वंश परम्परालाई निम्नानुसार देखाउन सकिन्छ :




१. नन्दराम गुरुङ्ग, साहित्यकार नन्दराम लम्सालको जीवनी , व्यक्तित्व र कृतित्वको अध्ययन, (त्रि.वि., अ.प्र. शोधपत्र २०६१), पृ. ११ ।

लम्सालका वंशजहरू संस्कृतका विद्वान वेद, उपनिषद् एवं कर्मकाण्डका अध्येता थिए । यसरी शास्त्रको अध्ययन गर्ने विद्वान वंशपरम्परामा नन्दराम लम्सालका पिता विशिष्ट विद्वान रहेको पाइन्छ ।

### २.१.२ जन्म तथा जन्मस्थल :

संस्कृतका विशिष्ट विद्वान हरिप्रसाद लम्सालको दोस्रो सन्तान र ज्येष्ठ पुत्रका रूपमा माता दुर्गादेवी लम्सालको कोखबाट वि.सं. १९९८ मङ्सिर १० गतेका दिन बागमती अञ्चल नुवाकोट जिल्लाको दारिमे गाँउमा नन्दराम लम्सालको जन्म भएको हो ।[२] यिनको न्वारानको नाउँ नन्दराम लम्साल नै हो । साहित्यिक नाम नस्वरवत्स भएपनि देशभर नन्दराम लम्साल कै नामले परिचित छन् । श्री लम्सालको जन्ममिति शैक्षिक प्रमाणपत्र एवम् नागरिकतामा वि.सं. २००५ साल उल्लेख भएको पाइन्छ तापनि वास्तविक जन्ममिति १९९८/०८/१० नै हो ।[३]

### २.१.३ बाल्यकाल, स्वभाव र रुचि :

ऐतिहासिक नुवाकोट जिल्लाको मनोरम प्राकृतिक काख र सुशिक्षित ब्राह्मण परिवारका नन्दराम लम्सालले जन्मेको दुई महिनामै दुखद अवस्था भोग्नु पऱ्यो । नवशिशु लम्साललाई जन्मेको दुई महिनामा नै गाईको बाच्छाले कुल्ची दाहिने हातको नाडीको हाड भाँचिन पुगेको र समयमा उपचार हुन नसकी पाँच वर्षमा भाँचिएको हाड काटेर फालेपछि केही सुधार भएको देखिन्छ । यसरी अबोध अवस्थामा दुःख झेल्नु परेका लम्साल एघार वर्ष नपुग्दै पिता हरिप्रसाद लम्साल यायावरका रूपमा घर छाडी हिँडेको, पिताको अनुपस्थितिमा आमाले दुःख तथा कष्टपूर्वक नन्दराम लम्साल लगायत सबै छोराछोरीको लालनपालन गरेको पाइन्छ । यसरी सुखद रूपमा बिताउनुपर्ने बाल्यकाल दुखद् बन्न पुगेपनि आमाको असीम स्नेह पाएका नन्दरामको बाल्यकाल आमाको दुखमा साथ दिंदै सङ्घर्षपूर्वक बितेको देखिन्छ ।

आफ्नी आमा, बहिनी र साथीसँग अत्यन्त मिलनसार नन्दराम लम्साल हातले कमजोर भएकाले बालसुलभ रूपमा रमाउने तर कमै खेल्ने गर्दथे । मिलनसार, मृदुभाषी, वाक्पटु र उचित व्यवहार गर्ने नन्दराम लम्साल अन्तरमुखी प्रवृत्तिको रहेको पाइन्छ ।

शिक्षित पण्डित परिवारमा जन्मिएका नन्दराम लम्साल बाल्यकालदेखि नै कविता वा धार्मिक ग्रन्थका श्लोकहरू लय हालेर  वाचन गर्ने गर्थे । सानै उमेरदेखि कवितामा रुचि राख्ने

---

२. शोधनायककी धर्मपत्नीबाट प्राप्त जानकारी ।
३. ऐजन् ।

लम्साल अहिले पनि कविता लेख्न र सुन्न रुचि राख्दछन् । स्वदेशी कवि, साहित्यकारमा लक्ष्मीप्रसाद देवकोटा, गुरूप्रसाद मैनाली, भूपिशेरचन, गोपालप्रसाद रिमाल, पारिजात र विदेशी साहित्यकारहरूमा इब्सेन, शेक्सपियर, रविन्द्रनाथ ठाकुर आदिका कृतिहरू पढ्न बढी मन पराउँछन् ।[४]

प्राय : एकैप्रकारको पोसाक लगाउने नन्दराम लम्साल घरबाट बाहिर जाँदा पाइन्ट, सर्ट, सेतो कुर्तासुरुवाल लगाउँछन् भने घरमा बस्दा कुर्तासुरुवाल लगाउन मन पराउँछन् । उनलाई मनपर्ने रङ सेतो हो भने मनपर्ने खाना सामान्य नेपाली खाना दाल, भात, तरकारी र रोटी हो ।[५]

उनका समकक्षी साहित्यकार प्रेमप्रकाश मल्लका अनुसार नन्दराम लम्साल अध्ययनअध्यापन, साहित्य साधनामा नै दत्तचित्त भएर लाग्ने व्यक्तित्व हुन् । खेल तथा मनोरञ्जनमा खासै रुचि नभएका लम्साल सफा भएर हिँड्ने मृदुभाषी, सरल व्यक्तित्व र अन्तर्मुखी स्वभावका छन् ।[६]

आफूभित्र राल्फा एवं बुटपालिसजस्ता साहित्यिक आन्दोलनका झिल्का समाहित गरेका निष्कलङ्क व्यक्तित्व, जीवनका उकालीओराली हीनताबोध र कुण्ठाबाट एकान्तप्रिय भएपनि झ्वाट्ट हेर्दा त्यस्तो नलाग्ने व्यक्तित्व हुन् । मानवतावादी दृष्टिकोण भएका लम्साल धार्मिक कठोरता नभएका प्रगतिशील एवं प्रगतिवादी  निष्ठा बोकेका साहित्यकार हुन् ।[७]

## २.१.४ चूडाकर्म, शिक्षादीक्षा र प्राज्ञिक सङ्गत

नन्दराम लम्सालको चूडाकर्म (उपनयन संस्कार) वैदिक विधि अनुसार ८ वर्षको उमेरमा मावलीघरमा ६ वटा बटुकसँगै भएको र पिताले नै गायत्री मन्त्र दिई दीक्षित गरेको पाइन्छ ।

शिक्षित ब्राह्मण परिवार भएकाले शैक्षिक वातावरणका कारण सानैदेखि नन्दराम लम्सालले धार्मिक, आध्यात्मिक, कर्मकाण्ड आदि पुस्तकहरू घरमै स्वतस्फूर्त रूपमा पढेको देखिन्छ । लम्सालका पिताले नै कौमुदी, अमरकोश आदि घरमैं पढाएको देखिन्छ । ८ वर्षसम्म रुद्री, चण्डी, वेद अध्ययन गरी कर्मकाण्ड आदि गर्न सक्ने भइसकेको अवस्थामा ११ वर्षको उमेरमा घरछाडी पिता हरिप्रसाद हिँडेपछि  नन्दराम लम्साललाई अर्को विपत्ति थपियो । स्कुले

---

४. नन्दराम गुरुङ्ग, साहित्यकार नन्दराम लम्सालको जीवनी , व्यक्तित्व र कृतित्वको अध्ययन, (त्रि.वि., अ.प्र. शोधपत्र, २०६१), पृ. २० ।

५. शोधनायककी धर्मपत्नीबाट जानकारी ।

६. प्रेमप्रकाश मल्लबाट प्राप्त जानकारी ।

७. नरेन्द्रजङ पिटरबाट प्राप्त जानकारी ।

शिक्षा पढ्ने धोको भए पनि घरायसी कारणले सम्भव नभएपछि मितमामाको घरमा बसी कर्मकाण्ड ज्योतिष सिकिरहेका नन्दराम शिक्षा आर्जन गर्ने तीव्र इच्छाले भागेर बनारस पुगी संस्कृत मध्यमा र हाइस्कुल उत्तीर्ण गरे । [८] मारवाडी संस्कृत महाविद्यालयबाट सन् १९६१ मा प्रथमा, १९६३ मा उत्तर मध्यमा उत्तीर्ण गरे । बनारस हिन्दू विश्वविद्यालयबाट शास्त्री उत्तीर्ण गरी नेपाल फर्किएका लम्सालले त्रिभुवन विश्वविद्यालयबाट प्राइभेट विद्यार्थीका रूपमा बि.ए. को परीक्षा दिएपनि पारिवारिक कारणले गर्दा उत्तीर्ण नहुँदै अध्ययन टुटेको देखिन्छ ।[९]

श्री लम्साल तत्कालीन स्थानीय साहित्यकारहरू इन्द्रमणि मानव, तीर्थमान श्रेष्ठ, वि.विकास, प्रेमप्रकाश मल्ल, नरेन्द्रजङ् पिटर, सनत रेग्मी, सच्चिदानन्द चौवे आदि र राष्ट्रिय स्तरका विभिन्न साहित्यकार र शैक्षिक क्षेत्रका व्यक्तित्वहरूसँग उठबस भएको पाइन्छ ।

## २.१.६ पारिवारिक जीवन :

नन्दराम लम्साल ११ वर्षको हुँदा उनका पिता हरिप्रसाद लम्साल यायावर बनी घर छोडेर गएपछि उनको कलिलो उमेरमा नै ठुलो कष्ट परेको देखिन्छ । पिताले छोडेपछि पनि उनले दुःख कष्ट गर्दै आफ्नो शिक्षादीक्षालाई अगाडि बढाएको पाइन्छ । नन्दराम लम्सालका ६ भाइबहिनीहरू छन् । उनका एक दिदी, एक भाइ र तिन बहिनीहरू हुन् जसमध्ये भाइ छविलाल लम्सालको मृत्यु भइसकेको छ भने अरु सम्पूर्ण दिदीबहिनीहरू राम्रोसँग नै जीवनयापन गरिरहेका छन् ।[१०]

नन्दराम लम्सालको विवाह वि.सं. २०२९ सालमा आयुर्वेदिक औषधालय सुर्खेतमा कार्यरत कविराज लक्ष्मीनाथ आत्रेयकी ज्येष्ठ सुपुत्री मङ्गलादेवी आत्रेयसँग हिन्दू संस्कार र धार्मिक विधिविधानअनुसार सम्पन्न भयो ।[११] विवाहको समयमा लम्साल ३१ वर्षका थिए भने उनकी धर्मपत्नीको उमेर १६ वर्ष थियो ।[१२] शिक्षित कुलघरानकी छोरी मङ्गलादेवी आमाको राजनीतिक कारणले घर हेर्नुपर्दा धेरै पढ्न नपाएपनि कक्षा ८ सम्म अध्ययन गरेको देखिन्छ ।[१३]

नन्दराम लम्सालका दुई छोरा र एक छोरी रहेका छन् । वि.सं. २०३० कार्तिक १९ गते ज्येष्ठ सन्तानका रूपमा मनमोहन लम्सालको र दोस्रो सन्तानका रूपमा मुना लम्सालको

---

८. शोधनायककी धर्मपत्नीबाट जानकारी ।

९. भोजेन्द्र वली, कथाकार नन्दराम लम्साल र उनका कथाहरूको विश्लेषण, (त्रि.वि., अ.प्र. शोधपत्र २०६३), पृष्ठ ८ ।

१०. शोधनायककी धर्मपत्नीबाट जानकारी ।

११. ऐजन् ।

१२. ऐजन् ।

१३. ऐजन् ।

वि.सं. २०३३ कार्तिक १८ गते जन्म भएको हो । लम्सालको तेस्रो सन्तानको रूपमा छोरो मधुर लम्सालको जन्म वि.सं. २०३७ वैशाख ११ गते भएको हो । जेठो छोरो मनमोहन लम्साल बि.कम. उत्तीर्ण गरी निजी विद्यालयमा शिक्षक तथा लेखापरीक्षण पेसामा संलग्न मनमोहन लम्सालको एक छोरा रहेका छन् भने कान्छा छोरा मधुर भने अमेरिकामा अध्ययनरत छन् । छोरी मुना लम्सालले बि.बि.एस. उत्तीर्ण गरे पश्चात् बर्दिया मैनापोखरमा विवाह भई एक छोरा एक छोरी सहितको पारिवारिक जीवन बिताइरहेका छन् ।[१४] कुशल गृहणी मङ्गलादेवी लम्सालको बुद्धिमतापूर्ण व्यवहारले नन्दराम लम्सालको पारिवारिक जीवन सुखपूर्ण रहेको पाइन्छ ।

### २.१.७ आर्थिक अवस्था

नन्दरामका पिता हरिप्रसाद लम्साल नुवाकोटको दारिमे गाउँमा बाजेहरूले पाएको बिर्ता जमिनमा खेतीपाती र यजमानी गर्ने नाम चलेका पण्डित भएकाले उनी जन्मेको समयमा उनको घरको आर्थिक अवस्था राम्रो थियो । पिता यायावर बनेर हिँडेपछि उनको घरको आर्थिक अवस्था तहसनहस भएको देखिन्छ । पढ्ने इच्छा र चाहनाले घरबाट भागेर बनारस पुगेका लम्सालले त्यहाँ पनि निकै आर्थिक सङ्कट भोगेको पाइन्छ । आर्थिक अभावकै कारण बनारसमा पढ्दा पसलमा काम गर्ने र अरुको भात पकाउने कामसमेत गर्नु परेको थियो ।[१५] बनारसमा शास्त्रीसम्मको अध्ययनपछि लम्साल नुवाकोटकै नर्जा कविलासमा अस्थायी शिक्षक पेसामा कार्यरत भई केही आयआर्जन गरेपछि सानो घरबासको व्यवस्था भएपछि आमा र भाइबहिनीलाई त्यहीँ छोडी सुब्बा बन्ने रहरले साथीसँग सुर्खेत पुग्छन् ।[१६] सुर्खेतमा आएपछि उनी सुब्बा त बन्न सकेनन् तर वीरेन्द्र पब्लिक हाइस्कुलमा शिक्षक भई केही आर्थिक अवस्थामा सुधार गरेको पाइन्छ । वि.सं. २०२९ सालमा विवाह गरी सुर्खेतको लाटीकोइलीमा सानो घरबास जोडी बसेको पाइन्छ । सुर्खेतमा साहित्यिक गतिविधि गर्दा पञ्चायतकालीन प्रशासनको आँखाको तारो भएपछि वि.सं. २०३० सालमा शिक्षक पदबाट राजिनामा दिई ६ महिनाको छोरा र श्रीमतीका साथ बाँकेको नेपालगन्जमा बसाइसराइ गर्न पुग्छन् ।[१७] नेपालगन्ज आएपछि उनको परिवार घरबारीटोलमा पाँच वर्षसम्म डेरा गरेर बसेको पाइन्छ ।[१८]

---

१४. पूर्ववत् ।
१५. भोजेन्द्र वली, पूर्ववत्, पृष्ठ ११ ।
१६. ऐजन्, पृष्ठ १२
१७. ऐजन् ।
१८. ऐजन् ।

बसाई सरी नेपालगन्ज आएपछि वि.सं. २०३० साल माघ २२ गते नारायण मा.वि. नेपालगन्जमा नेपाली शिक्षकमा नियुक्ति पाए र शिक्षक पेसाबाट प्राप्त आम्दानीबाट नेपालगन्ज नगरपालिका वडा नं. १७ बुलबुलियामा १ कट्ठा घडेरीमा ४ कोठाको पक्कीघर बनाई बसेका छन् ।[१९] नन्दराम लम्सालको शिक्षण पेसा नै प्रमुख आयस्रोत हो । नारायण मा.वि. नेपालगन्जमा स्थायी शिक्षकका रूपमा २०६१ साल मङ्सिरसम्म कार्यरत रहेको र यस बिच अन्य निजी विद्यालयमा साँझबिहान पढाउने गरेको र नेपाली विषयको ट्युसन समेत पढाई प्राप्त गरेको आम्दानी नै लम्सालको मूल आयस्रोत हो । हाल नेपाल सरकारबाट प्राप्त गर्ने पेन्सन जेठा छोरा मनमोहन लम्सालको शिक्षण पेसा र लेखापरीक्षणबाट प्राप्त आम्दानी परिवारको मूलस्रोत हो ।

### २.१.८ साहित्यिक प्रेरणा र प्रभाव

पिता हरिप्रसाद लम्सालको विद्वता र हजुरआमाबाट मूल प्रेरणा प्राप्त गरेका नन्दरामले गुरूप्रसाद मैनालीको नुवाकोट रिट्ठेचौर कविलास स्थित घरमा पितासँगै आवतजावत गर्दा मैनालीबाट पनि साहित्यिक प्रेरणा प्राप्त गरेका थिए । यसका साथै भैरब अर्याल, लक्ष्मीप्रसाद देवकोटा, भूपि शेरचन, गोपालप्रसाद रिमाल, पारिजात आदिबाट प्रेरणा प्राप्त गरेको देखिन्छ ।[२०]

### २.१.९ सम्मान, पुरस्कार तथा आबद्धता

नन्दराम लम्साल नेपाली भाषासाहित्यको उत्थान र विकास गर्ने क्रममा विभिन्न सङ्घसंस्थामा आबद्ध रहेको पाइन्छ । सर्वप्रथम वि.सं. २०२८ सालमा सुर्खेतको मुखपत्र 'सुर्खेती' साहित्यिक पत्रिकाको सम्पादन गरी प्रकाशन गर्ने कार्य गरे । वि.सं. २०३२ देखि वि.सं. २०४४ सम्म भेरी साहित्य विकास समितिको उपाध्यक्ष भएर यसै संस्थाले प्रकाशन गर्ने 'सिर्जना' पत्रिकाको प्रकाशन गरे । वि.सं. २०४१ सालमा महेन्द्र पुस्तकालय नेपालगन्जको सदस्य भएर 'महेन्द्र शौरभ' मुखपत्रको सम्पादक सदस्य रहेका थिए । ललितकला संस्थान नेपालगन्जको सदस्य पनि भएका थिए । नेपालगन्जबाट प्रकाशित हुने साप्ताहिक 'किरण', 'सरोवर', 'जनमत' अर्धसाप्ताहिक आदि पत्रिकाहरूमा तीनदेखि पाँचवर्षसम्म स्तम्भ लेखको रूपमा लेख लेखेर नेपालगन्जको साहित्यलाई अगाडि बढाउने काम गरे । लम्साल भेरी साहित्य समाजको सल्लाहकार सदस्य, लोकतान्त्रिक साहित्यिक मञ्चको सदस्य र प्र.लेस. बाँकेको सक्रिय सदस्य तथा सल्लाहकार पनि रहेका थिए ।[२१]

---

१९. शोधनायककी धर्मपत्नी श्री मङ्गलादेवी लम्सालबाट प्राप्त जानकारी ।
२०. नन्दराम गुरुङ, पूर्ववत्, पृष्ठ १९ ।
२१. भोजेन्द्र वली, पूर्ववत्, पृष्ठ ११ ।

नन्दराम लम्सालले नेपाली साहित्यका विविध क्षेत्रमा गरेको योगदानको कदरस्वरूप विभिन्न साहित्यिक संस्था एवम् अन्य सङ्घसंस्थाबाट सम्मानित एवम् पुरस्कृत भएका छन् । उनले प्राप्त गरेका सम्मान तथा पुरस्कार यसप्रकार छन् :

(क) मध्यपश्चिम र सुदूरपश्चिम क्षेत्रका २४ जिल्लाको शिक्षक रचना निबन्ध प्रतियोगितामा प्रथम भई क्षे.शि.नि.बाट रु. २५००।- नगद र राज्याभिषेक पदक- २०३१ ।[२२]

(ख) वि.सं. २०५३ भाद्र २२ गते महेन्द्र पुस्तकालय नेपालगन्जबाट शाश्वत सम्मान पुरस्कार प्राप्त ।

(ग) अस्वीकृत विचार साहित्य गुठी काठमाडौँद्वारा वि.सं. २०५६ को अस्वीकृत विचार साहित्य पुरस्कारबाट पुरस्कृत एवम् ताम्रपत्र सहित सम्मान प्राप्त ।[२३]

(घ) वि.सं. २०५६ सालमा तीर्थमान साहित्यिक स्मृति पुरस्कारबाट सम्मानित ।

(ङ) वि.सं. २०५८ मा जि.वि.स. बाँकेद्वारा नागरिक अभिनन्दन एवम् सम्मान ।

(च) औद्योगिक क्षेत्र नेपालगन्जद्वारा वि.सं. २०६० मा नागरिक अभिनन्दन एवम् सम्मान ।

(छ) मध्यपश्चिमाञ्चल कला परिषद, काठमाडौँद्वारा वि.सं. २०६० मा सम्मान तथा कदरपत्र प्रदान ।

(ज) मध्यपश्चिमाञ्चल साहित्य परिषदद्वारा वि.सं. २०६० सालको इन्द्रमणि मानव सम्मानद्वारा सम्मानित ।[२४]

## २.२ नन्दराम लम्सालको व्यक्तित्व परिचय

हरेक व्यक्तिको व्यक्तित्व भित्र आन्तरिक र बाह्य दुबै पक्षहरू रहेका हुन्छन् । आन्तरिक व्यक्तित्व बाह्य व्यक्तित्वको परिपूरकका रूपमा रहेको हुन्छ । व्यक्तिको आन्तरिक स्वभाव, गुण र भावनाद्वारा नै बाह्य व्यक्तित्व निर्माणको आधार बन्दछ ।

### २.२.१ आन्तरिक व्यक्तित्व

सानैदेखि सोझो, सरल, मिलनसार, मृदुभाषी, मीतभाषी र अन्तरभूत भावनासित रमाउने शान्त र एकान्तप्रिय स्वभाव भएका नन्दराम लम्साल अन्तर्मुखी प्रवृत्तिका छन् ।

२२. शोधनायककी धर्मपत्नी श्री मङ्गलादेवी लम्सालबाट प्राप्त जानकारी ।

२३. पूर्ववत्, पृष्ठ ११ ।

२४. ऐजन् ।

दीनदुखीहरूप्रति सहयोग, सद्भावना र सहानुभूति राख्ने उदार हृदय भएका नन्दराम लम्साल आफ्नो सिद्धान्त र विचारसित हम्मेसी सम्झौता नगर्ने दह्रो आत्मविश्वासका धनी हुन् ।[२५]

### २.२.२ बाह्य व्यक्तित्व

पातलो शरीर मझौला कद ठूलाठूला आँखा, ठूलो निधार, सुलुक्क परेको नाक घुँघुँरिएका कपाल भएका लम्साल सधैँ शान्त, प्रशन्न, उज्यालो र हँसिलो देखिन्छन् । दाह्रीजुँगा काटेर,कपाल कोरेर सधैँ चिटिक्क परेर हिँड्ने नन्दराम लम्साल बाहिर जाँदा सर्ट, पाइन्ट, सेतो कुर्ता सुरुवाल र जाडो महिनामा स्वेटर, कोट र गलबन्दी, चस्मा, जुत्ता लगाउँछन् भने घरमा बस्दा पनि सर्ट, पाइन्ट, सेतो कुर्ता, सुरुवाल र जाडो मौसममा स्वेटर लगाउँछन् ।[२६]

### २.२.३ साहित्यकार व्यक्तित्व

बहुमुखी प्रतिभाका धनी लम्साल स्थापित छन्द कवि, कथाकार, उपन्यासकार, निबन्धकार, हास्यव्यङ्ग्यकार, सम्पादक, स्तम्भकार हुन् । साहित्यका विभिन्न विधामा कलम चलाएका लम्सालको रुचिको विधा भने कविता हो । सर्वप्रथम उनले कविता विधामा नै कलम चलाएका थिए । यसपछि उनले कथा, उपन्यास, निबन्ध विधालाई परिमाणात्मक र गुणात्मक रूपले अघि बढाएका छन् । उनको साहित्यिक व्यक्तित्वलाई विधागत रूपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

#### २.२.३.१ कवि व्यक्तित्व

नन्दराम लम्साल साहित्यका क्षेत्रमा कविका रूपमा देखा परेका हुन् । उनी प्रायः छन्दमा कविता लेख्ने भएकाले उनी छन्द कविका रूपमा स्थापित छन् । उनको प्रथम प्रकाशित कविता 'जीवनमार्ग' हो जुन कविता नुवाकोट र धादिङका विद्यार्थी समूहले मिलेर प्रकाशित गरेको 'नयाँपाइलो' नामक पत्रिकामा प्रकाशित भएको जानकारी पाइन्छ ।[२७] कविता विधामा फुटकर कविता, गीत, गजल, खण्डकाव्य, महाकाव्यसम्मको यात्रा गरेपनि प्रकाशित रूपमा 'मिठोकुरा' (२०३१) र '...देश दुख्ला भनेर' (२०६१) दुईवटा कविता सङ्ग्रह मात्र प्रकाशित छन् । अन्य काव्यकृतिहरू आर्थिक अभावका कारण प्रकाशन गर्न सकेका छैनन् ।

---

२५. शोधनायककी धर्मपत्नी श्री मङ्गलादेवी लम्सालबाट प्राप्त जानकारी ।

२६. ऐजन् ।

२७. भोजेन्द्र वली, पूर्ववत्, पृष्ठ १५ ।

उनका केही फुटकर कविताहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएपनि सङ्ग्रहका रूपमा आउन सकेका छैनन् । सुन्दर, हृदयस्पर्शी शब्दशैय्यामा लयात्मक श्रुतिमधुर भाषाको प्रयोग, बिम्बात्मक, प्रतीकात्मक एवम् आलङ्कारिक भाषाशैलीमा समसामयिक यथार्थ, युगीन विवशता, बाध्यताको प्रस्तुति देशप्रेम, युगबोध, प्रकृतिचित्रण, मानवीय भावनाको अभिव्यक्तिका साथै सामाजिक विकृतिविसङ्गति र भ्रष्टाचारी, स्वार्थी प्रवृत्तिप्रति तीव्र व्यङ्ग्य एवम् सुधारको आग्रहका साथै सामाजिक परिवर्तन गर्ने प्रगतिवादी दृष्टिकोण लम्सालका कवितामा पाइन्छ ।

## २.२.३.२. कथाकार व्यक्तित्व

एउटै 'विसर्ग' कथासङ्ग्रहबाट लोकप्रिय एवम् चर्चित बनेका नन्दराम लम्साल सामाजिक यथार्थमा आधारित आञ्चलिक एवम् प्रगतिशील कथा लेख्ने कथाकार हुन् । मानवीय भावना निम्नवर्गीय जीवनको यथार्थपरक प्रस्तुति र प्रगतिशीलतालाई सरल,स्वाभाविक, कलात्मक एवम् आकर्षक भाषाशैलीमा नेपाली समाजमा व्याप्त अन्याय, अत्याचार, शोषण, उत्पीडनको विरोध गरेको पाइन्छ । यिनका **विसर्ग** कथासङ्ग्रह (२०३४) र अन्य केही कथाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् ।

| | |
|---|---|
| १. देउचेली (परिवेश द्वैमासिक ) | २. काँक्रेबिहारकी किन्नरी |
| ३. अन्तर | ४. जयन्ती |
| ५. घोडा पाल्ने रहर | ६. चरित्रनिमार्ण |
| ७. ओझेलओझेलमा | ८. रोजगार |
| ९. बेल्छीको विजय यात्रा | १०. बिहे ( दौंतरी,वर्ष १२ ,अङ्क १२, २०६३ ) |

## २.२.३.३. उपन्यासकार व्यक्तित्व

नेपाली प्रगतिवादी उपन्यासका शृङ्खलामा एउटा विशिष्ट कृतिका रूपमा वि.सं. २०३९ सालमा प्रकाशित 'आरम्भ' उपन्यास नेपाली समाजमा रहेको सामन्तवादी,रुढिवादी प्रवृतिको विरोध, शोषक वर्गको विरोध र शोषित वर्गको पक्षपोषण गरी लेखिएको प्रगतिवादी उपन्यास हो । श्रमिक वा निम्न वर्गीय जीवनका अँध्यारा पक्षहरूको चित्रण गर्दै उनका आर्थिक, सामाजिक, सांस्कृतिक पक्षको चित्रण एवम् स्वाभिमानी सङ्घर्षपूर्ण जीवनको चित्रण गर्ने उपन्यासकारका रूपमा नन्दराम लम्साल उभिएका छन् ।लम्सालको **आरम्भ** उपन्यासको परिवेश गाउँले जीवनबाट सुरु भई तराईको जनजीवनलाई समेट्दै सहरी मजदुर सङ्घर्षमा पुगेर टुङ्गिएको पाइन्छ । नेपाली समाजको आर्थिक ,सामाजिक र सांस्कृतिक चित्रण भएको यस उपन्यासमा सरल एवम् सहज भाषाशैलीको प्रयोग गरिएको छ । उनको **कालो सडक**

नामक उपन्यास लेखनका दृष्टिले पूरा भएर पनि प्रकाशित हुन सकेको छैन । यसरी उपन्यास विधामा समेत सशक्त कलम चलाउने लम्सालको उपन्यासकार व्यक्तित्व सफल छ ।

### २.२.३.४. सम्पादक व्यक्तित्व

नन्दराम लम्साल एक दक्ष सम्पादक पनि हुन् । उनले वि.सं. २०२८ सालमा सुर्खेत जन व्यावसायिक माध्यामिक विद्यालय वीरेन्द्रनगरको मुखपत्रका रूपमा प्रकाशित सुर्खेती पत्रिकाको करिब २ वर्ष सम्पादन कार्य गरेर आफ्नो सम्पादक व्यक्तित्वको पहिचान दिएका थिए । नेपालगन्ज आएपछि वि.सं. २०३२ देखि वि.सं. २०४४ सालसम्म भेरी साहित्य विकास समितिबाट प्रकाशित **सिर्जना** पत्रिकाको सम्पादन गरेका थिए ।

### २.२.३.५. निबन्धकार व्यक्तित्व

नन्दराम लम्सालले कविता,कथा,उपन्यास विधामा जस्तै निबन्ध विधामा पनि सशक्त रूपमा कलम चलाएको पाइन्छ । उनको प्रथम निबन्ध **मेरो हटारु बजार** हो जुन **सिर्जना**, २०३१ अङ्क १ मा प्रकाशित भएको थियो ।

उनका निबन्धहरूमा प्रकृति चित्रण, राष्ट्रप्रेम, नेपाली समाजको यथार्थ चित्रण, स्थानीय परिवेशको वर्णन, नेपाली समाजको असङ्गति–विसङ्गतिप्रति व्यङ्ग्य, युगबोध प्रगतिवादी जीवनदर्शन पाइन्छ । सरल,सुबोध भाषाशैली र कलात्मक प्रस्तुतिले उनका निबन्धहरू उत्कृष्ट बन्न पुगेका छन् आर्थिक अभावका कारण सङग्रहका रूपमा उनका निबन्धहरू प्रकाशित हुन नसके पनि उनका निबन्धहरू विभिन्न पत्रपत्रिकाहरूमा विभिन्न समयमा प्रकाशित भएका  छन् ।

हालसम्म उनका प्रकाशित निबन्धहरू यसप्रकार छन ।

१. मेरो हटारु बजार (सिर्जना २०३१)
२. मरन्च्याँसे काईंलाको आकाङ्क्षा (गोरखापत्र २०३२)
३. विचार भावना र धारणा (सिर्जना २०३४)
४. हल्लाभित्रको सत्य (महेन्द्र सौरभ, २०३६)
५. रामायण एउटा ताजा संस्करण (सिर्जना २०३३)
६. भेरीका छालैछाल (महेन्द्र सौरभ, २०३९)
७. धुलो यो छ स्वदेशको म यसमा पानी बनी मिल्दछु । (वर्तमान, २०४०)
८. पाँचौँ सहिद (वर्तमान, २०४०)
९. दुस्साहस हुनुपर्छ खेलाडीमा पनि ( भेरी खेलकुद समितिको मुखपत्र २०४४)
१०. परिवार राष्ट्रको महत्वपूर्ण संस्था ( सुखी परिवार स्मारिका २०४५)

## २.२.४ शिक्षक व्यक्तित्व

भारतको बनारसबाट शास्त्रीसम्मको अध्ययनपछि आफ्नै गृह जिल्ला नुवाकोटको नर्जा कविलासमा अस्थायी शिक्षक भई शिक्षण पेसामा प्रवेश गरेको देखिन्छ ।[२८] त्यसपछि सुर्खेतको जन व्यावसायिक माध्यमिक विद्यालय वीरेन्द्रनगरमा केही वर्ष शिक्षण गरेपछि पञ्चायती शासकहरूले दिने दुःखले गर्दा उनलाई काम गर्न गाह्रो भएर शिक्षक पेसाबाट राजिनामा दिई नेपालगन्ज आएको पाइन्छ ।[२९] वि.सं. २०३० साल माघ २२ गते नारायण माध्यमिक विद्यालयमा नेपाली शिक्षकका रूपमा नियुक्ति पाई ३० वर्षसम्म अध्यापन कार्य गरेका लम्सालले वि.सं. २०६१ साल मङ्सिरमा नारायण माध्यमिक विद्यालयको स्थायी शिक्षक पदबाट स्वैच्छिक अवकाश लिई निवृत्तिभरण प्राप्त गरेको पाइन्छ । ३० शिक्षकमा हुनुपर्ने सामाजिक, शैक्षिक र वैयक्तिक गुणका धनी लम्साल मृदुभाषी, विषयवस्तुको पूर्णज्ञान, नेपाली भाषा र व्याकरणको राम्रो ज्ञान भएका लम्साल जस्तोसुकै कमजोर विद्यार्थीलाई पनि राम्रोसँग बुझाएर पढाउन सक्ने क्षमता भएका अनुभवी शिक्षकका रूपमा रहेका देखिन्छन् । स्थायी शिक्षकबाट राजिनामा दिएपश्चात् उनले निजी विद्यालयमा पढाउने काम गरेका थिए । हाल उनी आफ्नो पुरानो पुर्खाको थलो नुवाकोटको नर्जा कविलासको सामुदायिक विद्यालयमा अध्यापन गराइरहेको पाइन्छ ।[३०]

## २.२.५ संस्थापक व्यक्तित्व

आफ्नो गृह जिल्ला नुवाकोटको नर्जा कविलासमा दुईवटा विद्यालय आफ्नो सक्रियतामा स्थपना गरेका थिए । सोही विद्यालयमा नै शिक्षक भएर कार्य गरेका थिए । सुर्खेतको लाटीकोइलीको पुस्तकालय र नुवाकोटको जनजागृति पुस्तकालय स्थापना गर्ने काम गरे जुन अहिलेसम्म सञ्चालनमा रहेको पाइन्छ ।[३१] साथै नेपालगन्जमा भेरी साहित्य विकास परिषद तथा अन्य भाषासाहित्यिक संस्था स्थापनामा सक्रिय रहेको पाइन्छ । यसरी विद्यालय पुस्तकालय एवं भाषासहित्यिक सङ्घसंस्था स्थापना गर्ने संस्थापक व्यक्तित्वका रूपमा पनि नन्दराम लम्साल स्थापित भएका छन् ।

## २.२.६ कलाकार व्यक्तित्व

नन्दराम लम्साल साहित्यकार मात्र थिएनन् उनी कलाकार पनि थिए । उनी नाटकमा अभिनय गर्ने, मारुनी नाँच्ने, मादल, हर्मोनियम बजाएर गीत गाउने कला भएका कलाकार थिए ।[३२] उनले धेरैपटक मञ्चमा नाटकप्रहसन र सांस्कृतिक कार्यक्रम गरेर आफूभित्र रहेको कलाकार व्यक्तित्वलाई सबैसामु उजागर गरेको पाइन्छ ।

---

२८. शोधनायकका छोरा मनमोहन लम्सालबाट प्राप्त जानकारी ।

२९. भोजेन्द्र वली, पूर्ववत्, पृष्ठ १३ ।

३०. शोधनायकको धर्मपत्नीबाट प्राप्त जानकारी ।

३१. ऐजन् ।

३२. ऐजन् ।

### २.२.७ समाजसेवी व्यक्तित्व

सानै उमेरमा आफूले आर्थिक अभाव भोल्नुपरेका नन्दराम लम्साल, दीन, दुखी, गरिब, असहायप्रति सहानुभूति राख्ने र आफूले सकेसम्म सहयोग गर्ने सहयोगी व्यक्तिका रूपमा देखिन्छन् । उनले नुवाकोट, सुर्खेत र नेपालगन्जमा शिक्षक भएर कार्य गर्दा कतिपय गरिब, दलित छात्रछात्रालाई पोसाक, पाठ्यपुस्तक र शुल्क तिरेर सहयोग गरेका छन् भने एकजना रामबहादुर विश्वकर्मा भन्ने विद्यार्थीलाई एस.एल.सी. सम्म पढाइदिएका थिए ।[३३] उनले सुर्खेतको विद्यालयमा र पुस्तकालय बनाउँदा आफूले ढुङ्गा र काठ बोकेका थिए भने नुवाकोटको विद्यालयलाई फर्निचरको लागि पैसा उठाउन देउसीभैलो खेलेर आर्थिक सहयोग जुटाएका थिए ।[३४] यसरी समाजको विकासका लागि उनले विभिन्न सामाजिक कार्य गरेका थिए ।

## २.३ नन्दराम लम्सालको साहित्यिक यात्रा र चरणविभाजन

### २.३.१ साहित्यिक यात्रा

नन्दराम लम्सालका पिता हरिप्रसाद लम्साल पण्डित हुनुका साथै वार्णिक छन्दमा कविता वाचन गर्ने गर्दथे । यस्तो ब्राह्मण पुरोहित परिवारमा जन्मेको हुनाले नन्दराममा पनि घरपरिवारको साहित्यिक वातावरणको प्रभाव परेको पाइन्छ । आठवर्षको उमेरमा व्रतबन्ध भएपछि उनले वेदका श्लोकहरू लयबद्ध तरिकाले वाचन गर्थे । यसरी आफ्नो पिताबाट प्रभावित भएका लम्सालमा बनारसको अध्ययनकालले अझै उर्जा थप्ने काम गऱ्यो । बनारसको अध्ययनबाट नुवाकोट फर्केपछि नन्दराम लम्सालले 'जीवनमार्ग' नामक कविता लेखेर नुवाकोट र धादिङका विद्यार्थीहरूले निकालेको वि.सं. २०२२ सालको 'नयाँ पाइलो' नामक पत्रिकामा छपाएका थिए । यही 'जीवनमार्ग' पद्य कविताबाट उनी नेपाली साहित्यमा औपचारिक रूपमा  प्रवेश गरेको पाइन्छ । यसरी हेर्दा नन्दराम लम्सालको साहित्यिक यात्रा वि.सं. २०२२ साल देखि सुरु भई हालसम्म पनि निरन्तरता पाइरहेको छ ।

कविता विधाबाट साहित्यिक यात्रा सुरु गरेका लम्सालले कथा, उपन्यास, निबन्ध, गजल, गीतजस्ता विविध विधामा कलम चलाएको पाइन्छ ।

---

३३. भोजेन्द्र वली, पूर्ववत्, पृष्ठ १४ ।

३४. ऐजन् ।

यसरी सानै उमेरबाट साहित्यमा आकर्षित भएका नन्दराम लम्सालको साहित्यिक यात्रा जीवनका अनेक उकालीओराली गर्दै एक कुशल एवम् सफल कवि, कथाकार, उपन्यासकार, निबन्धकार, व्यङ्ग्यकार, गीतकार गजलकारका रूपमा स्थापित हुन पुगेको देखिन्छ ।

### २.३.२ नन्दराम लम्सालको साहित्यिक यात्राको चरणविभाजन : औचित्य र आधार

हरेक साहित्यकारका साहित्यिक यात्रामा विभिन्न मोड, घुम्ती, उकाली ओरालीहरू आउँछन् । यस्ता घुम्ती र मोडहरूकै फलस्वरूप स्रष्टाका सिर्जनामा पनि केही परिवर्तनहरू देखापर्न सक्छन् । यसरी स्रष्टाका सिर्जनामा परिवर्तन देखापर्नुमा साहित्यकारको परिवेश, जीवनभोगाइ, समय अवस्था, सामाजिक, आर्थिक तथा राजनीतिक अवस्था आदि कारकहरूले महत्वपूर्ण भूमिका खेलेका हुन्छन् । यिनै विभिन्न कारणहरूसँग साहित्यकारका साहित्यिक रचनाहरूको अन्तः सम्बन्ध केलाएर साहित्यकार र उसको साहित्यिक कृतिहरूको मूल्याङ्कन गर्न सकिन्छ ।

साहित्यकारको साहित्यिक यात्राको सहज र समग्र अध्ययन गर्न चरण विभाजन गर्नुपर्दछ । त्यस्तै साहित्यिक रचनाहरूको गुणस्तर एवम् परिमाणमा लेखन प्रवृत्तिमा, साहित्यकारको सोचाइ, विचार र उमेरमा समेत परिवर्तन हुँदा त्यसको प्रभाव साहित्यकारको साहित्यिक कृतिहरूमा पर्न गई परिवर्तन हुने हुँदा साहित्यिक विधाहरूका आधारमा समेत चरण विभाजन गर्नुपर्ने हुन्छ ।

### २.३.३ चरणविभाजन

उपर्युक्त आधारहरू केलाएर हेर्दा नन्दराम लम्सालको चारदशक लामो (४६वर्ष) साहित्यिक यात्रामा उल्लेख्य प्रवृत्तिगत परिवर्तन रहेको देखिँदैन । उनको सुरुका कविता र हाल लेखेका कविताहरूमा प्रयुक्त विषयवस्तुमा केही फरक देखिए पनि प्रवृत्तिगत परिवर्तन भने पाइँदैन ।

परिष्कार र परिमार्जनका आधारमा लम्सालको कृतिहरूको चरण विभाजन गर्दा वि.सं. २०२२ सालदेखि वि.सं. २०३० सालसम्म प्रारम्भिक वा आभ्यासिक काल, वि.सं. २०३१ सालदेखि ६० सम्म दोस्रोचरण विस्तार काल र २०६१ देखि यता तेस्रो चरण परिपक्व , प्रौढता वा उत्कर्ष काल मान्न सकिन्छ ।


उपर्युक्त आधार केलाउँदा साहित्यकार नन्दराम लम्सालको औपचारिक साहित्यिक यात्रा वि.सं. २०२२ देखि हालसम्म ४६ वर्ष लामो देखिन्छ । वि.सं. २०२२ सालमा नयाँ पाइलो पत्रिकामा प्रकाशित 'जीवनमार्ग' पद्य कविताद्वारा औपचारिक साहित्यिक यात्रा प्रारम्भ गरेका लम्सालका 'मीठो कुरा कविता सङ्ग्रह (२०३१), विसर्ग कथा सङ्ग्रह (२०३४), आरम्भ उपन्यास (२०३९), '.... देश दुख्ला भनेर' कविता सङ्ग्रह (२०६१) गरी ४ वटा कृतिहरू पुस्तकाकारका रूपमा प्रकाशित छन् । अन्य फुटकर कविता, निबन्ध, उपन्यास, खण्डकाव्य, महाकाव्यलगायत अन्य कृतिहरू अप्रकाशित रहेकाले नन्दराम लम्सालका प्रकाशित कृतिहरूकै आधारमा उनको साहित्यिक यात्रालाई चरण विभाजन गर्नु उपयुक्त हुन्छ । हालसम्मको प्रथम र अन्तिम प्रकाशित कृति कविता विधा नै भएकाले साहित्यकार लम्सालको प्रथम र सशक्त विधा कविता विधा नै हो । कविता लेख्ने कवि, कथा लेख्ने कथाकार, उपन्यास लेख्ने उपन्यासकारका रूपमा रहने हुनाले कविता विधामा मात्र सीमित नभई नेपाली साहित्यका कविता, कथा, उपन्यास र निबन्ध विधामा समेत सशक्त कलम चलाएका नन्दराम लम्साल बहुमुखी प्रतिभा हुन् । नाटक तथा एकाङ्की विधामा कलम नचलाए पनि नाटक एकाङ्कीमा अभिनय गरेको पाइन्छ । लम्साल भन्दा अगाडि वा समकक्षी इन्द्रमणि मानव, वि.विकास, तीर्थमान श्रेष्ठ पटवारी, मोहनलाल श्रेष्ठ, प्रेमप्रकाश मल्ल, सनत रेग्मी, नरेन्द्रजङ पिटर, दिवाकर शर्मा, सृजन लम्साल, सच्चिदानन्द चौबे आदिहरू सामान्यतः एउटा विधामा मात्र सीमित रहेको पाइन्छ । अतः लम्सालका समकालीन प्रेमप्रकाश मल्ल कविता, गीत र गायन विधामा लोकप्रिय छन् भने वि.विकास, इन्द्रमणि मानव र तीर्थमान श्रेष्ठले पनि मूलतः कविता विधामा नै कलम चलाएको पाइन्छ । नेपालगन्जको प्रतिनिधित्व गरी पटकपटक प्रज्ञाप्रतिष्ठान पुगेका सनत रेग्मीले कथा विधा बाहेक अन्य विधामा कलम चलाएको नपाइएकाले कथाकारमा मात्र सीमित रहेको देखिन्छ भने सिर्जन लम्सालले निबन्ध विधामा मात्र कलम चलाएकाले निबन्धकारमा मात्र सीमित रहेको देखिन्छ । अतः कविता, कथा र उपन्यास प्रमुख तिन विधामा सशक्त कलम चलाउने लम्साल आफूपूर्वका र आफ्ना समकक्षी लेखकहरूमध्ये विविध साहित्यिक विधामा कलम चलाउने एकमात्र साहित्यकार हुन् ।

यसपूर्व नन्दराम लम्सालका अध्येता नन्दराम गुरुङले विधागत आधारमा कविता, कथा र उपन्यासको छुट्टाछुट्टै चर्चा गरेता पनि स्पष्टचरण विभाजन गरेका छैनन् । 'नन्दराम लम्सालका कथाको विश्लेषण' नामक शोधपत्रमा भोजेन्द्र वलीले कथायात्राका सन्दर्भमा चरण

विभाजन गर्दै वि.सं. २०२२ देखि २०३० प्रथम चरण, वि.सं. २०३१ देखि २०३४ दोस्रो चरण र वि.सं. २०३५ देखि हालसम्म तेस्रो चरण भनी विभाजन गरेको पाइन्छ ।[३५]

नेपालगन्जका प्रतिनिधिमूलक साहित्यकार नन्दराम लम्सालको ४६ वर्षीय समग्र साहित्यिक यात्रालाई उनको साहित्यिक लेखन, लेखनगत परिष्कार परिमार्जन, वैचारिक दृष्टिकोण आदिका आधारमा चरण विभाजन गर्दा निम्नानुसार चार चरणमा विभाजन गर्न सकिन्छ ।

वृक्षरेखामा चरण विभाजन




१. प्रथमचरण (वि.सं. २०२२ देखि २०३०) अभ्यास काल

२. द्वितीय चरण (वि.सं. २०३१- २०३८) विधागत विस्तार काल

३. तृतीय चरण( वि.सं.२०३९–२०६०) परिष्कार एवं परिमार्जन काल

४. चतुर्थ चरण (वि.सं.२०६१- हालसम्म) परिपक्व एवम् प्रौढ काल

### २.३.३.१ प्रथमचरण (वि.सं. २०२२ देखि वि.सं. २०३०) अभ्यास काल

वि.सं. २०२२ सालमा नयाँ पाइलो पत्रिकामा प्रकाशित 'जीवनमार्ग' कविताबाट प्रारम्भ लम्सालको साहित्यिक यात्रा कविता, कथा, निबन्ध जस्ता विविध विधाको अभ्यास गर्दै वि.सं. २०३१ सालमा 'मिठो कुरा' कवितासङ्ग्रह प्रकाशन हुनु अगाडिका फुटकर रचनाहरू प्रारम्भिक चरणका भएकाले यो चरण आभ्यासिक चरण हो । यस अवधिका रचनाहरू केही प्रकाशित र केही अप्रकाशित छन् । यी रचनाहरूमा परिष्कार, परिमार्जनको कमी, बौद्धिकवैचारिक उचाइ प्राप्त गर्न नसकेकाले आभ्यासिक चरणमैं रहेको देखिन्छ । अतः यो अवधि साहित्यिक लेखनको प्रथम चरण हो । यस कालमा जीवनमार्ग (२०२२), सुर्खेती चरी ( २०२८) आदि कविताहरू, जुरेली (२०२२), कथा, झरीको फूल (२०२२), भविष्यनिर्माण ( २०३०) तथा विकासको बाटोमा शीर्षकका निबन्ध लगायतका रचनाहरू लेखेको पाइन्छ । **मिठो कुरा** कवितासङ्ग्रहमा सङ्गृहीत १९ वटा कविता पनि यसै अवधिमा रचना भएको पाइन्छ ।

३५. भोजेन्द्र वली, पूर्ववत्, पृष्ठ ४२ ।

### २.३.३.२ २. द्वितीय चरण विधागत ( वि.सं. २०३१- २०३८)

फुटकर लेखनबाट 'मिठो कुरा' कविता सङ्ग्रह प्रकाशन गरी कृति प्रकाशनको चरणमा प्रवेश गरेका नन्दराम लम्सालले क्रमिक रूपमा परिष्कारपरिमार्जन गर्दै विधागत विस्तार गरी लेखनलाई व्यापकता दिएको पाइन्छ । 'मिठो कुरा' कवितासङ्ग्रहका कविताहरू परिष्कारपरिमार्जन गरी प्रकाशन गरेका, २०३४ मा प्रकाशित गरेको 'विसर्ग' कथासङ्ग्रहका कथाहरू केही परिष्कृतपरिमार्जित र केही परिष्कारपरिमार्जन विहीन अशिष्ट भाषाशैलीमैं प्रकाशित हुनुले शिष्ट संयमित भाषाको प्रयोगसचेतता रहेको पाइँदैन । यस चरणमा हाम्रो आत्मबल र हाम्रो व्यक्तिवाद, त्रिशुल, आजको अन्त आदि कविताहरू, १० वटा कथा सङ्गृहीत 'विसर्ग' कथा सङ्ग्रह (२०३४) का साथै 'काँक्रेबिहारकी किन्नरी '(२०३४), 'देउचेली ' (२०३६) लगायत कथाहरू प्रकाशित छन् । यस चरणमा 'मेरो हटारु बजार' (२०३१), 'मरन्च्याँसे काइँलाको आकाङ्क्षा' (२०३४), हल्लाभित्रको सत्य (२०३६) आदि निबन्धहरू प्रकाशित छन् ।

### २.३.३.४ तृतीय चरण( वि.सं.२०३९–२०६०) परिस्कार एवं परिमार्जन काल

'आरम्भ' उपन्यासको प्रकाशनसँगै नन्दराम लम्साल भाषिक परिष्कार परिमार्जन, शैली शिल्पगत विशिष्टता र वैचारिक उचाइ प्राप्त गर्दै अगाडि बढेको पाइन्छ । 'विसर्ग' कथा सङ्ग्रहका केही कथाहरूमा रहेको शब्द संयोजनगत कमजोरी हटाउँदै शिष्ट शब्दशैय्या आलङ्कारिक, बिम्बात्मक र प्रतीकात्मक भाषा सहित काव्यिक प्रौढतातर्फ उन्मुख रहेको पाइन्छ । यस चरणको महत्वपूर्ण कृति 'आरम्भ' उपन्यास (२०३९) हो । यसबाहेक भेरीको छालैछाल (२०३९), धुलो यो छ स्वदेशको र पाँचौं सहिद (२०४०), दुस्साहस हुनुपर्छ खेलाडीमा, फेल हुने तयारी (२०४४) र परिवार राष्ट्रको महत्वपूर्ण संस्था आदि निबन्धहरू, अन्तर चरित्रनिर्माण (२०४५), घोडा पाल्ने रहर (२०४९), जयन्ती (२०५४), रोजगार ( २०५५), ओभ्फेलओभ्फेलमा (२०५६), बेल्छीको विजय यात्रा (२०५८) आदि कथाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् । यस चरणमा कविता विधामा कुनै कृति प्रकाशित नभएपनि हाम्रो सपना, देउरालीको गीत, व्यक्तिवाद, नेपालगन्जलाई ढोगभेट, जागरणका गीतहरू स्वतन्त्रताका तिर्खा आदि प्रशस्त कविताहरू रचना गरेको पाइन्छ ।

### २.३.३.५ चतुर्थ चरण (वि.सं.२०६१- हालसम्म) परिपक्व एवम् प्रौढ काल

६३ वर्षको पाको उमेरमा प्रगतिवादी दृष्टिकोण, सामाजिक विकृति, विसङ्गतिप्रति व्यङ्ग्य, शोषण, उत्पीडन र अन्यायअत्याचारको विरोध र समाजसुधारको आग्रह, अन्धविश्वास

एवम् रुढिबुढी चिन्तनमा परिवर्तन तथा देशप्रेम जस्ता प्रवृत्तिसहित प्रौढ वैचारिक अभिव्यक्तिका रूपमा २८ वटा कविताहरूको सङ्ग्रह '...... देश दुख्ला भनेर' (२०६१) को प्रकाशन, प्रगतिशील लेखक सङ्घको सदस्यता, भेरी साहित्य समाजको सदस्यता लिई शैली शिल्पगत परिष्कारपरिमार्जन,काव्यिक उचाइ एवम् उत्कर्षता प्राप्त गरेको पाइन्छ । साठीको दशकमा आइपुग्दा प्रशस्त फुटकर कविता 'बिहे' लगायत कथाहरू, केही निबन्धका साथै पासाङल्हामु, क्रान्तिवाला (अ.प्र.) खण्डकाव्य, कालो सडक (अ.प्र) उपन्यास, रचना गरेको पाइन्छ ।[३६]

यसरी साहित्यकार नन्दराम लम्सालको समग्र साहित्यिक यात्रालाई उपरोक्त ४ चरणमा विभाजन गरी अध्ययन गर्नु उपयुक्त हुन्छ । विविध पारिवारिक कारणले हाल नुवाकोटको नर्जा कविलासमा रहेका लम्साल निरन्तर साधनारत छन् । जीवनको यस प्रौढ अवस्थामा श्री लम्साल शैलीशिल्पगत, परिष्कार वैचारिक परिपाक एवम् उत्कर्षता प्राप्त गरी दीर्घसाधनामा तत्लीन रहेको पाइन्छ । साहित्यकार लम्सालका समग्र साहित्यिक प्रवृत्ति एवम् विशेषताहरूलाई बुँदागत रूपमा निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

१. सामाजिक यथार्थको अभिव्यक्ति
२. अन्याय, अत्याचार, शोषण, दमन र भ्रष्टप्रवृत्तिप्रति तीव्र व्यङ्ग्य
३. निम्नवर्गप्रति सहानुभूति
४. प्रगतिवादी दृष्टिकोण
५. देशभक्तिको भावना, सरल, सुबोध, श्रुतिमधुर र काव्यात्मक भाषाशैलीको प्रयोग
६. स्वच्छन्द एवम् स्वतस्फूर्त विचार प्रवाह

साहित्यकार नन्दराम लम्सालका कवितात्मक प्रवृत्तिहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

१. स्वच्छन्दतावादी प्रगतिवादी भावधारा
२. शोषित, उत्पीडित, निम्नवर्गप्रतिको सहानुभूति
३. मानवतावादी दृष्टिकोण
४. वार्णिक छन्द , लोकलय, मुक्त(गद्य)लय तथा फारसी गजल छन्दको प्रयोग गर्ने छन्दगत विविधता भएका कवि

---

३६. भोजेन्द्र वली, पूर्ववत्, पृष्ठ १९ ।

५. बिम्बात्मक प्रतीकात्मक एवम आलङ्कारिक भाषाको प्रयोग

६. सरल, सुबोध श्रुतिमधुर शब्दशैय्या तथा लयात्मक भाषाको प्रयोग,

७. देशप्रेमको भावना र प्रकृतिको मन्मय चित्रण,

८. सामाजिक परिवर्तनको आग्रह,

९.समाजमा व्याप्त अन्यायअत्याचार शोषण दमन एवं विकृति विसङ्गतिप्रति
तीब्र व्यङ्ग्य र विरोध गर्दै समाज सुधारको आग्रह,

## २.३.४ निष्कर्ष

साहित्यकार नन्दराम लम्सालको साहित्यिक यात्रा कविता विधाबाट प्रारम्भ भएको हो । उनको पहिलो पद्य कविता 'जीवनमार्ग', नयाँपाइलो पत्रिकामा वि.सं. २०२२ मा प्रकाशित भएको थियो । वार्णिक छन्दका सशक्त कवि नन्दराम लम्सालले वि.सं. २०३१ मा 'मिठो कुरा' बालकविता सङ्ग्रह प्रकाशित गरे । बहुमुखी प्रतिभाका धनी नन्दराम लम्सालले कथा, कविता, उपन्यास, निबन्ध, गजल, गीत आदि विभिन्न विधामा कलम चलाएको पाइन्छ । उनका दुईवटा कविता सङ्ग्रह मिठो कुरा (२०३१), ...देश दुख्ला भनेर (२०६१), विसर्ग कथा सङ्ग्रह (२०३४) र आरम्भ उपन्यास (२०३९) प्रकाशित छन् भने अन्य धेरै फुटकर कविता, खण्डकाव्य, महाकाव्य, उपन्यास कथा, निबन्धहरू आर्थिक अभावका कारण अप्रकाशित छन् । यसरी ४६ वर्ष लामो साहित्यिक यात्रा पार गरेका नन्दराम लम्सालका साहित्यिक कृतिहरूमा प्रगतिवादी दृष्टिकोण, सामाजिक विकृतिविसङ्गतिप्रति व्यङ्ग्य, शोषण, उत्पीडन र अन्याय अत्याचारको विरोध, समाजसुधारको आग्रह, रुढिचिन्तनमा परिवर्तन, देशप्रेम, प्रकृति चित्रण, सहित प्रौढ वैचारिक अभिव्यक्ति पाइन्छ । मूलतः वार्णिक छन्दमा लेखिएका उनका कविताहरूमा स्वच्छन्दतावादी, प्रगतिवादी भावधारा, मानवतावादी दृष्टिकोण, देशप्रेमको भावना, प्रकृतिको मन्मय चित्रण, सामाजिक परिवर्तनको आग्रहका साथै शोषितपीडित निम्नवर्गप्रतिको सहानुभूति पाइन्छ भने उनका अन्य साहित्यिक कृतिहरूमा सामाजिक यथार्थको अभिव्यक्ति, प्रगतिवादी दृष्टिकोण, स्वच्छन्द एवम् स्वतस्फूर्त विचारको प्रवाह पाइन्छ ।

यसरी साहित्यकार लम्साल नेपाली साहित्यमा बहुमुखी प्रतिभाका रूपमा स्थापित बन्न पुगेका छन् ।

# परिच्छेद : तिन
# कविताको सैद्धान्तिक परिचय

## ३.१ परिचय

कविता पूर्वीय, पाश्चात्य एवम् नेपाली साहित्यमा प्राचीनतम एवम् लोकप्रिय साहित्यिक विधा हो । संस्कृत वा पूर्वीय साहित्यमा काव्यलाई साहित्यकै पयार्यको रूपमा लिइएको पाइन्छ ।

अचेल कथात्मक गठन र गुम्फन भएको कविता विशेषलाई काव्य भन्ने चलन छ ।[१] काव्य वा कविता शब्द कविबाट बनेको हो । **कवि** शब्दमा **य** प्रत्यय लागेर काव्य शब्द बन्दछ र कविको सिर्जनालाई नै काव्य वा कविता भनिन्छ । 'कवि' शब्दमा त (तल्) र आ (टाप) प्रत्यय लागेर कविता बनेको हो । **कवि**ले रचनाकारलाई र **आ** प्रत्ययले कविको रचनालाई बुझाएको छ । कविताको तात्पर्य कविद्वारा सम्पादित रचना विशेष, कवितामयी रचना वा कवि कर्म भन्ने बुझिन्छ ।[२]

पाश्चात्य साहित्यमा कविता काव्यलाई 'पोइट्री' भनिन्छ । 'पोइट्री' शब्द 'पोइट' शब्दबाट बनेको हो । 'पोइट' शब्दलाई ल्याटिनमा पोइटी, ग्रिकमा 'पोइतेस' हुँदै अङ्ग्रेजीमा पोइट बनेको हो । पाश्चात्य साहित्यमा 'प्रचलित पोइम' शब्द फ्रेन्चमा 'पोइमी' ल्याटिन र ग्रिकमा 'पोइमा' र अङ्ग्रेजीमा 'पोइम' भएको हो । 'पोइम'को नेपालीकरण कविता हो र यसको अर्थ कविद्वारा सिर्जित पद्यात्मक रचना वा कवि कर्म भन्ने हुन्छ ।[३]

साहित्यका चार विधा कविता, निबन्ध, आख्यान, नाटक मध्ये कविता सर्वप्राचीन र लोकप्रिय विधा हो । सर्वप्राचीन र लोकप्रिय विधा भएतापनि वास्तवमा मूल रूपमा कविता के हो ? भनेर परिभाषा दिन कठिन छ । कविताको चर्चा पूर्वीय, पाश्चात्य र नेपाली साहित्यमा कविताको बारेमा बृहत् चर्चा भएको पाइन्छ । कविता के हो भन्ने बुझ्न पूर्वीय, पाश्चात्य र नेपाली साहित्यकार, आचार्य एवं समीक्षकहरूका परिभाषालाई उल्लेख गर्नु आवश्यक हुन्छ ।

### ३.१.१ कविताको परिभाषा

कवितासम्बन्धी मत प्रस्तुत गर्दै पूर्व, पश्चिम र नेपाली विद्वानहरूमध्ये कसैले भाव,

---

१. प्रा. डा. मोहन हिमांशु थापा, साहित्य परिचय, चौथो संस्करण, (काठमाडौ : साझा प्रकाशन, २०५०) पृ. ३३ ।

२. खगेन्द्रप्रसाद लुइँटेल, नेपाली कवि र कविता, (काठमाडौँ : विभुरिभु प्रकाशन, २०५८), पृष्ठ १ ।

३. ऐजन्, पृष्ठ २ ।

कसैले विचार र कसैले सौन्दर्य पक्षलाई जोड दिएको पाइन्छ । विभिन्न विद्वानहरूका परिभाषालाई तल प्रस्तुत गरिन्छ :

**पूर्वीय परिभाषा**

भरतमुनि- कविता कोमल र सुन्दर पद विन्यासयुक्त, सुबोध युक्तिपूर्ण नृत्यका लागि उपयुक्त हुनुपर्दछ ।

भामह- शब्द र अर्थले संयुक्त रूप काव्य हो ।[४]

दण्डी- इष्ट अर्थले युक्त पदावली काव्य हो ।[५]

बामन- काव्यको आत्मा रीति हो ।[६]

मम्मट- दोषरहित गुण सहित शब्दार्थ नै काव्य हो ।[७]

आनन्दवर्धन- ध्वनि नै काव्यको आत्मा हो ।

विश्वनाथ- रसात्मक वाक्य नै काव्य हो ।

जगन्नाथ- सुन्दर भाव व्यक्त गर्ने शब्द काव्य हो ।[८]

**पाश्चात्य परिभाषा**

एरिस्टोटल- साहित्य भाषाका माध्यमले प्रकृतिको अनुकरणात्मक हो ।[९]

ड्राइडन- कविता भावपूर्ण तथा छन्दोवद्ध भाषामा प्रकृतिको अनुकरण हो ।[१०]

म्याथ्यु आर्नोल्ड- कविता मूलत : जीवनको आलोचना हो ।

वर्डस्वर्थ- कविता प्रबल अनुभूतिहरूको सहज उच्छलन हो जुन शान्त समयमा संस्मरणका रूपमा मनोवेगबाट प्राप्त हुन्छ ।

मिल्टन- कविता सरल रागात्मक र प्रत्यक्षमूलक हुनुपर्दछ ।

शेली- कविता जीवनको आनन्दात्मक अभिव्यक्ति हो ।

जोन्सन- बुद्धिका सहायताले कल्पनाको आह्वानद्वारा आनन्दलाई सत्यसँग जोड्ने कला हो ।[११]

---

४. डा. केशवप्रसाद उपाध्याय, साहित्य प्रकाश, पाँ.सं. (काठमाडौ : साभ्रा प्रकाशन, २०४९), पृष्ठ ८ ।
५. ऐजन्, पृष्ठ ९ ।
६. ऐजन्, पृष्ठ ९ ।
७. ऐजन्, पृष्ठ ११ ।
८. ऐजन्, पृष्ठ १२ ।
९.ऐजन्, पृष्ठ १४ ।
१०. ऐजन्, पृष्ठ १५ ।
११. ऐजन्, पृष्ठ १५ ।

**नेपाली परिभाषा**

लक्ष्मीप्रसाद देवकोटा- भावनाको हार्दिक कोमलता नै कविता हो ।[१२]

बालकृष्ण सम- भावनाको बौद्धिक कोमलता नै कविता हो । [१३]


बासुदेव त्रिपाठी- कविता जीवनजगतका मूल्यवान् अनुभवको काल्पनिक, कलात्मक बद्ध वा मुक्त लयात्मक भाषिक सङ्कथन हो । [१४]

सोमनाथ सिग्द्याल- काव्य भनेको कतै विषय वा कथा लिएर मनोहर शैलीको सूत्रमा गुँथिएका शब्द र अर्थको समुचित योगात्मक गुम्फन हो ।[१५]

उपर्युक्त परिभाषाहरू हेर्दा **भाषाका माध्यमबाट पद्यात्मक वा गद्यात्मक शैलीमा गरिएको भावना वा अनुभूतिको अभिव्यक्ति नै कविता हो** भन्न सकिन्छ ।

## ३.१.२ कविताको वर्गीकरण

कविताको चर्चा, पूर्व र पश्चिम काव्य परम्परामा व्यापक रूपमा गरेपनि यसको वर्गीकरणमा एक मत भने पाइँदैन । विभिन्न विद्वानको विभिन्न मत भएपनि कविताका आख्यानात्मक, प्रबन्धन र आयाम तिन पक्षलाई समेट्ने गरी निम्न लिखित भागमा वर्गीकरण गर्नु उपयुक्त देखिन्छ ।




## ३.१.३ कविताका तत्व

कुनै पनि वस्तुलाई अस्तित्वमा ल्याउन वा त्यसको निश्चित संरचना वा परिचय दिने अवयवलाई तत्व भनिन्छ । कवितालाई अन्य विधाभन्दा फरक देखाउने आफ्ना निजी तत्व

१२. ईश्वरीप्रसाद गैरे र कृष्णप्रसाद आचार्य, आधुनिक नेपाली नाटक र फुटकर कविता, (काठमाडौं : न्यू हीरा इन्टरप्राइजेज, २०५९), पृ. ३३३ ।
१३. ऐजन्, पृष्ठ ३३३ ।
१४. ऐजन् ।
१५. ऐजन् ।

छन् । कथ्य विषयवस्तु र भाव कविताका आन्तरिक तत्व हुन् भने भाषाशैली, लय, बिम्बप्रतीक अलङ्कार बाह्य तत्व हुन् ।आन्तरिक तत्वलाई भावतत्व र बाह्य तत्वलाई कलातत्व भन्न सकिन्छ । कविताका समग्र तत्वका रूपमा शीर्षक, संरचना, विषयवस्तु, भावविधान, लयविधान, कथनपद्धति, अलङ्कार/बिम्बविधान, व्यञ्जनाविधान र भाषाशैली पर्दछन् ।[१६] कविताका यी तत्वहरूलाई सङ्क्षिप्त रूपमा तल चर्चा गरिन्छ ।

### ३.१.३.१ शीर्षक

लेखकद्वारा लेखिएका विषयको परिचय गराउन लेख, रचना वा ग्रन्थका शीर्षमा लेखिने वा अगाडि राखिने शब्द, पदावली तथा वाक्य नै शीर्षक हो । कविताभित्रको संरचनासहितको युक्तियुक्त सारलाई औचित्यपूर्ण तरिकाले चिनाउने प्रतिनिधिमूलक कलात्मक रूपमा छनोट गरिएको शब्द , पदावली, उपवाक्य वा वाक्यांश नै शीर्षक हो । यसरी छनौट गरेको शीर्षकले कविताभित्रका भित्रीबाहिरी सबै तत्वहरूको प्रतिनिधित्व गर्दछ । कविताको शीर्षकले नै कविता कस्तो छ भन्ने कुरालाई सूत्रात्मक रूपमा प्रस्तुत गर्दछ ।

### ३.१.३.२ संरचना

कविता संरचक तत्वहरूबाट निर्मित रचना हो । कवितामा बाहिरी र आन्तरिक संरचना हुन्छ । बाह्य संरचनालाई लय, पाउ, चरण, पङ्क्तिपुञ्ज, श्लोक शब्दसंयोजन, भाषाशैली, बिम्ब, प्रतीक, अलङ्कार हुन भने आन्तरिक संरचनामा विषयवस्तु र भाव पर्दछन् ।कविताको बाह्यतत्वलाई कलापक्ष र आन्तरिकतत्वलाई भाव पक्ष भन्न सकिन्छ । यी सबै तत्वहरूको समुचित संयोजनबाट कविताको निर्माण हुन्छ ।

### ३.१.३.३ विषयवस्तु

कविता रचना गर्नका लागि छानिएको भाव, विचार, कथ्य वा वस्तु नै विषयवस्तु हो । यस्तो विषयवस्तु ब्रह्माण्ड भित्रको सम्पूर्ण वस्तु, मावनीय स्वभाव, प्राकृतिक, वस्तु, धर्म, संस्कार, संस्कृति, देश, समाज, राजनीति, जीवनभोगाइका विविध पक्षहरू पर्दछन् । विषयवस्तु उपयुक्त, सशक्त, कलात्मक एवम् जीवन्त हुनुपर्दछ । कविले आफू वरिपरिको परिवेश , आफूले भोगेका अनुभव गरेका र देखेसुनेका सुखददुखद पक्षहरूलाई निश्चित बुनोट दिई विषयवस्तुका रूपमा प्रस्तुत गर्दछ ।

---

१६. वासुदेव त्रिपाठी र अन्य (सम्पा), नेपाली कविता भाग ४, दो. सं. (ललितपुर,: सा. प्र., २०५३), पृष्ठ १६-२२ ।

### ३.१.३.४ भावविधान

शब्दको अर्थ प्रकट गर्ने र शब्दको अस्तित्वलाई उजिल्याएर देखाउने तत्व भाव हो । कविताको मेरुदण्ड भाव हो । भावको उचित संयोजनले मात्र कविता उत्कृष्ट बन्छ । अनुभूतिलाई लगाम लगाएर वा लगाम छोडेर कविताको रूप बन्छ । विषयवस्तुको गूढ, गहन, गम्भीर, ज्ञानभित्र कलात्मक भाव सिर्जना गर्नु नै भाव विधान हो । कविले देखेको, सुनेको अनुभव गरेको आफ्नो अनुभूति वा समाजमा व्याप्त अन्याय अत्याचार, शोषण, उत्पीडनको विरोध,प्रकृतिको चित्रण , सौन्दर्यचेत, समाज सुधार, विभेदको अन्त्य, न्यायपूर्ण समाजको स्थापना, सामाजिक परिवर्तन एवं रूपान्तरण, मानवीय संवेदना आदि भावहरू कविले व्यक्त गर्दछ । नैतिक उपदेश , आदर्श, शिक्षा वा ज्ञान तथा अन्य सन्देश दिने उद्देश्यले कविले कविता लेख्छ । यसरी कविले दिन खोजेको मूल सन्देश प्रमुख विचार नै भावविधान हो । यसलाई कवितामा मूल भाव भनिन्छ ।

### ३.१.३.५ लयविधान

कविता गेयात्मक विधा हो । अन्य विधाका तुलनामा कवितात्मक भाषामा स्वर–व्यञ्जन वर्णहरूको साङ्गीतिक ध्वनिले नै लय उत्पन्न हुन्छ । कवितामा लय उत्पन्न गर्ने अर्को तत्व अनुप्रास हो । पद्य कविता छन्दयुक्त हुन्छ । छन्दमा लय हुन्छ ।गद्य कवितामा पनि भित्री लय वा अन्तर्लयको सृजना गरी लेखिएको हुनुपर्दछ । यसकारण कवितामा लयविधान अत्यन्त आवश्यक ठानिन्छ । नेपाली कविमा शास्त्रीय छन्द, मात्रा छन्द, लोकलय एवं मुक्त वा गद्य लय मुख्य रूपमा प्रचलित छन् ।

### ३.१.३.६ कथनपद्धति

कवितामा कविले आफू कुन स्थानमा बसेर आफ्ना भावना र अनुभूतिको अभिव्यक्ति दिएको छ, त्यसैको आधारमा गरिने निक्यौल कथनपद्धति हो । यसलाई दृष्टिबिन्दु तथा कथनढाँचा पनि भनिन्छ । कवितामा विशेष गरेर प्रथम पुरुष दृष्टिबिन्दु र तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिन्छ । प्रथमपुरुष दृष्टिबिन्दुमा म, हामी सर्वनामको प्रयोग गरिन्छ। प्रथम पुरुष दृष्टिबिन्दुलाई आन्तरिक दृष्टिबिन्दु पनि भनिन्छ । तृतीय पुरुष दृष्टिबिन्दुमा तृतीय पुरुष सर्वनामको प्रयोग गरिन्छ । यसलाई बाह्य दृष्टिबिन्दु पनि भनिन्छ । कथन ढाँचालाई अझ विशिष्ट रूपमा उल्लेख गर्दा कवि प्रौढोक्ति र कवि निबद्ध वक्तृ प्रौढोक्ति भनिन्छ ।

### ३.१.३.७ अलङ्कार,बिम्ब एवं प्रतीक विधान

काव्यशोभा उत्पन्न गर्ने धर्म गुण हो । त्यसलाई बढाउने धर्म अलङ्कार हो ।[१७] कविता उत्कृष्ट बनाउन र कवितामा भाव सौन्दर्य सिर्जना गर्न कविले कवितामा अलङ्कार र बिम्बको उचित संयोजन गर्दछ । त्यसैले बिम्ब र प्रतीक र अलङ्कार कविताको अनिवार्य तत्व हो । कवितामा शब्दालङ्कार र अर्थालङ्कार गरी दुई अलङ्कारको प्रयोग गरिन्छ । अलङ्कारले कवितामा शब्द र अर्थगाम्भीर्य प्रदान गरेर उत्कृष्ट बनाउँछ ।

### ३.१.३.८ व्यञ्जनाविधान

कविताको भाषा सोझो नभएर घुमाउरो हुन्छ । कवितामा प्रयोग गरिने भाषा अभिधा नभएर व्यञ्जना युक्त हुन्छ । कवितामा व्यञ्जना शब्दशक्तिले बुझाउने वाच्यार्थ र लक्ष्यार्थपछिको व्यङ्ग्यार्थ प्रकट गराउन सकेमा मात्र कविता उत्कृष्ट बन्छ । यसरी कवितामा व्यञ्जनाको उचित संयोजन गर्न सक्नु व्यञ्जना विधान हो ।

### ३.१.३.९ भाषाशैली

भाषा भावाभिव्यक्तिको माध्यम हो भने शैली भाव अभिव्यक्तिको पद्धति हो । कविताको भाषा पद्यात्मक र गद्यात्मक  दुबै हुन्छ । कविताको भाषा गद्यात्मक वा पद्यात्मक जे भएपनि कलात्मक र लयात्मक हुनुपर्दछ । कवितामा स्तरीय भाषाको प्रयोग हुनुपर्दछ जसले कविताको उत्कृष्ट भाव व्यक्त गर्न सक्छ । [७]

## ३.२ नेपाली कविताको विकासक्रम

नेपाली कविताको लेखन वि.सं. १८२६ को सुवानन्द दासद्वारा रचित  'पृथ्वीनारायण शाह' देखि प्रारम्भ भएर हालसम्म आएको छ । नेपाली कविताको काल विभाजनमा विभिन्न विद्वानहरूबिच मतान्तर रहे तापनि त्रिभुवन विश्वविद्यालको अध्ययन परम्परामा  निर्धारण गरे अनुसार नेपाली कविताको इतिहासलाई निम्नानुसार काल विभाजन गरेको देखिन्छ :

---

१७. डा. हेमाङ्गराज अधिकारी, पूर्वीय समालोचना सिद्धान्त, ते. सं. (ललितपुर,: सा. प्र., २०४३), पृष्ठ ५० ।

**नेपाली कविताको विकासक्रम (वृक्षरेखामा)**

- प्राथमिक काल (१८२६-१९४०)
  - वीरधारा काल (१८२६-१८७२)
  - भक्तिधारा काल (१८७३-१९४०)
  - **प्रतिनिधि कवि भानुभक्त आचार्य**
- माध्यमिक काल (१९४१-१९७४)
  - पूर्वार्ध/पूर्वमाध्यमिक काल (१९४१-१९६१)
  - उत्तरार्द्ध/उत्तर माध्यमिक काल (१९६२-१९७४)
  - **प्रतिनिधि कवि मोतीराम भट्ट**
- आधुनिक काल (१९७५ देखि हालसम्म)
  - परिष्कारवादी धारा (१९७५ देखि प्रारम्भ) प्रतिनिधि कवि लेखनाथ पौड्याल
  - द्वितीय मोड स्वच्छन्दतावादी प्रगतिवादी धारा (१९९१ देखि प्रारम्भ) प्रतिनिधि कवि लक्ष्मीप्रसाद देवकोटा
  - तृतीय मोड प्रयोगवादी धारा (२०१७ देखि प्रारम्भ) प्रतिनिधि कवि मोहन कोइराला
  - चतुर्थ मोड समसामयिक धारा (२०३० देखि प्रारम्भ) प्रतिनिधि कवि दिनेश अधिकारी

नेपाली कविताको काल विभाजन

प्राथमिक काल (वि.सं. १८२६-१९४०)

माध्यमिक काल (वि.सं. १९४१- १९७४)

आधुनिक काल (वि.सं. १९७५- हालसम्म)

### ३.२.१ प्राथमिक काल

नेपाली कविताको प्राथमिक काल पृथ्वीनारायण शाहको नेपालको एकीकरण अभियान (१८२६) सँगसँगै सुरु भएर मोतीराम भट्टको अभ्युदयसम्मको समयलाई प्राथमिक काल भनिन्छ । लोकपरम्परा, अभिलेख र ग्रन्थ लेखनबाट कविता लेखन सुरु भएको पाइन्छ । पृथ्वीनारायण शाहको एकीकरण अभियानसँगै वीरवन्दना, वीरस्तुति, वीरभावलाई कविताको केन्द्रीय भाव बनाई कविता लेखन सुरु गरिएको यसकालमा वि.सं. १८७२ को सुगौली सन्धिले मेची र महाकाली पारिका सम्पूर्ण भूभाग गुमाउनुपर्दा देशको सीमारेखा साँघुरिन पुगी राष्ट्रिय चोट परेको र एकीकरण कालमा गुमाउनुपरेका आफन्तहरूको पीडासमेतले नेपाली कवितामा भक्ति भावका कविताले प्रश्रय पाएको देखिन्छ । यस कालका कविताहरूलाई प्रवृत्तिगत भिन्नताका आधारमा निम्न दुई चरणमा विभाजन गरिन्छ ।[१८]

१८. वासुदेव त्रिपाठी र अन्य (सम्पा) (२०५३), नेपाली कविता भाग ४ दो. सं. (ललितपुर,: सा. प्र.,), पृष्ठ १६-२१ ।

१. पूर्वाद्ध वीरधारा (वि.सं. १८२६-१८७२)

२. उत्तरार्द्ध भक्तिधारा (वि.सं. १८७३- १९४०)

## १. पूर्वाद्ध वीरधारा (वि.सं. १८२६-१८७२ सम्म)

प्राथमिककालको पूर्वाद्ध चरण नेपाली कविताको आदिकाल हो । पृथ्वीनारायण शाहको एकीकरण अभियानदेखि सुगौली सन्धि (१८७२) पूर्वको समयावधि नेपाली कविताको वीरधारा काल भनिन्छ । यो समय पृथ्वीनारायण शाहले नेपालको एकीकरण गरेको समय भएको हुनाले यसको प्रभाव नेपाली कवितामा पनि पऱ्यो । यस समयमा वीरहरूको प्रशस्ति, वीरबन्दना राष्ट्रिय एकताको उच्च भाव, युद्धवर्णन, शासकीय स्तुति लेख्ने काम भएको छ । यो नेपाली कविता लेखनको आभ्यासिक चरण हो । यस चरणमा प्रमुख कविहरूमा सुवानन्द दास, शक्तिबल्लभ अर्याल, उदयानन्द अर्याल, सुन्दरानन्द बाँडा, राधा बल्लभ अर्याल, युदुनाथ पोखरेल, रामभद्र पाध्या रेग्मी, गुमानी पन्त आदि देखा पर्दछन् । यसकालका प्रमुख कवितामा सुवानन्ददासका पृथ्वीनारायण शाह, शक्तिबल्लभको 'तनहुँ भकुण्डो' उदयानन्दको 'पृथ्वीन्द्रोदय' आदि रहेका छन् ।

## ३.२.१.२ उत्तरार्द्ध : भक्तिधारा (वि.सं. १८७३-१९४० सम्म)

वि.सं. १८७२ मा नेपाल अङ्ग्रेजका सुगौली सन्धि भएपछि एकीकरण कार्य रोकियो । नेपालीहरूको जोस सेलाउँदै गयो, जनतामा नैराश्य उत्पन्न भयो र नेपाली कविहरू भक्ति वा ईश्वरीय चिन्तनतिर लाग्छन् र भक्तिभावका कविताहरू लेख्न थाल्छन् । यसरी सुगौली सन्धि र नेपाली समाजमा प्राचीनकालदेखि रहेको धार्मिक भावले गर्दा नेपाली कविहरू भक्तिधाराका कविता लेख्न थाले । यसरी सुगौली सन्धिदेखि मोतीराम भट्ट (१९४०) को अभ्युदय हुनुपूर्वको समयावधि नेपाली कविताको भक्तिधारा हो । यस भक्तिधाराभित्र तिन उपधारा देखापरे– रामभक्ति धारा, कृष्ण भक्तिधारा र सन्त भक्तिधारा ।

श्री रामको जीवनसँग सम्बन्धित विविध पक्षलाई विषयवस्तु बनाई वा श्रीरामलाई इष्टदेव मानेर कविता लेख्ने कविहरू राम भक्तिधारा अन्तर्गत पर्दछन् । यस धाराका प्रमुख कविहरूमा रघुनाथ पोखऱ्याल, भानुभक्त आचार्य, पतञ्जली गजुऱ्याल आदि देखा पर्दछन् । यस चरणमा रघुनाथ पोखऱ्यालको रामायणको सुन्दरकाण्ड (पाँचौ सर्गसम्म) भानुभक्तका भक्तमाला ( १९१७) प्रश्नोत्तर (१९१०), रामायण (१९१०) बधूशिक्षा (१९१९) रामगीता (१९२५) कृतिहरू

देखा पर्दछन् । भानुभक्तले रामायण (१९१०) जस्तो कृतिको नेपाली भावानुवाद गरे जुन नेपालीपन र मौलिकताले भरिएको पाइन्छ । यसै रामायणले उनलाई प्राथमिकलीन विशिष्ट कवि एवम् लोकप्रिय कवि बनायो । भानुभक्त मौलिकदेखि अनुवादसम्म, लघु रूपदेखि बृहत् रूपसम्म, फुटकर कवितादेखि महाकाव्यसम्म रचना गर्ने विशिष्ट प्रतिभा हुन् ।

श्रीकृष्णको जीवनसँग सम्बन्धित भएर वा श्रीकृष्णलाई इष्टदेवता मानेर कविता लेख्ने कृष्ण भक्तिधारा अन्तर्गत पर्दछन् । यस धाराका प्रमुख कविहरूमा इन्दिरस, विधारण्यकेशरी अर्याल, वसन्त शर्मा, वीरशाली पन्त, हीनव्याकरणी विद्यापति, पतञ्जली गजुऱ्याल, यदुनाथ पोखेल देखापर्दछन् । यस चरणमा इन्दिरसको गोपिका स्तुति, विद्यारण्यकेशरीको 'दौपदी स्तुति' वसन्त शर्माको श्रीकृष्णचरित्र र समुद्रलहरी वीरशाली पन्तको 'श्रीकृष्ण चरित्र' पतञ्जली गजुऱ्यालको 'बालगोपाल वाणी' देखापर्दछन् ।

सन्तधारा वा निर्गुण भक्ति धाराका कविले ईश्वरलाई ब्रह्मको रूप मान्दै निर्गुण ब्रह्माको उपासना गर्छन् । यस धाराका कवितामा जातिभेद, अत्याचार, दुराचारको विरोध, मानवतावादको समर्थन र मुक्तिलाई कविताको विषयवस्तु बनाएको पाइन्छ । यस धाराका कविहरूमा शशीधर, अगम दिलदास, ज्ञान दिलदास र अखण्ड दिलदास आदि देखिन्छन् ।

प्राथमिक काल कविता लेखनको प्रारम्भिककाल हो ।  यस चरणमा वीर वन्दना, राष्ट्रभक्तिको भावना, शासकको स्तुति, ईश्वर भक्तिका कविता लेखेको पाइन्छ । वीररस, भक्तिरसयुक्त कविता, शास्त्रीय छन्द र लोकलयको प्रयोग, मौलिक र संस्कृतबाट अनुवाद रूपान्तरण समेत यस चरणका विशेषता हुन् । यो प्रारम्भिक चरण भएकोले विधागत शिल्पमा सचेतताको कमी पाइन्छ । यो काल प्रकाशनको सम्भावना नरहेको लेखोटको युग हो ।

### ३.२.२ माध्यमिक काल (वि.सं. १९४१- १९७४)

नेपाली कविताको माध्यमिक कालको थालनी मोतीराम भट्टको आगमनसँगै भएको हो । नेपाली साहित्यमा मोतीरामले भानुभक्तको सुन्दरकाण्डको छपाइ (मुद्रण) र प्रकाशनको सुरुवात गरे । मोतीमण्डलीको गठन, गजल र शृङ्गारिक धाराको प्रारम्भ जस्ता महत्वपूर्ण र युगान्तकारी काम गरे ।  प्राथमिककाल लेखोटको युग थियो भने माध्यमिक काल प्रकाशनको युग हुन पुग्यो । मोतीरामको समयदेखि (१९४१) सुरु भएर **सूक्तिसिन्धु** (१९७४) को प्रकाशनसम्मको समयावधि नेपाली कविताको माध्यमिककाल मानिन्छ । माध्यमिक कालका

नेपाली कविताहरू मूल रूपमा शृङ्गारिक भए तापनि वीर र भक्तिभावका पनि केही कविताहरू पाइन्छन् । माध्यमिककाललाई दुई भागमा विभाजन गर्न सकिन्छ ।[१९]

१. पूर्वमाध्यमिक काल (वि.सं. १९४१- १९६१)

२. उत्तरमाध्यमिक काल (वि.सं. १९६२- १९७४)

### ३.२.२.१ पूर्वमाध्यमिक काल (वि.सं. १९४१- १९६१)

मोतीराम भट्ट माध्यमिककालीन नेपाली कविताका प्रवर्तक हुन् । उनकै सक्रियतामा मोतीमण्डलीको निर्माण भई अन्य कविहरूले पनि शृङ्गारिक कविताहरू लेखेको पाइन्छ । यसमा समयपूर्ति लेखन र कविताको लेखन, गजलको लेखन , निर्देशन र नेतृत्व  मोतीरामले गरेको पाइन्छ । मोतीमण्डलीमा शृङ्गारिक कविता लेखनकै वर्चस्व रहेको पाइन्छ । यसकालका कविहरूमा मोतीराम भट्ट, राजीवलोचन र लक्ष्मीदत्त पन्त प्रमुख मानिन्छन् । यस चरणमा मोतीराम भट्टको पिकदूत, पञ्चकप्रपञ्चक मनोद्वेगप्रवाह, राजीवलोचनको केदारकल्प, पतिव्रता धर्म, लक्ष्मीदत्त पन्तका फुटकर कविताहरू देखा पर्दछन् । यस चरणका केन्द्रीय प्रतिभा मोतीराम भट्ट नै हुन् ।

### ३.२.२.२ उत्तरमाध्यमिक काल (वि.सं. १९६२- १९७४)

मोतीराम भट्टको देहावसानपछि काठमाडौँमा संस्कृत अध्ययन गरिरहेका युवा कविहरूले सामुहिक रूपमा वि.सं. १९६२ मा 'कविताकल्पद्रुम' कविता सङ्ग्रह प्रकाशित गरेपछि नेपाली कविताको उत्तरमाध्यमिक काल सुरु हुन्छ । सूक्तिसिन्धु(१९७४)मा उत्कर्षमा पुगी यहीँबाट नै यस युगको समाप्ति पनि भएको देखिन्छ । यस कालका केन्द्रीय प्रतिभा शम्भुप्रसाद ढुङ्गेल हुन् । यस कालका कविहरूमा शम्भुप्रसाद ढुङ्गेल, रामप्रसाद सत्याल, कृष्णप्रसाद रेग्मी, लक्ष्मीदत्त पन्त हुन् । यस धाराका प्रमुख कृतिहरू शृङ्गार दर्पण, कविताकल्पद्रुम, सूक्तिसिन्धु, वेश्यावर्णन, चन्द्रप्रतापवर्णन रहेका छन् ।

यस धारामा शिष्ट शृङ्गारको प्रयोग भएको पाइन्छ भने पछि सामाजिक मान्यताको सीमा नाघेर अश्लील साहित्यको सिर्जना भएको पाइन्छ । यस चरणमा सामुहिक कविता लेखनको  प्रयास, मुद्रण र प्रकाशनको युगमा प्रवेश,  शृङ्गारिक  भावधाराका कविता  लेखन,

१९. पूर्ववत्, पृष्ठ १११ ।

संस्कृत वार्णिक छन्दको प्रयोग खण्डकाव्य समकक्षी कविता लेखन, हलन्त र अजन्त भाषाको प्रयोग, बाह्रमासा, सवाई शैलीको प्रयोग गरेर कविता लेखन गरेको पाइन्छ । गजलको प्रारम्भ र विकास,अनुवादरूपान्तरण अन्य भाषाबाट पनि गरिएको पाइन्छ । उत्तरार्द्धमा काव्य सचेतता बढ्दै गएको देखिन्छ । यस कालका केन्द्रीय प्रतिभा मोतीराम भट्ट हुन् ।

### ३.२.३ आधुनिक काल

नेपाली कवितामा आधुनिककालको कालविभाजनमा विद्वानहरूमा मतमतान्तर रहेको पाइन्छ । कसैले १९९१, कसैले वि.सं. २००८, कसैले वि.सं. २०१० को समयबाट आधुनिक काल मानेका छन् भने त्रि.वि. पाठ्यक्रमअनुसार नेपाली कविताको आधुनिककाल, माध्यमिककालीन शृङ्गारिक कवितासङ्ग्रह **सूक्तिसिन्धु** (१९७४) पछि लेखनाथ पौड्यालको 'ऋतुविचार' (१९७५) देखि आधुनिक काल भित्रिएको मानिन्छ । लेख्य नेपाली व्याकरणको चासो बढ्नु, हलन्त बहिष्कारवादी आन्दोलनको प्रभाव, व्याकरणिक नियमअनुसार कविता लेख्नु, भाषिक स्तरीयताको प्रयोग र श्रृङ्गारधाराप्रतिको मोह हट्नु, आधुनिक भारतीय, बङ्गला हिन्दी, भारतीय भाषाका नवनव धाराप्रति आकर्षित भई पाश्चात्य प्रवृत्तिप्रति आकृष्ट हुँदै जानु, बौद्धिक र समाजसचेत कविता लेखनसँगै लेखनाथ पौड्यालको नेतृत्वमा वि.सं. १९७५ देखि आधुनिककाल भित्रिएको पाइन्छ ।

आधुनिककालको विकाससँगै विभिन्न मोड एवं धाराहरू देखिएका छन् जुन निम्न अनुसार छन् :[२०]

१. प्रथम मोड– परिष्कारवादी धारा (वि.सं. १९७५ देखि प्रारम्भ)

२. द्वितीय मोड-स्वच्छन्दतावादी प्रगतिवादी धारा (वि.सं. १९९१ देखि प्रारम्भ)

३. तृतीय मोड- प्रयोगवादी धारा (२०१७ देखि प्रारम्भ)

४. चतुर्थ मोड- समसामायिक धारा (वि.सं. २०३० देखि प्रारम्भ)

#### ३.२.३.१ प्रथम मोड– परिष्कारवादी धारा (वि.सं. १९७५ देखि प्रारम्भ)

वि.सं. १९७४ मा प्रकाशित 'सूक्तिसिन्धु' 'कविता सङ्ग्रह प्रतिबन्ध भएदेखि र देवकोटाको आगमनपूर्वको समय नेपाली कविताको परिष्कारवादी धारा मानिन्छ । वि.सं.

२०. पूर्ववत्, पृष्ठ ११३ ।

१९७५–१९९० भनी परिष्कारवादी धाराको सीमाङ्कन गर्ने गरिएतापनि परिष्कारवादी भावधारा हालसम्म कायमै रहेकाले प्रारम्भमात्र उल्लेख गर्नु उपयुक्त हुन्छ । नेपाली कवितामा शृङ्गारिक प्रवृत्तिको अन्त्य, बौद्धिक, धार्मिक र आध्यात्मिक चेतनाको थालनी, लेख्य व्याकरणको अनुशासन, शिल्पगत, सचेतता, परिष्कृत रूप, आत्मपरक अभिव्यक्ति, वस्तुपरकतामा जोड, भावनालाई बौद्धिकताले नियन्त्रण गर्ने र कवितातत्वका आधारमा कविता लेख्ने प्रवृत्ति परिष्कारवादी कविताहरूमा देखिन्छ । यस धाराका केन्द्रीय प्रतिभा लेखनाथ पौड्याल हुन् । यस धारामा यिनले लेखेको प्रकृतिकाव्य 'ऋतुविचार', बौद्धिक काव्य **बुद्धिबिनोद**, परिष्कारवादका प्रवर्तक काव्य मानिन्छन् । यस धाराका कविहरूमा लेखनाथ पौड्याल, सोमनाथ सिग्द्याल, चक्रपाणि चालिसे, धरणीधर कोइराला, कुलचन्द्र गौतम बालकृष्ण सम आदि छन् । यस धाराका प्रमुख कृतिहरूमा लेखनाथ पौड्यालको सत्यकलिसंवाद, ऋतुविचार, तरुणतपसी, लालित्य भाग १,२ सोमनाथ सिग्द्यालको आदर्शराघव, चक्रपाणि चालिसेको 'चक्र कविता तरङ्गिणी' धरणीधर कोइरालाको नैवेद्य, कुलचन्द्र गौतमको राघावालङ्कार बालकृष्ण समको 'आगो र पानी', चिसोचुल्हो आदि रहेका छन् ।

शृङ्गाकारिताको परित्याग, बौद्धिकताको अनुशरण, फुटकर कवितादेखि लिएर खण्डकाव्य र महाकाव्यसम्मको रचना, पूर्वीय पाश्चात्य दर्शनको प्रभाव, सामाजिक, सांस्कृतिक, नैतिक एवं आध्यात्मिक पुनर्जागरण, पाण्डित्यपूर्ण प्रस्तुति, वस्तुपरक प्रकृतिचित्रण, शिल्पसचेतता, लेख्य व्याकरणनियमको पालना, शास्त्रीय, मुक्त र लोकछन्दको प्रयोग, पूर्वीय ज्ञान र पाश्चात्य विज्ञानको समन्वय आदि प्रवृत्ति यस धाराका प्रमुख प्रवृत्ति हुन् ।

### ३.२.३.२ द्वितीय मोड-स्वच्छन्दतावादी प्रगतिवादी धारा (वि.सं. १९९१ देखि प्रारम्भ)

नेपाली साहित्यमा स्वच्छन्दतावादी धाराको सुरुवात वि.सं. १९९१ साल मार्ग १५ गतेको गोरखापत्रमा प्रकाशित लक्ष्मीप्रसाद देवकोटाको **पूर्णिमाको जलधि** र १९९१ फागुनको **शारदा** वर्ष १, अङ्क १ मा देवकोटाको **गरिब** कविता र सिद्धिचरण श्रेष्ठको **जुनेली रातमा निर्झर** कविताको प्रकाशनबाट भएको हो । शास्त्रीयतावादको विरुद्ध साहित्यमा उन्मुक्त कल्पनाभाव, बौद्धिकताका विरुद्ध हार्दिकता एवं स्वतःस्फूर्त लेखन, वस्तुपरकताभन्दा आत्मपरकता, निर्वैयक्तिकता भन्दा वैयक्तिकता, कल्पनाको स्वच्छ उडान, प्रकृतिप्रेम, समानता, स्वतन्त्रता र भ्रातृत्वमा आधारित मानवतावाद नै स्वच्छन्दतावादका प्रवृत्ति हुन् ।

वि.सं. १९९१ सालमा सुरु भएको स्वच्छन्दतावादी धारा वि.सं. २००३ सालसम्म विकसित भएको देखिन्छ । २००४ सालपछि (देवकोटाको बनारस प्रवासपछि) उनकै कवितामा प्रगतिवादी- क्रान्तिकारी भाव व्यक्त भएका कविता लेखनपछि प्रगतिवाद देखा परेको पाइन्छ । स्वच्छन्दतावादी प्रगतिवादी धाराका प्रमुख कविहरूमा लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, युद्धप्रसाद मिश्र, गोपालप्रसाद रिमाल, माधवप्रसाद घिमिरे, केदारमान व्यथित, भूपि शेरचन, हरिभक्त कटुवाल, पोषण पाण्डे, पारिजात, कालिप्रसाद रिजाल, हृदयचन्द्रसिंह प्रधान, कृष्णचन्द्रसिंह प्रधान, वासु शशी आदि देखापर्दछन् ।

यस चरणका प्रमुख कविता कृतिहरूमा देवकोटाका छ सय पचास भन्दा बढी फुटकर कविताहरू सङ्गृहीत चौध भन्दा बढी कविता सङ्ग्रहहरू (**भिखारी, जन्मोत्सव र मुटुकाथोपा, मनोरञ्जन, भावनागाङगेय, गाइने गीत, आकाश बोल्छ** आदि), **मुनामदन, कुञ्जिनी, लुनी** आदि २१ भन्दा बढी खण्डकाव्यहरू र **शाकुन्तल, सुलोचना , प्रमिथस** आदि आधा दर्जनभन्दा बढी महाकाव्यहरू प्रकाशित छन् भने सिद्धिचरण श्रेष्ठका मेरो **प्रतिबिम्ब, कोपिला, कुहिरो र घाम, तिरमिर तारा, बाँचिरहेको आवाज,** युद्धप्रसाद मिश्रका **चरा, बाढी,** गोपालप्रसाद रिमालको **आमाको सपना**, माधवप्रसाद घिमिरेका **नवमञ्जरी, घामपानी, बाललहरी, किन्नरकिन्नरी**, केदारमान व्यथितका **सङ्गम, एकदिन, आवाज बदलिएका बादलका आकृति**, भूपि शेरचनका **नयाँ झ्याउँरे, निर्झर, घुम्ने मेचमाथि अन्धो मान्छे**, हरिभक्त कटुवालका **सम्झना, पूर्व किरण, यो जिन्दगी खै के जिन्दगी,** पोषण पाण्डेको **मनसा,** पारिजातको **पारिजातका कविताहरू,** कालीप्रसाद रिजालका **ज्वारभाटा, रिजालका केही कविता,** वाशु शशीका **मेरी उषा, पानी गल्दैन, वासु शशीका कविता** आदि रहेका छन् ।

वर्णमात्रिक, मात्रिक, गद्य, लोकलयका कविता लेखन, स्वच्छन्दतावादी प्रगतिवादी भावधारा विद्रोहचेत, व्यङ्ग्य, क्रान्तिकारी स्वर, शिल्पभन्दा भावनामा जोड, समानता, स्वतन्त्रता र भावमा जोड, राष्ट्रियता, राष्ट्रप्रेमको अभिव्यक्ति, राजनीतिक जागरण, प्रगतिशीलता, नारीवादी चिन्तन, मानवतावादी चेतना, युगीन विसङ्गति र विकृतिप्रति आक्रोश, प्रकृतिको आत्मपरक चित्रण, सामाजिक उन्नति र प्रगतिको चाहना, मार्क्सवादी चिन्तनको प्रभाव, प्राकृतिक सांस्कृतिक बिम्ब प्रतीकको प्रयोग यस चरणका कविताका विशेषता हुन् ।

### ३.२.३.३ तृतीय मोड- प्रयोगवादी धारा (२०१७ देखि प्रारम्भ)

परम्परागत लेखनभन्दा भिन्न एवम् नयाँ शैलीका साथ वि.सं. २०१७ मा मोहन कोइरालाको 'घाइते युग' कवितादेखि प्रयोगवादी धाराको सुरुवात भएको हो । प्रतीकवाद, बिम्बवाद, अतियथार्थवाद, विसङ्गतिवाद, अस्तित्ववाद, अवचेतन निरीश्वरवाद, आधुनिक मनोविज्ञानले स्थापना गरेका वासना, यौन, अवचेतन मनका अनुभूति र शृङ्खलाविहीन अनुभूतिको लेखन नै प्रयोगवादी कविता लेखन बन्न पुग्यो । यस धाराका कविहरूमा मोहन कोइराला, कृष्णभक्त श्रेष्ठ, उपेन्द्र श्रेष्ठ जगदीश समसेर राणा, मदन रेग्मी, ईश्वर बल्लभ, वैरागी काइँला, तुलसी दिवस आदि देखापर्दछन् । यस धाराको प्रवर्तन, उत्थान, सम्वर्द्धन र विकास गर्ने केन्द्रीय प्रतिभाका रूपमा मोहन कोइराला देखिन्छन् । यस धाराका प्रमुख कविता कृतिहरूमा मोहन कोइरालाका **सारङ्गी बोकेको समुद्र, हिमचुली रक्तिम छ आदि**, उपेन्द्र श्रेष्ठका **निम्ता र पञ्चायत,** मदन रेग्मीको **मदन रेग्मीका कविता** ईश्वर बल्लभका **आगाका फूलहरू हुन् आगाका फूलहरू होइनन्, समान्तर,** वैरागी काइँलाको **वैरागी काइँलाका कविताहरू,** वानिरा गिरीको **एउटा जिउँदो जङ्गबहादुर** आदि रहेका छन् ।

वि.सं. २०१७ सालको राजनीतिक परिवर्तनबाट उत्पन्न हीनता, कुण्ठा, निराशा, जटिलता, अकर्मण्यता, अस्तव्यस्तता, अमूर्त चित्रण, क्लिष्टता, दुर्बोध्यता, प्रतीकात्मकता सन्त्रास, भय आदिको चित्रण व्यष्टिमा नअर्थिने र समष्टिमा अर्थ लगाउनुपर्ने, लामा गद्य कविताको सिर्जना, आख्यान निरपेक्ष, विशृङ्खल भाषा, चित्रात्मक भाषाशैलीको प्रयोग विचलनयुक्त भाषाको प्रयोग यस धाराका कवितात्मक विशेषताहरू हुन् ।

### ३.२.३.४ चतुर्थ मोड- समसामायिक धारा (वि.सं. २०३० देखि प्रारम्भ)

आधुनिक नेपाली कविताको पछिल्लो चरण (वि.सं. २०३० देखि हालसम्मको समयावधि) लाई समसामयिक धारा भनिन्छ । नेपाली कवितामा प्रयोगवादी धाराको दुर्बोध्य र जटिल अभिव्यक्तिका कारण कविता बुझिने हुनुपर्दछ भन्दै प्रयोगवादका विरुद्धमा **राल्फा, योङ राइटर्स फ्रन्ट, बुटपालिस, अमलेख, अस्वीकृत जमात** जस्ता आन्दोलन र अभियान भएको पाइन्छ । फलस्वरूप समसामयिक कविताहरू बुझिने अर्थिने सरल सम्प्रेष्य भाषाको प्रयोगमा राष्ट्रिय, अन्तर्राष्ट्रिय समसामयिकताप्रति चिन्तनशील रहेको पाइन्छ । यस अवधिका कविहरूले कल्पना, अतिशय भावुकता र अमूर्ततालाई त्यागेर वर्तमानमा मान्छेले भोगिरहेको जीवन, देशको गिर्दो स्थिति, विकृत सामाजिक मूल्यमान्यता, बढ्दो महङ्गी, विसङ्गत हुँदै गएका

सामाजिकसांस्कृतिक अवस्था, राजनीतिकप्रशासनिक भ्रष्टाचार, अन्याय, अत्याचार, गरिबी शोषण, अशिक्षा, पछौटेपन आदि विषयलाई कवितात्मक स्वरूप प्रदान गर्ने गरेको पाइन्छ ।[२१]

यस धाराका कविहरूहरूमा दिनेश अधिकारी, पारिजात, ध्रुवचन्द्र गौतम, ईश्वरवल्लभ, मनुब्राजाकी, मोदनाथ प्रश्रित, विमल निभा, नयनराज पाण्डे, ज्ञानुवाकर पौडेल, तोया गुरुङ्ग, फणीन्द्र नेपाल, सीता पाण्डे, कृष्णभूष बल, ईश्वरचन्द्र ज्ञवाली, निलम कार्की वासुदेव अधिकारी, दिल साहनी, आनन्ददेव भट्ट, विनय रावल, मधुसुदन गिरी, जगत 'प्रेक्षित' आदि छन् भने स्थानीय कविहरूमा नन्दराम लम्साल, बि. विकास, प्रेमप्रकाश मल्ल 'मधुकर', इन्द्रमणि 'मानव', तीर्थमान श्रेष्ठ, पूर्णलाल चुके, डा. गोपाल शर्मा अधिकारी, नारायणप्रसाद शर्मागैरे, हरिप्रसाद तिमिल्सिना,राजेन्द्र धिताल, डा.दीपक गौतम, कृष्णराज डि.सी.,इन्द्र भण्डारी'इन्द्रेणी' इश्वरी रिजाल'उल्कापात', इन्द्रबहादुर बस्नेत आदि देखापर्दछन् ।

युगीन यथार्थ, जीवनभोगाइ, सामाजिक-सांस्कृतिक विकृति-विसङ्गति, महङ्गी, भ्रष्टाचार, अन्याय, अत्याचार दुराचार शोषणप्रति आक्रोश, मानवीय मूल्यको खोजी, गद्यशैलीतर्फ आकृष्ट, लामाभन्दा मुक्तक शैलीका कविताप्रति आकृष्ट, सरल, सहज सम्प्रेष्य र शृङ्खलित भाषाशैलीको प्रयोग भावचिन्तन, विषय र बिम्ब प्रतीकको उचित समन्वय आदि यस धाराका कवितात्मक विशेषताहरू हुन् ।

## ३.४ निष्कर्ष

पूर्व, पश्चिम र नेपाली साहित्यमा समेत सर्वप्राचीन विधाका रुपमा रहेको कविता छन्दोबद्ध वा छन्दमुक्त, कलात्मक, भाषिक रचना हो, जुन कविको अनुभूतिबाट निस्कन्छ । कवितामा कला र भाव दुई पक्ष हुन्छन् । समग्रमा कविताका तत्व, विषयवस्तु, शीर्षक संरचना, मूलभाव, भाषाशैली, लय, बिम्बप्रतिकअलङ्कार तथा कथनढाँचालाई लिन सकिन्छ ।

नेपाली साहित्यमा १८२६ तिर सुवानन्ददासको **पृथ्वीनारायण शाह** कविताबाट प्रारम्भ भएको नेपाली कविताको इतिहासलाई प्राथमिक काल, माध्यमिक काल र आधुनिककाल गरी तिन चरणमा विभाजन गरिएको छ । आधुनिक काललाई प्रथम मोड (परिष्कारवादी धारा), द्वितीय मोड (स्वच्छन्दतावादी प्रगतिवादी धारा), तृतीय मोड (प्रयोगवादी धारा) र चतुर्थ मोड (समसामयिक धारा) गरी चार उपमोडमा विभाजन गरिएको पाइन्छ ।

---

२१. पूर्ववत्, पृष्ठ १२२-१२७ ।

यसरी झन्डै २५० वर्षको हाराहारीमा पुग्न लागेको नेपाली कविता वर्तमानमा विश्वका नवीनतम कविताशिल्प एवम् प्रविधिहरुको प्रयोग गर्दै युगबोध, युगीन आवाज तथा समसामयिक विषयवस्तुलाई आत्मसात गर्दै विश्वसाहित्य समकक्षी बन्दै गएको छ । हालसम्मको इतिहास हेर्दा नेपाली कविताको भविष्य उज्ज्वल र सुन्दर देखिन्छ ।

# परिच्छेद : चार

# 'देश दुख्ला भनेर' कविता सङ्ग्रहको अध्ययन विश्लेषण

वि.सं. २०२२ सालमा 'जीवनमार्ग' कविता प्रकाशित गरी औपचारिक लेखन आरम्भ गरेका नन्दराम लम्सालले वि.सं. २०३१ सालमा पहिलो पुस्तकाकार कृतिका रूपमा 'मीठो कुरा' कविता सङ्ग्रह प्रकाशित गरेको पाइन्छ । **विसर्ग** कथासङ्ग्रह (२०३४) र 'आरम्भ' उपन्यास (२०३९) प्रकाशित गरी एकदशकमैं तिन कृति प्रकाशित गरेपनि तत्पश्चात झण्डै २२ वर्षपछि वि.सं. २०६१ साल वैशाखमा भेरी साहित्य समाजद्वारा '......देश दुख्ला भनेर' कविता सङ्ग्रह प्रकाशित भयो । कूल ३२ वटा कविता सङ्गृहीत यस कविता सङ्ग्रहको यस शोधपत्रमा कविता तत्वका आधारमा नामाकरण, शीर्षकसंरचना, विषयवस्तु, मूलभाव, भाषाशैली, लय, कथनढाँचा एवम् बिम्बप्रतीकअलङ्कार आदिका आधारमा अध्ययन विश्लेषण गरिएको छ ।

## ४.१ '....देश दुख्ला भनेर' कवितासङ्ग्रहको अध्ययन

कवि नन्दराम लम्सालद्वारा संरचित र वि.सं. २०६१ सालमा प्रकाशित '....देश दुख्ला भनेर' कविता सङ्ग्रह लम्सालको चौथो कृति हो । यस कृतिलाई कवितातत्वका आधारमा निम्नानुसार विश्लेषण गरिएको छ ।

### ४.१.१ नामाकरण तथा शीर्षक संरचना

#### ४.१.१.१ शीर्षक :

'....देश दुख्ला भनेर' नाम राखी प्रकाशित यस कृतिले देशले युगौयुगदेखि भोग्दै आएका आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक लगायत यथार्थहरूलाई सम्बोधन गर्न खोजेको छ । कुनै चोट, अप्ठ्यारो वा पीडाले दुखाउँछ र देशका अगाडि रहेका भ्रष्टाचारी, घुसखोरी, थिचोमिचो, विभेद, असमानता, अनैतिकताहरूले राष्ट्रलाई दुखाइरहेको यथार्थसँगै मुक्तिका लागि पटकपटकका जनआन्दोलनहरूमा जनताको स्वतस्फूर्त सहभागिताले पनि देश दुःखी रहेको बोध हुन्छ । वि.सं. २०५२ साल फागुन १ गतेबाट जनमुक्तिका लागि भनी माओवादी जनयुद्ध प्रारम्भ भएपछि सरकारी र विद्रोही पक्षबीचको द्वन्द्व, हजारौँको मृत्यु,

पारिवारिक वियोग र विस्थापनले देशलाई अझ दुखाएको, आक्रान्त पारेको यथार्थलाई सम्बोधन गरी '.....**देश दुख्ला भनेर'** शीर्षक राखिएको छ । यस सङ्ग्रहमा सङ्गृहीत पहिलो कविताको शीर्षक '....**देश दुख्ला भनेर'** राखिएको छ । यसबाहेक देशलाई दुखाउने अनेकौँ विषयवस्तुहरू अन्य विभिन्न कविताहरूमा रहेकाले सङ्ग्रहको शीर्षक विषयवस्तु अनुकूल सार्थक र औचित्यपूर्ण छ । सङ्ग्रहमा सङ्गृहीत **यथार्थ, सहिद सन्देश, बानी कसैकसैको, ठूलो मान्छ, हामी सधैँसधैँका लाटाबुङ्गा होइनौँ, कालापानी दुखिरहन्छ, पहाडका आँसु, घुषपुराण, सूर्यअस्त भो कि नेपाल मस्त भो, जेलमुक्त मन्त्री मतदातासित, मेरो हजुर** आदि कविताले शीर्षकलाई सम्बोधन गरेका छन् । अतः कवितासङ्ग्रहको शीर्षक वा नामाकरण विषयवस्तु अनुकूल औचित्यपूर्ण सार्थक र समयसापेक्ष छ ।

### ४.१.१.२ संरचना :

प्रस्तुत...**देश दुख्ला भनेर** कवितासङ्ग्रहमा १ देखि ३५ पृष्ठसम्म मूल २८ वटा शीर्षक र तिन वटा कविताका उपशीर्षक गरी जम्मा ३२ वटा कविता सङ्गृहीत छन् । प्रकाशकीय, आफ्नै मनेसो, अन्य व्यक्तित्वहरूका भनाइहरू कविताक्रम र सादर अर्पण लगायत १२ पृष्ठ गरी ४७ पृष्ठ र अगाडि रातो रङ्गमा अमूर्त चित्र र पछाडि निलो रङ्गको कभर पृष्ठ कविको फोटो सहितको परिचय र विभिन्न विद्वानका भनाइ समेत ४९ पृष्ठको लघु आयाम संरचनामा संरचित छ । प्रस्तुत कवितासङ्ग्रहमा सङ्गृहीत कविताहरुको क्रम निम्नानुसार छ :

१. ...देश दुख्ला भनेर

२. अन्धो मित्रको पत्र

३. यथार्थ

४.दुई गुच्छा

- मान्छेको स्वाभिमान

- आफ्नैआफ्नै बाटोमा

५.मानवसेवा

६.तीन गुच्छा

- जीवनःअनौठो रस
- ढुक्क मन

- विगतको उपहार वर्तमान

७. बानी कसैकसैको

८. सुर्खेतको माया

९. हाँसिरहोस् मुहार

१०.जानेहरुलाई सम्झिँदै

११. ठुलो मान्छे

१२. हामी सधैँसधैँका लाटाबुङ्गा होइनौँ

१३. बालमजदुर

१४.कालापानी दुखिरहन्छ

१५.मान्छे सङ्घर्षका गीतहरु हुन्

१६. भुइँ हेरेर उठ्ने गर

१७. पहाडका आँसु

१८. सिन्धुजल पिएर

१९. घुसपुराण

२०. सूर्य अस्त भो कि नेपाल मस्त भो

२१. हामी जसले जे गरेपनि हुन्छ

२२. लाटाबुङ्गा मोतीराम

२३. मुठीभर ढुङ्गा

२४. जेलमुक्त मन्त्री मतदातासित

२५. उनको "पागल" कविता संम्झँदै

२६. मेरो हजुर

बद्ध, मुक्त एवम् गीतिलयको प्रयोग गरिएको यस सङ्ग्रहमा अधिकतम ७५ पङ्क्तिको **'मुठ्ठीभर ढुङ्गा'** कविता र न्यूनतम चार पङ्क्तिको **'ढुक्क मन'** कविता रहेको छ । यसरी ४ देखि ७५ पङ्क्तिसम्मको आयाम रहेको कृतिमा लामा कविता प्रायः मुक्त लयमा लेखिएको पाइन्छ । मुक्त कविताहरूलाई पनि प्रायः पङ्क्तिपुञ्जमा विभाजन गरिएको छ भने न्युनतम तिन अक्षरदेखि अधिकतम बाइस अक्षरसम्मको पङ्क्ति रहेको पाइन्छ । गीतिलयका कवितामा

दुई पङ्क्तिको एक श्लोक र बद्धलयमा (शास्त्रीय) चार पङ्क्तिको एक श्लोक संरचनामा रहेका छन् । मुक्त लयमा **सूर्य अस्त**..... १२ पङ्क्तिको एक पुन्ज संरचनामा रहेको पाइन्छ ।

### ४.१.२ विषयवस्तु

प्रस्तुत **'....देश दुख्ला भनेर'** कविता सङ्ग्रहले सामाजिक यथार्थ आर्थिक, राजनीतिक, प्राकृतिक, सांस्कृतिक एवम् ऐतिहासिक विषयवस्तुलाई समेटेको पाइन्छ । **'...देश दुख्ला भनेर'** कवितामा देशको बिग्रँदो आर्थिक, सामाजिक, राजनीतिक अवस्थालाई विषयवस्तु बनाएको पाइन्छ भने **'कालापानी दुखिरहन्छ'** मा कालापानी र सुगौली सन्धिले देशलाई पुऱ्याएको अहितलाई विषयवस्तु बनाएको पाइन्छ । कविले नेपाली साहित्यमा आएको विकृति र विसङ्गतिलाई **'लाटाबुङ्गा मोतीराम'** र **उनको 'पागल' कविता सम्झँदै** विषयवस्तु बनाएको छन् । यस सङ्ग्रहमा रहेको **'सहिद सन्देश'** कविताभर देशभक्तिलाई विषयवस्तु बनाएका छन् र **'हामी सधैँसधैँका लाटाबुङ्गा होइनौँ'** कवितामा ठुलाले सानावर्गप्रति गर्ने व्यवहारलाई विषयवस्तु बनाएको पाइन्छ । जनयुद्धले सामाजिक, सांस्कृतिक अवस्थामा परेको प्रभावलाई **'पहाड आँसु'** कवितामा विषयवस्तु बनाएका छन् । नेपाली संस्कृतिमा आएको विकृति र विसङ्गति **'सूर्य अस्त भो कि नेपाल मस्त भो'** कविताको विषयवस्तु बनाएका कविले **'सुर्खेतको माया'**, **'हाँसिरहोस् मुहार'** जस्ता देशभक्ति र प्रकृति चित्रणका कविता लेखेका छन् । यी कविताका शीर्षकले पनि कवितामा प्रयुक्त मुख्य विषयलाई सङ्केत गरेको पाइन्छ ।

यसरी कवि नन्दराम लम्सालले यस कविता सङ्ग्रहमा विविध विषयवस्तु अँगाली कविताहरूको रचना गरेका छन्। २८ मूलशीर्षकमा र पाँच उपशीर्षकमा रचित कुल ३२ वटा कविताहरूको विश्लेषण शीर्षकसंरचना,मूलभाव, भाषाशैली एवं लयका आधारमा निम्नानुसार विश्लेषण गरिएको छ :

## ४.२ सङ्ग्रह भित्रका कविताहरूको अध्ययन र विश्लेषण

### ४.२.१ '...देश दुख्ला भनेर' कविताको विश्लेषण

#### ४.२.१.१ शीर्षकसंरचना

सङ्ग्रहको नाम वा शीर्षकलाई सम्बोधन गर्ने पृष्ठ एकमा प्रस्तुत पहिलो कविता **'....देश दुख्ला भनेर'** कविता हो । चार पङ्क्तिको एक श्लोक र कुल ४ श्लोकमा संरचित यस कवितामा निम्नवर्गीय नेपाली परिवारको यथार्थको सुन्दर एवम् मार्मिक चित्रण गरी

गरिबी, अशिक्षा एवम् अभावले जर्जर बनेको र दु:ख चर्चर दुखेपनि अझ बढी दुख्ला भनेर सहन बाध्य भएको विचार व्यक्त गरेकाले शीर्षक विषयवस्तु अनुकूल सार्थक र औचित्यपूर्ण छ ।

### ४.२.१.२ मूलभाव

ग्रामीण नेपाली निम्न वर्गीय किसान परिवारको आर्थिक, सामाजिक एवम् शैक्षिक रूपमा कमजोर रहेको अभावग्रस्त जनजीवनलाई हृदयसंवेद्य रूपमा प्रस्तुत गरिएको छ ।

सूक्ष्माख्यानको सङ्केत रहेको प्रस्तुत कवितामा अति कमजोर पराले झुपडी त्यसलाई नै आफ्नो सर्वस्व ठानी संरक्षण गर्ने गृहिणी, सिस्नो र जलुकोसँग आटो (ढिँडो) खानुपर्ने अवस्था फाटेको गुन्यु, न मोहीको हक न जिउनी छोरो कामका लागि विदेसिएको, ज्वरोले बोल्न नसक्ने भएको, चर्को गरिबी पीडादायक भएर दुखि रहेको भन्दै समग्रमा देश गरिबी अभाव र असमानताले दुखिरहेको र अझ बढी नदुखोस् यसभन्दा बढी दु:ख नहोस् भन्ने कामना कविले यसरी व्यक्त गरेका छन् । युगौँयुगदेखि अशिक्षा, अभाव र गरिबी नारीबाट खप्दै आएका नेपालीहरूको पीडा र कथाव्यथालाई अत्यन्त मार्मिक रूपमा प्रस्तुत गरी करुण रसको अभिव्यक्ति भएको यस कवितामा अब यस्तो अवस्थामा सुधार हुनुपर्छ र यो भन्दा बढी दुख्न हुँदैन भन्ने उत्कृष्ट विचार नै यस कविताको मूलभाव हो ।

नौलो घाम उदाउँदा पनि बरै झन् भित्र घाउ दुख्यो,
नाडीबाट नसानसाभरि चढी चर्को गरिबी दुख्यो ।

### ४.२.१.३ भाषाशैली

तद्भव, झर्रा नेपाली र अनुकरणात्मक शब्दशैय्यामा सरल, सुबोध र माझिएको भाषा प्रयोग गरिएको छ । वर्णनात्मक तथा सूक्ष्म आख्यानात्मक शैलीमा संरचित प्रस्तुत कविता सरल भईकन उत्कृष्ट, सुबोध भईकन विशिष्ट र हृदयस्पर्शी भईकन पनि मार्मिक छ । पाही, फिँजा, सिस्नो, जलुको जिउनी जस्ता शब्दको प्रयोगले नेपाली जनजीवनलाई उतार्न सफल भएको छ । मार्मिकता, हार्दिकता एवम् सरलता यस कविताको भाषिक विशेषता हो ।

### ४.२.१.४.२ लय विधान

सरल, सुबोध नेपाली शब्दहरूको प्रयोग गरी नेपाली जातीय छन्दका रूपमा चिनिने शार्दूल विक्रीडित छन्दमा रचिएको **'....देश दुख्ला भनेर'** कविता सुन्दर श्रुतिमधुर र

लयात्मक बनेको छ । १९ अक्षरको एक पाउ र चार पाउको एक श्लोक संरचनामा कुल चार श्लोकको लघु आयाममा संरचित प्रस्तुत कविता कोमलकान्त पदावलीको प्रयोगपछि र करुण रसको अभिव्यक्तिबाट हृदयस्पर्शी र उत्कृष्ट छ ।

### ४.२.१.५ बिम्ब, प्रतीक र अलङ्कारविधान

यस कवितामा अनुप्रास,अलङ्कारको विशिष्ट संयोजन भएको छ । गरिबीको शीर्षकलाई व्यष्टिबाट समष्टिमा पुऱ्याइएको छ । एक किसानको अभाव राष्ट्रको अभाव र गरिबीलाई दुःखका रूपमा प्रस्तुत गरिएको छ । झिँजा-झुस्यान जस्ता शब्द गरिबीको प्रतीकका रूपमा प्रयोग गरिएका छन् । अनुप्रास अलङ्कारको सुन्दर संयोजनले कविता श्रुति मधुर एवम् लयात्मक बनेको छ । पहिलो दोस्रो र चौथो श्लोकमा अन्तिम दुई पङ्क्तिमा अन्त्यानुप्रास भङ्ग भएको छ । पाती, पात, झिँजा, झुस्यान जस्तो छेकानुप्रास अलङ्कारको संयोजनले कविता सुन्दर बनेको  छ ।

पाती-पात झिँजा-झुस्यान बटुली, आँसु थपी बाल्दछिन्,
त्यो सिस्नो जलुगोसितै अलिकता, आटो मिसी गाल्दछिन् ।

## ४.२.२ 'अन्धो मित्रको पत्र' कविताको विश्लेषण

### ४.२.२.१ शीर्षक संरचना

प्रस्तुत **'अन्धो मित्रको पत्र'** कविता यस कविता सङ्ग्रहमा सङ्गृहीत दोस्रो कविता हो । यस कविताको आयाम हेर्दा चार पङ्क्तिको एक श्लोक र कूल पाँच श्लोकमा संरचित छ । यस कवितामा आफ्नो बालसखा चौधपन्ध्र वर्षको उमेरमा आएर अन्धो भएको र उसले अन्धो भएपछि भोग्नुपरेका पीडा र समस्यालाई व्यक्त गरेको हुनाले शीर्षक विषयवस्तुअनुसार सार्थक रहेको छ ।

### ४.२.२.२ मूलभाव

प्रस्तुत कवितामा आफ्नो अति मिलनसार बालसखा युवा अवस्थामा आएर अन्धो भएको मार्मिक अवस्थाको चित्रण गरिएको छ । अन्धो भएपछिको पीडाका साथै आमाको मृत्युको पीडा र वियोग खपेर जीवन जिउन बाध्य भएको युवक, संसार हेर्ने दुईवटा आँखाको ज्योति गुमाएपछि सुन्दर संसार उसका लागि अँध्यारो भएको अवस्था र आफूले अब केही गर्न

नसक्ने भएकोले मित्रको आशाभरोशा गर्दै मित्रको प्रगतिको कामना गरिएको छ तर आफू भने आफ्नो शारीरिक अवस्थाको कारण निराश भएको भाव कवितामा यसरी व्यक्त भएको छ :

ढुङगामाथि म ढल्छु भाग्य पनि यो  ढुङगै छ मेरो भनी,
माटोमाथि म पल्टिदिन्छ जननी आमा यिनै हुन् भनी ।

यसरी यस कवितामा कविले जीवनमा जे जस्ता पीडा समस्या आएपनि मानिसले त्यसलाई सहन गर्दै अगाडि बढ्नुपर्ने भाव प्रस्तुत भएको छ ।

### ४.२.२.३ भाषाशैली

तत्सम, तद्भव, आगन्तुक र झर्रा नेपाली शब्दहरूको प्रयोग गरी सरल सुबोध भाषाशैलीमा सूक्ष्म आख्यानत्मक शैलीमा संरचित प्रस्तुत कविता हृदयस्पर्शी र मार्मिक छ । नयन, सखा, तन, क्रूर, जननी, मञ्जरी, सौरभ आदि तत्सम, दौंतर सरवा जस्ता तत्सम शब्द, घर,ढुङगा, आमा जस्ता तदभव शब्दहरू , बच्पन, महाजन जस्ता आगन्तुक र थैवरी, लैवरी, झप्के जस्ता झर्रा नेपाली शब्दहरूको प्रयोग गरिएको छ । शार्दूलविक्रीडित छन्दमा रचिएको यो कविता आन्तरिक लयचेतना र कोमल शब्दको संयोजनले विशिष्ट बनेको छ । अन्त्यानुप्रासको प्रभावकारी प्रयोगले कविता सुन्दर श्रुतिरम्य बन्न पुगेको छ । लय, कथनढाँचा, बिम्ब आदि निम्नानुसार उल्लेख गरिन्छ :

#### ४.२.२.३.१ लयविधान

प्रस्तुत कविता १९ अक्षरको शार्दूलविक्रीडित छन्दमा सरल सुबोध भाषाशैली प्रयोग गरी  श्रुतिमधुर र लयात्मक बनाइएको छ । शार्दूलविक्रीडित छन्दका पाँचै श्लोकमा कविताको लय सुललित रूपमा प्रवाहित भएको छ । छैंटौ र बाह्रौं अक्षरमा विश्राम हुने शार्दूलविक्रीडित छन्द करुण रसमा उपयुक्त मानिन्छ । प्रस्तुत कविता नेत्रज्योति गुमाउनु परेको , मातृवियाग सहनु परेको मित्र टाढा भएको , मित्रको सम्झना गरेर आफ्ना कारुणिक भावहरू प्रस्तुत भएकाले करुण रस परिपाकमा पुगेको छ । भाव र लयको संयोजन उपयुक्त छ ।

#### ४.२.२.३.२ बिम्ब, प्रतीक र अलङ्कारविधान

प्रस्तुत कवितामा अनुप्रास अलङ्कारको सुन्दर संयोजन रहेको छ । अन्त्यानुप्रास र आध्यानुप्रास अलङ्कारको संयोजन गरिएको छ । आँखाको ज्योतिलाई चन्द्रमाको आरोप लगाई

रूपक अलङ्कारको प्रयोग भएको छ। (दोटै फुटे चन्द्रमा) आँखालाई चन्द्रमाको आरोप, (मै हुँ रात) भनेर रातको आरोप र (तिमी भैकन दियो )मा कविलाई दियोको रूपमा प्रस्तुत गरी रूपक अलङ्कारको प्रयोग गरिएको छ । माटोलाई आमाको प्रतीकका रूपमा प्रतिकात्मक अभिव्यक्ति दिइएकोले उत्प्रेक्षा अलङ्कारको पनि प्रयोग भएको छ।

### ४.२.३ यथार्थ कविताको विश्लेषण

#### ४.२.३.१ शीर्षकसंरचना

**यथार्थ** एक शब्दात्मक शीर्षक भएको कविता हो । यो कविता यस सङ्ग्रहमा सङ्गृहीत तेस्रो कविता हो। यथार्थ भन्नाले वास्तविक, शाश्वत सत्य भन्ने बुझाउँछ। यसमा कविले जीवनको वास्तविकतालाई देखाएका छन्। जीवन भोगाइको यथार्थलाई व्यक्त गरेको हुनाले शीर्षक प्रतीकात्मक वा अभिधात्मक दुबै दृष्टिकोणले उपयुक्त रहेको छ । जीवनको यथार्थलाई कवि यसरी व्यक्त गर्दछन् :

पानी हाले पनि किन कतै मञ्जरी देखिँदैन<br>
सोचे जस्तो समय सुखको जिन्दगी भेटिँदैन।

यसरी कविले जीवनको यथार्थलाई प्रस्तुत गरेको हुनाले कविताको शीर्षक विषयवस्तुका दृष्टिले सार्थक र उपयुक्त रहेको पाइन्छ। सत्र अक्षरको मन्दाक्रान्ता छन्दमा रचिएको प्रस्तुत कविता चार पङ्क्तिको एक श्लोक र कुल चार श्लोक  छन्।

#### ४.२.३.२ मूलभाव

**यथार्थ** कविता यस सङग्रहको तेस्रो  कविता हो। यस कवितामा कविले जीवनको यथार्थलाई विषयवस्तु बनाएका छन्। मानिसको इर्ष्या गर्ने बानी, देखावटी व्यवहार, नराम्रो विचार र अरूप्रति द्वेष राखी अरुको प्रगति देख्न नसक्ने मानिसको प्रवृतिप्रति पनि व्यङ्ग्य गरेका छन्। जीवन सङ्घर्षपूर्ण छ। हामी समस्याबाट भागेर जहाँ गएपनि हाम्रो कर्मसँगै जानेहुनाले यसरी हामीले आफ्नो वास्तविकतालाई पन्छ्याउन नसक्ने कुरा यसरी व्यक्त गर्दछन् :

झोला बोकीकन हिँडिदियो, बाध्यता भेटिँदैन,<br>
वर्षौंवर्षौं कति बितिसके लाहुरे फर्किंदैन।

यसरी कविले जीवनको वास्तविक यथार्थ व्यक्त गर्दै समस्याबाट भागेर र आफूले सोचेको जस्तो जिन्दगी नहुने भाव प्रस्तुत गरेका छन् । हामीले जे छ त्यसैमा सन्तोष गरेर आशावादी भएर जीवन चलाउनुपर्ने सन्देश दिनु नै यस कवितको मूलभाव हो ।

### ४.२.३.३ भाषाशैली

यस **यथार्थ** कवितामा तत्सम, तद्भव, आगन्तुक , झर्रा नेपाली र समस्त शब्दहरूको प्रयोग गरी सरल, सुबोध र खारिएको भाषाशैलीको प्रयोग गरिएको छ । वर्णनात्मक शैलीमा संरचित प्रस्तुत कविता हृदयस्पर्शी छ । मनुज, कटु, हृदय, द्वेष, मञ्जरी जस्ता तत्सम शब्द,मुटु,बिउ,पिर, पानी जस्ता तद्भव शब्द,दिल, चोट,खोप जस्ता आगन्तुक शब्द ,बात खोपी, स्वाङ, मुन्टै जस्ता झर्रा नेपाली र सोजासाजा , भोलाभाला र छलकपट जस्ता समस्त शब्दको प्रयोग गरिएको छ । मन्दाक्रान्ता छन्दको प्रयोगले उत्कृष्ट बनेको छ ।

### ४.२.३.४ लयविधान

सत्र अक्षरको मन्दक्रान्ता छन्दमा रचिएको प्रस्तुत कविता सरल, सुबोध भाषाशैलीको प्रयोगले कविता श्रुतिमधुर र लयात्मक बनेको छ । चारै श्लोकमा लयप्रवाह सुललित रूपमा प्रवाहित भएको छ । चौथो र दसौँ अक्षरमा विश्राम हुने मन्दाक्रान्ता छन्द कोमल एवम् हृदयसंवेद्य भावयुक्त रचनाका लागि उपयुक्त मानिन्छ । झोला बोकेर बसौँवर्ष विदेसिए पनि समस्या जस्ताकोत्यस्तै रहेको,जति मेहनत र परिश्रम गरेपनि सोचेजस्तो जिन्दगी नभएको भाव हृदयसंवेद रूपमा प्रस्तुत भएको छ। भाव र लयको संयोजन उपयुक्त छ ।

### ४.२.३.५ बिम्ब, प्रतीक र अलङ्कारविधान

अन्त्यानुप्रास अलङ्कारको विशिष्ट प्रयोग, आध्यानुप्रास वा अन्य अनुप्रास अलङ्कारको संयोजनले यो कविता लयात्मक र श्रुतिमधुर बनेको छ । विषयवस्तु र छन्दको तादात्म्यले भाव उज्यालिएको छ । करुणरस,वीररस शृङ्गाररसमा उपयुक्त मानिने मन्दाक्रान्ता छन्दमा रचित प्रस्तुत कविता शाश्वत मूल्यमान्यता र यथार्थबोध गराउन सफल देखिन्छ । झिर, चोट, कन्थरो, आँधी जस्ता बिम्बको प्रयोगले भाव बोधमा सहजताका साथै विशिष्ट बनाएको छ ।

### ४.२.४.दुई गुच्छा कविताको विश्लेषण

**दुई गुच्छा** मूल शीर्षक अन्तरगत छोटो आयामका **मान्छेको स्वाभिमान** र **आफ्नै आफ्नै बाटोमा** शीर्षक राखिएका दुबै कवितालाई निम्नानुसार छुट्टाछुट्टै विश्लेषण गरिन्छ :

### ४.२.४.१ मान्छेको स्वाभिमान कविताको विश्लेषण

#### ४.२.४.१.१ शीर्षकसंरचना

प्रस्तुत **'मान्छेको स्वभिमान'** चार पङ्क्तिको एक श्लोक र जम्मा दुई श्लोक संरचनाको लघु आयामको कविता हो । यस कवितामा मान्छेको स्वाभिमानलाई जोड दिएको छ । घाम, नालामा परेपनि, खरानीभित्र आगो छोपिएपनि , बाघलाई जति कुटेपनि घाँस खाँदैन भन्दै मान्छेभित्रको स्वाभिमान बचाउन सके उसको अस्तित्व रहिरहन्छ भन्दै मान्छेको स्वाभिमान भन्दा अर्को ठुलो कुरो नभएको भनेकोले विषयबस्तुसँग तादात्म्य हुनेगरी शीर्षक राखिएकाले सार्थक छ ।

#### ४.२.४.१.२ मूलभाव

कवि लम्साल जीवनजगतका शाश्वतसत्य पक्षको उद्घाटन गर्दै आँधीले हाँगो भाँचेपनि जरो मजबुत भए बोट मर्दैन, न त पात झर्दैमा मूल्य घट्छ, खरानीभित्र छोपिएपनि आगोको गुण हराउँदैन, बाघलाई जति कुटेपनि घाँस खाँदैन भन्दै आत्मबल भएपछि झुक्किएर पनि मान्छे झुक्दैन र स्वाभिमान भएमा जति खुम्चिए पनि भाँचिन्न भन्दै स्वाभिमान नै मान्छेको सर्वोत्कृष्ट सम्पत्ति हो । मान्छे स्वाभिमानपूर्वक बाँच्नुपर्छ भन्ने कविको आदर्श, अस्तित्ववादी चिन्तन र शास्वतसत्यको अभिव्यक्ति दिनु नै यस कविताको मूलभाव हो ।

आगोमा दाग लाग्दैन, खरानी मै डुबे पनि
बाघले साग खाँदैन जति धेरै कुटे पनि ।

#### ४.२.४.१.३ भाषाशैली

आठ अक्षरको एकपाउ, चार पाउको एक श्लोक हुने अनुष्टुप छन्दका सोह्र अक्षरका एक पङ्ति चार पङ्क्तिको एक श्लोकको संरचनामा संरचित मान्छेको स्वाभिमान शीर्षकको प्रस्तुत कविता लघु आयाममा संरचित छ । सरल, सुबोध शब्दशैØयामा दृष्टान्त, अनुप्रास

अलङकारको विशिष्ट प्रयोग भएको छ । बाघले साग खाँदैन, खरानीभित्र पुरिएपनि आगोमा दाग लाग्दैन आदि थुप्रै उदाहरण दिएर आत्मबल भएको मान्छे स्वाभिमानी भए भाँचिन्न, खुम्चिन्न भनी दृष्टान्त अलङकार प्रयोग गरेका छन् साथै अन्त्यानुप्रास मध्यानुप्रास समेतको सुन्दर संयोजन भएको छ । कविता सरल ,रूपमा गम्भीर अभिव्यक्ति दिन सफल बनेको छ । कवितामा स्वाभिमान ,वृक्ष, जस्ता तत्सम, लाच्छिए , झुक्किए जस्ता नेपाली शब्द र आगो, पानी, ढुङ्गा जस्ता तद्भव शब्दको प्रयोग भएको छ ।

### ४.२.४.१.३.१ लयविधान

सोह्र अक्षरको एक पङ्क्ति र चार पङ्क्तिको एक श्लोक संरचनाका दुई श्लोकको अनुष्टुप् छन्दको सुन्दर लय संयोजन भएको छ । अनुष्टुप छन्द स्वरूप अनुसार आठ अक्षरको एक पाउ संरचनामा आठ श्लोक हुने यस कविताको लय अनुप्रास एवम् दृष्टान्त अलङ्कारको प्रयोगले श्रुतिमधुर एवम् आकर्षक बनाएको छ । सरल शब्दमा लय बगाउने माधव घिमिरेको शैली लम्सालमा पाइन्छ ।

### ४.२.४.१.३.२ बिम्ब, प्रतीक र अलङ्कारविधान

खुम्चिएपनि, लाच्छिएपनि ,जस्ता अन्त्यानुप्रास अलङ्कारको संयोजन, दृष्टान्त अलङ्कारको संयोजन कवितामा भएको छ । आँधी ,बाघ, ढुङ्गा जस्ता बिम्बहरूले कवितालाई व्यञ्जनात्मक बनाएका छन् :

स्वाभिमान भए मान्छे ,भाँचिन्न खुम्चिए पनि ,
आँधीले बोट मर्दैन हाँगो त्यो लाच्छिए पनि ।

### ४.२.४.२ आफ्नैआफ्नै बाटोमा कविताको विश्लेषण

### ४.२.४.२.१ शीर्षकसंरचना

प्रस्तुत **आफ्नैआफ्नै बाटोमा** कविता चार पङ्क्तिको एक श्लोक र जम्मा तिन श्लोकको लघु आयाममा संरचित कविता हो । बाह्र अक्षरको एक पङ्क्ति हुने र छ अक्षरमा विश्राम लिइने भुजङगप्रयात छन्दमा संरचित यो कविताको विषयवस्तु मान्छेले आफ्नो लक्ष्य वा जीवनको गोरेटो आफैँले चुन्छ र जीवनको बाटो पनि आफैँले रोजेर कोही पूर्व त कोही पश्चिम लाग्छ भन्ने भाव व्यक्त गरेको हुँदा कविताको शीर्षक उपयुक्त रहेको छ ।

#### ४.२.४.२.२ मूलभाव

यस **आफ्नैआफ्ने बाटोमा** कवितामा कविले व्यक्ति आफ्नो जीवनको बाटो चुन्न स्वतन्त्र छ त्यसैले उसले आफ्नो इच्छाले आफ्नो मनले देखाएको कुरा गर्ने गर्छ भन्दै कोही अरुलाई छलेर सजिलै माथि पुग्छन् भने कोही मिहिनेत र पसिना बगाएर जीवन चलाइरहेको हुन्छ भने कसैलाई कसैले तानेर अगाडि बढाएको हुन्छ यसरी व्यक्ति कोही कसरी कोही कसरी आआफ्नो तरिकाले जीवनयात्रालाई अगाडि बडाउँछ र आफ्नो यात्राको गोरेटो आफैले रोज्छ भन्ने भाव यस कविताको रहेको छ ।

#### ४.२.४.२.३ भाषाशैली

तत्सम, तद्भव, झर्रा नेपाली, आगन्तुक र अनुकरणात्मक शब्दहरूको प्रयोग गरी सरल, सुबोध भाषाशैलीमा प्रेम ,घृणा, मार्ग जस्ता तत्सम शब्द, बाटाहरू, मुटु, आँसु जस्ता तद्भव , छ्यास्स, फ्यात्त जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोग यस कवितामा भएको छ । कविता वर्णनात्मक शैलीमा संरचित छ । बाह्र अक्षरको भुजङगप्रयात छन्दमा रचिएको यो कविता सरल सुबोध छ । कवि व्याकरणिक दृष्टिले सचेत रहेपनि केही ठाउँमा व्याकरणिक विचलन हुन पुगेको छ : कसैलाई तान्दै कसैले **हिँडाल्यो** ।

#### ४.२.४.२.३.१ लय विधान

बाह्र अक्षरको भुजङ्गप्रयात छन्दमा रचिएको प्रस्तुत कविता सरल, सुबोध भाषाशैलीको प्रयोगले श्रुतिमधुर बनेको छ । छ अक्षरमा विश्राम हुने भुजङ्प्रयात छन्द शान्तभावयुक्त कोमल पदावलीमा उपयुक्त हुन्छ । आध्यानुप्रास , मध्यानुप्रास र अन्त्यानुप्रासको प्रयोगले कविता लयात्मक बनेको छ । एकदुई स्थानमा अन्त्यानुप्रास भङ्ग भएकोले लय भङ्ग हुन पुगेको छ ।

कुनै छ्यास्स छल्दै उकासिन्छ माथि
कुनै फ्यात्त गल्दै पसिना छुटेको ।

यसै गरी **कसैका दशा, प्रेम घृणाका विचित्रै**मा घृणापछि **का** बढी भएकोले पनि छन्द भङ्ग हुन पुगेको छ ।

### ४.२.४.२.३.२ बिम्ब, प्रतीक र अलङ्कारविधान

**आफ्नोआफ्नो बाटोमा** शीर्षक आफैमा प्रतीकात्मक छ । पसिना छुट्नु , दशा ,घृणा जस्ता बिम्बहरूको प्रयोग र आध्यानुप्रास मध्यानुप्रास र अन्त्यानुप्रास अलङ्कारको संयोजन कवितामा भएको छ, जसले कविता बिम्बात्मक प्रतीकात्मक एवं आलङ्कारिक बनेको छ । छ्यास्स, फ्यात्तजस्ता अनुकराणत्मक शब्दले कविता लयात्मक बनेको छ । कवि सरल शब्दबाट मार्मिक भाव व्यक्त गर्न सफल छन् :

सुनौँ छातीमा ढुकढुकी जो उठेको ,
विगतमा मुटुमा कसैले कुटेको ।

## ४.२.५.मानवसेवा कविताको विश्लषण

### ४.२.५.१. शीर्षकसंरचना

प्रस्तुत **मानवसेवा** कविता एक शब्दात्मक शीर्षक भएको कविता हो । मानवसेवा भन्नाले नि स्वार्थ भावनाले दीन, दुखी असहाय गरिबहरूको सहयोग गर्नु हो । कवि लम्सालले मानवसेवा नै ठुलो धर्म हो भन्ने मान्यता राख्दै यस कविताको विषयवस्तु मानवसेवालाई लिएका छन् । कविले मानवहरूको सेवा हुने काम गर्न सकुँ भन्ने चाहना राखेका छन् । समीर बादल भएर शीतलता दिने ,सबैका कष्ट लगेर हिउँमा लुकाउने, माया, ममता र सद्भावले सेवा गर्ने , अशान्ति हटाई शान्त पारेर दीनदुखीका पीडामा मलम लगाउने भाव व्यक्त भएकोले कविताको शीर्षक उपयुक्त र सार्थक भएको छ । १९ अक्षर हुने शार्दुलविक्रीडित छन्दमा चार पङ्क्तिको एक श्लोक संरचनाम जम्मा चार श्लोक आयाम ओगटेको प्रस्तुत कविता मानवतावादी भावना पोखिएको उत्कृष्ट कविवता हो ।

### ४.२.५.२. मूलभाव

प्रस्तुत कवितामा कविले मानवसेवालाई विषयवस्तु बनाई आफ्नो भावना व्यक्त गरेका छन् । कवि सेवा नै सबभन्दा ठुलो धर्म हो भन्दै मानवसेवामा लाग्न सबैलाई आह्वान गर्दछन् । मानिसले अरूलाई दुख र कष्ट दिन छोडी सबैलाई शीतलता प्रदान गर्ने समीर र बादलझैँ बन्नुपर्ने बिचार व्यक्त गर्दछन् । मानिसले मिहिनेत र परिश्रम गऱ्यो भने पर्ती धर्ती पनि उर्वर हुन्छ । उदार मनको दैलो खोलेर सहयोगी भावनाले आफ्ना हातहरू अघि बढायौँ भने दुख र कष्टको दाग हट्छ र हामीले माया, ममता, सदभाव, प्रेम र एकता फैलिन सक्ने

भाव कवितामा व्यक्त भएको छ । कवि मानवसेवा नै सबैभन्दा उत्तम सेवा हो भन्दै अरुको दुख, पीडा, व्यथा, वेदनालाई आफ्नै वेदना सम्झी  सेवामा लाग्नुपर्ने विचार कवितामा यसरी व्यक्त गर्दछन् :

मै घाउ , म सुवासदार सुख हुँ पीडा त मेरै धन,
भन्ने भाव लिएर दीन जनमा ,सेवा गरौँ अर्पण ।

त्यसैले हामीले दधीचि र शिविले जस्तो उदार हृदय राखेर मानवसेवा गर्नु नै मूल धर्म र परोपकार हो भन्ने भाव यस कविताको रहेको छ ।

### ४.२.५.३ भाषाशैली

उन्नाइस अक्षरको एक पङ्क्ति हुने शार्दुलविक्रिडित छन्दमा संरचित **मानवसेवा** कविता चार श्लोकमा संरचित छ । सरल , कोमल शब्दशैय्या उत्प्रेक्षा अलङ्कारको विशिष्ट प्रयोग, आध्यानुप्रास र अन्त्यानुप्रासको सुन्दर संयोजन भएको यो कविता सरल रूपमा हृदयस्पर्शी अभिव्यक्ति दिन सफल भएको छ । कवितामा समीर, प्राण, कष्ट ,जन ,जल , शिवि, पीडाजस्ता तत्सम शब्दको बाहुल्य रहेको छ । घाम,पानी, बादल मुटुजस्ता, तद्भव नेपाली शब्दहरू प्रयोगपनि गरिएको छ । वर्णनात्मक शैलीमा रचित मानवसेवा कविता सरल, सुबोध र श्रुतिरम्य छ । प्रथम पुरुष दृष्टिबिन्दुमा , रारा ,भेरीजस्ता  आफ्नो क्षेत्रको चर्चाले आञ्चलिकताको स्पर्श भएको छ ।

### ४.२.५.३.१ लयविधान

उन्नाइस अक्षरको एक पङ्क्ति र चार पङ्क्तिको एक श्लोक संरचनामा कुल चार श्लोकको शार्दूलविक्रीडित छन्द यस कवितामा प्रयोग गरिएको छ । छ र बाह्र अक्षरमा विश्राम हुने शार्दूलविक्रीडित छन्द नेपाली कवितामा लोकप्रिय छन्दका रूपमा लिइन्छ । यो छन्द कोमल भावयुक्त रचना वा करुण र विप्रलम्भ शृङ्गाररसमा बढी उपयुक्त हुन्छ । चारै श्लोकमा अन्त्यानुप्रासको उचित संयोजन भएको छ जसले गर्दा कविता लयात्मक बनेको छ । कवितामा भाव र लयको उचित संयोजन पाइन्छ  ।

### ४.२.५.३.२ बिम्ब, प्रतीक र अलङ्कार विधान

उत्प्रेक्षा अलङ्कार, उपमा अलङ्कार (यो ब्रह्माण्ड सरी ) रूपक अलङ्कार (पीडालाई धनको रूपमा प्रस्तुत ) अन्त्यानुप्रास अलङ्कारको प्रयोग , दधीचि , शिवि जस्ता पौराणिक बिम्बको प्रयोग गरी कवितालाई बिम्बात्मक , प्रतीकात्मक एवम् आलङ्कारिक बनाइएको छ :

मानौँ कष्टहरू लगेर हिउँमा , मैले लुकाएँ भने । (उत्प्रेक्षा)

यो ब्रह्माण्ड सरी विशाल मनको दैलो खुलाएँ भने । (उपमा )

## ४.२.६ तिन गुच्छा कविताको विश्लेषण

एकएक श्लोकमा तिन छुट्टाछुट्टै उपशीर्षकका कवितालाई **तिन गुच्छा** मूल शीर्षक दिई नवीन प्रयोग गरिएको छ । तिनै गुच्छा कवितालाई कविता तत्वका आधारमा निम्नानुसार विश्लेषण गरिन्छ :

### ४.२.६.१.शीर्षकसंरचना

तीन गुच्छा शीर्षक राखी **जीवन अनौँठो रस** ,उपशीर्षक दिई मिठो धेरै घोलिएको नसालु तरल आफूले पिएझैँ जीवन प्रस्तुत गरिएको प्रथम गुच्छा, **ढुक्क मन** उपशीर्षक अन्तर्गत चार पङ्क्तिको एक श्लोकमा अरुले दुखाए पनि आफूले पीडा पिएकाले छाती नदुखाउने, कसैसँग दयाको भिख माग्दै नहिँडेकाले कसैको घोडा बनिन, मेरो मन ढुक्क छ भन्ने विचार व्यक्तगरिएको दोस्रो गुच्छा र **विगतको उपहार वर्तमान** उपशीर्षकको तेस्रो गुच्छामा हामी विगतले बनाइदिएका हौँ । अगाडि ढलेकाहरूले उठाइदिएका ,अगाडि मरेकाहरूले बचाइदिएकाले हामी बाँचिरहेका छौँ भन्ने विचार व्यक्त गरिएकाले मूल शीर्षकमा र विषयवस्तु अनुकूल तिनै उपशीर्षकका कविता औचित्यपूर्ण छ ।

### ४.२.६.२. मूलभाव

जीवनलाई थोरै मीठो धेरै तितो घोलिएको 'नसालु तरल'अनौठो रसका रूपमा व्यक्त गरी जीवनमा दुख धेरै र सुख थोरै हुन्छ भन्ने भाव व्यक्त गर्नु , प्रथम गुच्छाको मूलभाव वा विचार हो । पीडा पिएर बाँचेकाले अरुले दुखाए पनि छाती नदुखाउने, कसैसँग दयाको भिख नमाग्ने भएकाले आफू स्वाभिमानी रहेको र कसैको घोडा बन्नु नपरेको विचार व्यक्त गर्नु नै **ढुक्क मन** (दोस्रो गुच्छा)को मूलभाव हो । यसैगरी हाम्रा पुर्खाको वीरता, त्याग र बलिदानले

हामी वीर नेपाली, स्वाभिमानी नेपाली भएर बाँचिरहेको र  वर्तमान अकर्मण्यता, परनिर्भरता र स्वाभिमानको ह्रासोन्मुख अवस्थाप्रति व्यङ्ग्य गर्दै वीर सहिदहरू , पुर्खाहरूकै कारणले बाँचिरहेको यथार्थ अभिव्यक्ति दिनु र कर्तव्यप्रति सचेत गराउनु तेस्रो गुच्छा **विगतको उपहार वर्तमान**लाई कविताको मूलभाव हो ।

### ४.२.६.३.भाषाशैली

चारचार पङ्क्तिका एकएक श्लोक आयामका जम्मा तिन श्लोक कवितामा छुट्टाछुट्टै तिन भाव व्यक्त गरिएको छ । पीडा, दया जस्ता तत्सम शब्द, नसालु , भिख, जस्ता आगन्तुक शब्द तथा अन्य तद्भव नेपाली शब्दको प्रयोग गरी तिनै गुच्छा ( तिन श्लोक) कविता सरल, सुबोध भाषाशैलीमा प्रस्तुत गरिएको छ । दोस्रो गुच्छा र तेस्रो गुच्छा प्रथमपुरुष दृष्टिबिन्दुमा लेखिएको छ । व्याकरणिक विचलन(रस हलन्त, आहा-अहा हुनुपर्ने) पनि पाइन्छ ।

### ४.२.६.३.१.लयविधान

**'जीवन अनौठो रस'** उपशीर्षकको (पहिलो गुच्छा र ढुक्क मन शीर्षकको दोस्रो गुच्छा भुजङ्गप्रयात छन्दमा लेखिएको छ  भने तेस्रो श्लोक गद्यशैली (मुक्त लय ) मा रचिएको छ। प्रथम र दोस्रो गुच्छा लयमा सलल बगेको छ भने  मुक्त लयमा भएपनि अनुप्रास र अन्त्यानुप्रासले तेस्रो गुच्छा पनि लयात्मक बनेको छ । जीवन अनौठो रस कविताको अन्तिम पङ्क्तिमा छन्द भङ्ग भएको छ : मैले पिएको र उनले जिएको ।

### ४.२.६.३.२. बिम्ब, प्रतीक र अलङ्कारविधान

जिन्दगीलाई रक्सीसँग तुलना गर्दै (नसालु तरलझैँ ) उपमा अलङ्कारको प्रयोग गरिएको छ । प्रतीकात्मक रूपमा समेत जीवनलाई प्रस्तुत गरिएको छ भने अनुप्रास, अलङ्कारको प्रयोग यी तिनै गुच्छामा उत्कृष्ट एवम् विशिष्ट रूपमा भएको छ । बिम्बका रूपमा रस, तरल, पीडा, भीख,घोडा आदि वस्तुहरू प्रयोग गरिएको छ ।

## ४.२.७. **'सहिद सन्देश' कविताको विश्लेषण**

### ४.२.७.१. **शीर्षकसंरचना**

चार पङ्क्तिको एक श्लोक र **'मेरा सहिद मलाई'** पदावलीको पुनरुक्ति प्रत्येक श्लोकमा गरी कूल पाँच पङ्क्तिको एक श्लोक संरचनामा चार श्लोक र तिन पङ्क्तिको एक श्लोक गरी कूल पाँच श्लोक संरचनामा रचिएको **सहिद सन्देश** कवितामा कविले प्रजातन्त्र प्राप्तिपछि पनि उनीहरूका सपना पुरा नभएको, जनताका समस्या जस्ताको तस्तै रहेको र जनता थिचोमिचोमा परिरहेको विषयवस्तुलाई उठाएर अप्रत्यक्ष रूपमा सहिदले मलाई यस्तो भन्छन् भन्दै सहिदहरूको सन्देशका रूपमा व्यक्त गरेको हुनाले शीर्षक विषयवस्तु अनुकूल उपयुक्त एवम् सार्थक छ ।

### ४.२.४.७.२. **मूलभाव**

प्रस्तुत **सहिद सन्देश** कवितामा कविले वीर सहिदहरूले नेपाललाई विभिन्न समस्याबाट मुक्त गरी सुन्दर शान्त विशाल र समुन्नत बनाउने सपना देखेको र त्यो सपना पुरा हुन नसकेको विचार व्यक्त गरेका छन् । कविका विचारमा देशका विद्यमान समस्याहरू अहिलेसम्म पनि समाधान भएका छैनन् । गाउँगाउँका झोपडी अँध्यारै छन्, अशिक्षा गरिबी त्यत्तिकै छ, जुन ठाउँमा गरिबी छ त्यहाँका जनता अझ गरिबीको चपेटामा परेका छन्, प्रजातन्त्र प्राप्तिपछि पनि देश भ्रष्टाचारी,ठग, टाठाबाठाहरू र स्वार्थीहरूको हातमा रहेको विचार व्यक्त गरेका छन् । विकृति र विसङ्गतिले भरिएको र नेपाल र नेपालीहरू झन् गरिब बन्दै गएको कुरालाई सहिदहरूको भनाइका रूपमा देशभक्तिको भाव व्यक्त भएको छ :

बेइमान भए त धेरै<br>
खाँडो उठाऊ भन्छन्<br>
छन् झोपडी अँध्यारै<br>
बत्ती जलाऊ भन्छन्<br>
मेरा सहिद मलाई ।

यसरी कविले कविता मार्फत सहिदहरूले देखाएको बाटामा हिँडेर सहिदहरूले कल्पना गरेको सुन्दर नेपाल बनाउन अग्रसर हुनुपर्छ भन्ने भाव व्यक्त भएको छ ।

### ४.२.७.३. भाषाशैली

सामान्य तद्भव र केही आगन्तुक शब्दको प्रयोग गरी लेखिएको **सहिद सन्देश** कविता सुन्दर र लयात्मक छ । कवितामा बेइमान, सहिद ,गरिब जस्ता आगन्तुक शब्द र अन्य तद्भव एवम् झर्रा नेपाली  शब्दहरूको प्रयोग गरिएको छ । एक दुई ठाउँमा छन्दभङ्ग भएको छ भने कतैकतै जबरजस्ती छन्द मिलाउने प्रयास गरिएको छ । मार्मिकता , हार्दिकता र सरलता कवि लम्सालका भाषिक विशेषता नै हुन् । **मेरा सहिद मलाई**  भन्ने पदावलीको पुनरावृत्तिले कविताको भाषाशैलीमा मिठास थप्ने काम गरेको छ । लय एवं व्यञ्जना विधान निम्नानुसार उल्लेख गरिन्छ :

### ४.२.७.३.१. लयविधान

सुललित रूपमा गाउन सकिने सात अक्षरको एक पङ्क्ति संरचनामा उर्दू गजलमा प्रयोग हुने फारसी मुजारे छन्दमा **मेरा सहिद मलाई** पदावलीको पुनरावृत्तिले कविता अझ गेयगुण सम्पन्न बनेको छ । हा, ज्यान बचाउन भन्छन्  जबरजस्ती छन्द मिलाउने प्रयास भएको र ( गाउँ, गोठबिच शिक्षा) लय भङ्ग  हुन पुगेको छ । यसबाहेक कविता सरल, सुबोध र आकर्षक छ र लय विधानका दृष्टिले उत्कृष्ट छ ।

### ४.२.७.३ .२. बिम्ब, प्रतीक र अलङ्कारविधान

अनुप्रास अलङ्कार र रूपक अलङ्कारको प्रयोग, बत्ती, सहिद, जालो, रात, कालो जस्ता बिम्बहरूको प्रयोग गरी अभिव्यक्तिलाई बिम्बात्मक , प्रतिकात्मक र आलङ्कारिक बनाइएको छ :

हा , रात अझै छ बाँकी
बत्ती जलाऊ भन्छन्
मेरा सहिद मलाई ।

## ४.२.८. दुई गुच्छा कविताको विश्लेषण

### ४.२.८.१. रमाइलो हिमाली गाउँ कविताको विश्लेषण

### ४.२.८.१.१ शीर्षकसंरचना

१९ अक्षरको एक पङ्क्तिमा, छ र बाह्र अक्षरमा विश्राम हुने , नेपाली साहित्यमा लोकप्रिय रहेको शार्दूलविक्रीडित छन्दमा संरचित **रमाइलो हिमाली गाउँ** कवितामा जम्मा तिन

श्लोक रहेका छन् । **रमाइलो हिमाली गाउँ** भनेर शीर्षक दिएको प्रस्तुत कवितामा प्रकृतिको सुन्दर चित्रण छ । कवि सुन्दर प्राकृतिक वातावरणबाट मन्त्रमुग्ध भई हिमाली राष्ट्र नेपालको प्राकृतिक सौन्दर्यको वर्णन गरेको र कविताको विषयवस्तु यसैमा केन्द्रित रहेकोले शीर्षक , उपयुक्त र औचित्यपूर्ण रहेको छ ।

### ४.२.८.१.२. मूलभाव

प्रस्तुत रमाइलो हिमाली गाउँ कविता प्रकृतिको मन्मय चित्रण गरी लेखिएको कविता हो । कवि यस कवितामा सुन्दर हिमाली राष्ट्र नेपालको प्रकृतिको चित्रण गरेका छन् । उनले नेपालको उत्तरी भेगमा देखिने हिमाली दृश्य नेपालको छाँगा, छहरा, पहरा र यिनै छहरा र लहरामा सङ्गीत गुञ्जायमान गर्न चराचुरुङ्गीको वर्णन गर्दै यस्तो स्वर्ग समानको ठाउँ अन्त कतै नभएको र यो एउटा स्वर्गको टुक्रा नै हो, यसलाई सधैं प्रकृतिले सजाएकी हुन्छिन् । यस पवित्र र सुन्दर भूमिमा जोकसैको पनि मन हर्षित भई नयाँ सिर्जना गर्ने जोसजाँगर प्राप्त गर्दछन्  भन्ने भाव व्यक्त गर्नुका साथै यो रमाइलो हिमाली राष्ट्र प्राकृतिक रूपमा मात्र सुन्दर नभएर यहाँका मानिसको मन पनि त्यतिकै सुन्दर छ भन्ने भाव कविले व्यक्त गरेका छन् :

आस्थातुल्य सदा रही सहजमा खुल्दोसरी जिन्दगी
कस्तो पावन मानवीयपनको , यो हो दयाको छवि ।

यसरी यस कवितामा कविले नेपाल जति प्राकृतिक रूपमा सुन्दर छ, त्यति नै यहाँका मानिसहरूको मन सफा, स्वच्छ , निश्छल र दयाको खानी छ भन्दै यहाँ शान्ति, सदभाव , कला संस्कृति र सौन्दर्यको अपार भण्डार भएको र संसारकै सुन्दर ठाउँ हो भन्ने भाव व्यक्त गरेका छन् ।

### ४.२.८.१.३. भाषाशैली

तत्सम, तद्भव र नेपाली शब्दहरूको प्रयोग गरेर रचना गरिएको रमाइलो हिमाली गाउँ कविता सुन्दर, सुबोध र लयात्मक छ । श्रद्वा, अनमोल, सरिता , अर्चना, पावन, शृङ्गार आश्रय, मृदुजस्ता तत्सम शब्द , सेतो, गाउँ जस्ता तद्भव शब्द र पहरा, हाँगा, छमछम, ओरालो जस्ता नेपाली शब्दहरूको प्रयोग गरिएको छ । अन्त्यानुप्रासको सुन्दर संयोजनले कविता लयात्मक बनेको छ । कोमल शब्दहरूको प्रयोग गरी वर्णनात्मक शैली लेखिएको यो कविता सरल, सुबोध र उत्कृष्ट छ ।

### ४.२.८.१.३.१. लयविधान

नेपाली जातीय छन्द बनेको शार्दूलविक्रीडित छन्दमा सरल शब्दशैय्यामा अनुप्रास , उपमा, उत्प्रेक्षा अतिशयोक्ति अलङ्कारहरूको सुन्दर संयाजनले कविता उत्कृष्ट बनेको छ । **रमाइलो हिमाली गाँउ** शीर्षकमा प्रकृतिको मन्मय वा आत्मपरक चित्रण गरी नेपाली प्रकृति, संस्कृति र सिर्जनालाई एकसाथ प्रस्तुत गर्न छन्दको चयन उपयुक्त छ । प्रथम श्लोकको तेस्रो पङ्क्तिमा रमझम शब्दले अन्त्यानुप्रास समेत मिल्ने अवस्थामा रुन्झुम शब्द प्रयोग भएको छ । यहाँ कविको दृष्टि पुग्न सकेको छैन ।

### ४.२.८.१.३.२. बिम्ब, प्रतीक र अलङ्कारविधान

अन्त्यानुप्रास र आध्यानुप्रास अलङ्कार तथा अन्य विविध अलङ्कारहरूको प्रयोग भएको यो कविता  विशिष्ट बनेको छ । हिमाच्छादित सेतो हिमाल चन्द्रमा फुलेको भन्दै प्रतीकात्मक अभिव्यक्ति भएको छ । स्वच्छ , निर्मल एवम् पवित्र हिमाललाई मानवीयपनको प्रतीक , शान्तिको आश्रयस्थल र कलाको प्रतीकका रूपमा चित्रण गरिएकाले प्रतीकात्मक भाषाको प्रयोग भएको छ । नेपालको सौन्दर्य वर्णन गर्ने क्रममा अतिशयोक्ति अलङ्कारको, आध्यानुप्रास, मध्यानुप्रास र अन्त्यानुप्रसका साथै बृत्यनुप्रास छेकानुप्रास अलङ्कार र उपमा अलङ्कार समेतको विशिष्ट संयोजन कविले गरेका छन् :

पाइन्नन् तुलना अपूर्ण रचना नाना नयाँ सिर्जना ,
पाइन्छन् सपना समान विपना आफ्नैपना कल्पना ।

### ४.२.८.२. बाङ्गो बाङ्गै हुन्छ कविताको विश्लेषण

### ४.२.८.२.१. शीर्षकसंरचना

'सँगले पनि जाँदैन दुष्टको दुष्टता रिस
श्रीखण्डमा बसी सर्प कहाँ हुन्थ्यो र निर्विष ।'

कवि शिरोमणि लेखनाथ पौड्यालको उपर्युक्त कवितांशको भावझैँ दुष्टको दुष्टता असलसँगको सङ्गतले जाँदैन, त्यसैगरी बाङ्गो बाँङ्गै हुन्छ, कालो र मैलो मन धोएर वा स्नान गरेर सफा हुँदैन आदि विविध दृष्टान्तबाट व्यक्तिको स्वभाव रहिरहन्छ भन्ने विचार व्यक्त गरिएको बाङ्गो बाङ्गै हुन्छ भन्ने विषयवस्तु अनुकूल शीर्षक सार्थक छ ।

शार्दूलविक्रीडित छन्दका चार पङ्क्तिको एक श्लोक संरचनाको जम्मा दुई श्लोक संरचनामा संरचित दुईगुच्छा मूल शीर्षकमध्ये दोस्रो **बाङ्गो बाङ्गै हुन्छ** उपशीर्षकको कविता लघुआयाम संरचनामा संरचित छ ।

### ४.२.८.२.२. मूलभाव

हरेक व्यक्ति र वस्तुका आआफ्नै स्वभाव र गुण हुन्छन् । मानिसले मनको कालो मैलो निर्मल जलले धोएर सफा नहुने , मनको मैलो फाल्नलाई चित्त शुद्धि गर्नुपर्ने र आपसी प्रेम, सद्भाव राख्नुपर्ने विचार राख्दै ढुङ्गा धुलो बनेपनि उसले आफ्नो गुण नछोड्ने, पानी बनेर नबग्ने, फलाम कहिल्यै कमलो नहुने मानिसले कसैको खराब विचार छ भन्ने बुझेपछि उसको विश्वास गर्न नसक्ने र खराब व्यक्तिले राम्रो काम गर्न खोजेपनि उसको भित्र नराम्रो भावना रहिरहन्छ भन्ने विचार नै यस कविताको मूलभाव रहेको छ । ढुङ्गा धुलो बने पनि पानी बन्दैन, फलाम गलाएपनि फलाम नै रहन्छ , राक्षसको आत्मा राक्षसी नै हुन्छ भन्ने भाव कवि यसरी व्यक्त गर्छन् :

धोई निर्मल हुन्छ के त जलले ? कालो र मैलो मन ,
दापैभित्र रहन्छ किन्तु खुकुरी ,जान्दैन को बैगुन ?

### ४.२.८.२.३. भाषाशैली

शार्दूलविक्रीडित छन्दमा लेखिएको **बाङ्गो बाङ्गै हुन्छ** कवितामा तत्सम, तद्भव र नेपाली शब्दहरूको प्रयोग गरिएको छ । निर्मल, जल, परन्तु, ज्वाला जस्ता तत्सम शब्द , पानी, ढुङ्गा, कमलो जस्ता तद्भव शब्दहरूको प्रयोग गरी कविता सरल, कोमल र सरस बनेको छ । प्रश्नात्मक शैलीमा लेखिएको प्रस्तुत कविता सरल भईकन उत्कृष्ट  छ ।

### ४.२.८.२.३.१. लयविधान

उन्नाइस अक्षरको एक पङ्क्तिमा छ र बाह्र अक्षरमा विश्राम हुने शार्दूलविक्रीडित छन्दमा रचिएको प्रस्तुत कवितामा मध्यानुप्रास र अन्त्यानुप्रासको प्रयोग छ ।

### ४.२.८.२.३.२ बिम्ब, प्रतीक र अलङ्कारविधान

अन्त्यानुप्रास अलङ्कार , उपमा अलङ्कार (काँचो स्याउसरी फलाम कमलो), रूपक अलङ्कार (ढुङ्गा बन्छ धुलो ) तथा राम, छुरी, ज्वाला जस्ता बिम्बहरूको प्रयोग र विशिष्ट प्रतीकात्मक भाषाको प्रयोगले कविता उत्कृष्ट एवम् विशिष्ट बनेको छ । ढुङ्गा , धुलो ,स्याउ फलाम जस्ता वस्तु बिम्बको समेत आएका छन् ।

## ४.२.९. बानी कसैकसैको कविताको विश्लेषण

### ४.२.९.१. शीर्षकसंरचना

**बानी कसैकसैको** शीर्षक राखी एउटी नानीसितको प्रेमप्रणय सम्बन्धी कविका विचारहरू व्यक्त गरिएको कविताको शीर्षक प्रतीकात्मक रूपमा सार्थक छ । दुई पङ्क्तिको एक श्लोक संरचनामा आठ श्लोकमा संरचित प्रस्तुत कविता फारसी १४ अक्षरका मुजारे छन्दमा लेखिएको छ । आठ श्लोक मध्ये केही श्लोक गजल संरचनाझैं बनाउन खोजिएपनि काफिया र रदिफको उपयुक्त संयोजन हुन सकेको छैन ।

### ४.२.९.२. मूलभाव

प्रस्तुत कवितामा कविले आफ्नो युवा अवस्थाको प्रेमसम्बन्धी आफ्नो मनमा उब्जेको स्वच्छ एवम् स्वतस्फूर्त भाव व्यक्त गरेका छन् । नौलो वसन्त टेक्ने विचार लिएर हिँडेका कवि डाँडापारि पुग्दा थकाइ लागि प्रेमिकाका नजिकै बसुँ कि भन्ने कविको विचारमा तुषारापात गर्दै पतझर पठाएर बाटो छेक्ने तिनी नानीको काँडा ओछ्याएर राख्ने बानी र ढुङ्गाले हिर्काउने पो रहिछन् । चौतारीमा बसेकी सानीलाई देखेर फूलको थुँगा टिपेर कविले प्रेम कहानी झिकेको, त्यसको जवाफ ढुङ्गाले दिएको भएपनि ढुङ्गो हावामा उड्न नसक्ने तर आफू कवि भएकाले कल्पनामा उड्न सक्ने भएकाले पानीमा भाग्य लेख्ने मेरो विचार र लहर बनेर छेक्ने उनको बानी रहेछ भन्दै कतै उनको , कतै सानीको र कतै नानीको रूपमा सम्बोधन गरिएको तर शीर्षकमा प्रतीकात्मक रूपमा बानी कसैकसैको भनी आफ्नी प्रेमिकालाई सम्बोधन गरी आफ्नो र आफ्नी प्रेमिकाको बानी र विचार विपरित रहेको बताउँदै आफ्ना प्रेमप्रणय सम्बन्धी स्वच्छन्द विचार व्यक्त गरेका छन् :

फुलको थुँगा टिपेर प्रेमका झिकेँ कहानी,
ढुङ्गा टिपेर हान्ने तिनको रहेछ बानी ।

### ४.२.९.३. भाषाशैली

तद्भव शब्दहरूको बाहुल्य रहेको बानी कसैकसैको कवितामा प्रतीकात्मक भाषाको प्रयोग गरिएको छ । केही तत्सम र केही आगन्तुक शब्दको प्रयोग गरी प्रेमिकालाई नानी , सानी , तिनी उनी, जस्ता सम्बोधन गरी रचिएको यस कवितामा पतझर, डाँडापरि, जस्ता व्याकरणिक रूपमा अशुद्ध शब्द पनि प्रयोग भएको पाइन्छ । फारसी चौध अक्षरको मुजारे छन्दको मिठो लयमा लेखिएको यो कविता दुई पङ्क्तिको एक श्लोक र आठ श्लोकमा संरचित कविता हो ।

### ४.२.९.३.१. लयविधान

**बानी कसैकसैको** कविता मुजारे फारसी छन्दमा संरचित छ । मफ्ऊल+फाइलातुन+ मफ्ऊल+फाइलातुन (२२१+२१२२+२२१+२१२२) फारसी छन्दमा [२२] संस्कृत वार्णिक छन्दमा लघु,गुरु चिन्ह भएझैँ फारसी छन्दमा ह्रस्वलाई १ र दीर्घलाई २ ले चिनाउने गरिन्छ । मफ्उल र फाइलातुन रुक्न (गण) को पुनरावृत्ति भएर बन्ने चौध अक्षरको छन्दलाई मुजारे भनिन्छ । नेपालीमा उपेन्द्रबहादुर जिगर, भीमनिधि तिवारी ,बुँद राना आदि गजलकारहरूले मुजारे छन्द (बहर) मा गजल लेखेको पाइन्छ । चौध अक्षरको लयात्मक मुजारे छन्दलाई चयन गरी लेखिएको **बानी कसैकसैको** कविताको लय मिठासपूर्ण रहेको छ ।

### ४.२.९.३.२. बिम्ब, प्रतीक र अलङ्कारविधान

रूपक तथा, अनुप्रास, अलङ्कारको संयोजन र  काँडा, फूलको थुँगो आदि बिम्ब र प्रतीकात्मक भाषाको प्रयोगले कविता उत्कृष्ट एवम् विशिष्ट बनेको छ । भाषाशैली सरल भईकन प्रतीकात्मक एवम् आकर्षक छ ।

पानीमा भाग्य लेख्ने कस्तो विचार मेरो
लहर बनेर छेक्ने उनको रहेछ बानी ।        (रूपक अलङ्कार )

---

२२. देवी नेपाल, छन्दपरक, (काठमाडौँ : भुँडी पुराण प्रकाशन, वि.सं. २०६२), पृष्ठ १२४ ।

### ४.२.१० सुर्खेतको माया कविताको विश्लेषण

### ४ २ १० १ शीर्षकसंरचना

नेपालगन्ज आउनुपूर्व कवि लम्साल सुर्खेतमा बसेको र नेपालगन्ज आइसकेपछि आफू बसेको ठाउँको सम्झना , त्यहाँका मान्छेको आफूप्रतिको दृष्टिकोणलाई सम्झँदै प्रस्तुत गरेका छन् । वीरेन्द्रनगर, लाटीकोइली , बुलबुलेताल, काँक्रेविहार आदि स्थानको स्मरण गर्दै लेखिएको प्रस्तुत कविताको शीर्षक विषयवस्तुअनुसार सार्थक छ ।

### ४.२.१०.२. मूलभाव

जीवन चलाउने क्रममा नुवाकोटबाट सुर्खेत पुगेका कवि लम्साल सुर्खेतबाट नेपालगन्ज आई बसेपछि सुर्खेतको सम्झनामा  बुलबुलेको भुलभुले पानी र चुलबुले उमेर , सिरानजस्तो काँक्रेविहार आदि प्राकृतिक सौन्दर्यको चित्रण गर्दै पुरानो सम्झनाले सताएको मस्त यौवन पाएपछि बच्चपन भुलेझैं ,कसैले साथी बिर्से होलान्, कसैले सम्झे होलान् भन्दै आफ्नो स्मृतिलाई उल्लेख गरेका छन् । सुर्खेतको प्राकृतिक सौन्दर्य , ऐतिहासिक, पौराणिक प्रसङ्गलाई आफ्ना स्वच्छ भावधारा संस्मरणात्मक शैलीमा प्रस्तुत गरेका छन् ।

### ४.२.१०.३. भाषाशैली

सरल, सुबोध भाषा, संस्मरणात्मक शैली एवम् चौध अक्षरको फारसी मुजारे छन्दमा उपमा, रूपक एवम् अनुप्रास अलङ्कारको सुन्दर प्रयोग गरी आञ्चलिकताको स्पर्श गर्दै श्रुतिमधुर एवम् बोधगम्य बनाउनु यस कविताको वैशिष्ट्य हो । मस्त, बच्पन,पियास जस्ता आगन्तुक शब्द तर व्यवहृत शब्दहरू, झुप्रे, पँधेरी , मझेरी ,चुलबुलेजस्ता नेपाली शब्दको प्रयोगमा बिम्बात्मक प्रतीकात्मक एवम् आलङ्कारिक भाषाशैलीको प्रयोग गरिएको छ । दुई पङ्क्तिको एक श्लोक बनाउँदा कूल आठ श्लोक हुने यस कविताका प्ररम्भिक दुई पङ्क्तिमा सम्झे हुनन् कसैले , बिर्से हुनन् कसैले छुट्टाछुट्टै पङ्क्ति बनाई तेस्रो पङ्क्तिमा दोहोऱ्याइएको छ । दुई पङ्क्तिका छ श्लोक र अन्तिम एक पङ्क्तिको एक श्लोक बनाइएको छ । यस कवितामा आञ्चलिकता यसरी आएको छ :

त्यो लाटीकोइलीको झुप्रे निवास कस्तो ,
आफ्नै मुटुमा जाग्ने आफ्नै पियास जस्तो ।

### ४.२.१०.३.१. लयविधान

चौध अक्षरको फारसी मुजारे छन्द प्रयोग भएको यस कवितामा 'सम्झे हुनन्‌कसैले', 'बिर्से हुनन् कसैले' शब्दको पुनरावृत्तिद्वारा कवितालाई लयात्मक बनाइएको छ । लयमा बगाउन मिल्ने सुललित छन्द, सरल,सुबोध शब्दशैय्यामा कविता उत्कृष्ट बनेको छ ।

### ४.२.१०.३.२. बिम्ब ,प्रतीक र अलङ्कारविधान

**आफैँ दुखे जसोरी, बच्पन भुले जसोरी, आफ्नै पियास जस्तो साथी भुले जसोरी** जस्ता पदावलीद्वारा उपमा अलङ्कारको सुन्दर संयोजन कवितामा विशेष रूपमा भएको छ । उपमा अलङ्कारद्वारा प्रकृतिचित्रण उदात्त बनेको छ । लयात्मक पदावलीको पुनरावृत्ति, अन्त्यानुप्रास अलङ्कार तथा पौराणिक बिम्ब (श्रीकृष्णले सुदामा साथी भुले जसोरी) ले कविता बिम्बात्मक, प्रतीकात्मक एवम् आलङ्कारिक बनेको छ ।

उन्मत ठाँउबाट माथि पुगेको बेला,
श्रीकृष्णले सुदामा साथी भुले जसोरी । (पौराणिक बिम्ब, उपमाआलङ्कार र माथि-साथी मध्यानुप्रास अलङ्कारको सुन्दर संयोजन भएको छ ।)

## ४.२.११ हाँसिरहोस मुहार कविताको विश्लेषण

### ४.२.११.१ शीर्षकसंरचना

मुजारे छन्दमा रचिएको **हाँसिरहोस् मुहार** कविता तिन पङ्क्तिको एक श्लोक संरचनामा दुई श्लोक, पाँच पङ्क्तिको एक श्लोक संरचनामा एक श्लोक र सात पङ्क्तिको एक श्लोक संरचनामा एक श्लोक गरी जम्मा चार श्लोकमा संरचित छ । यस कवितामा नेपालको मनोरम प्राकृतिक सौन्दर्यलाई विषयवस्तु बनाई प्रकृतिको मानवीकरण गर्नुका साथै देशप्रेमको भावना पोखिएको छ । नेपालको उन्नति र प्रगतिको कामना गरी कविता रचना गरिएकोले यस कविताको शीर्षक **हाँसिरहोस मुहार** विषयवस्तु अनुकूल प्रतीकात्मक रूपमा सार्थक छ ।

### ४.२.११.२ मूलभाव

प्रस्तुत कवितामा कविले नेपालको सुन्दर प्रकृतिको वर्णन गर्दै आफ्नो जन्मभूमि नेपाल आमाप्रति अगाध आस्था एवं माया व्यक्त गरेका छन् । कविले नेपालको प्रकृतिको

सौन्दर्यको वर्णन र राष्ट्रप्रेमको भाव व्यक्त गर्दै नेपालको उत्तरतर्फ रहेका सेता टल्कने हिमाल र विश्वको सर्वोच्च शिखर सगरमाथालाई आफ्नो शिर चुल्याइराख्ने र नेपालका नदी, झरना, छहरा, छाँगालाई यसरी नै सुन्दर रूपमा बगिरहुन्, वनजङ्गल हराभरा रहोस् भन्दै गुराँस फुलाई राख्न आग्रह गरेका छन । यसरी कविले नेपालको अपूर्व प्राकृतिक सौन्दर्य जसलाई हेरेर मान्छेहरू अघाउँदैन भन्दै प्रकृतिको चित्रण गरेका छन् । नेपाल राष्ट्रलाई नेपालआमा भनी मानवीकरण गर्दै देशप्रेमको भावना कविले यसरी व्यक्त गरेका छन् ।

झर्नाहरू हजार झल्किरहून् जुहार
नौलो प्रभात चुम्दै हाँसिरहोस् मुहार ,
मेरी नेपाल आमा ।

यसरी प्रस्तुत कवितामा कविले नेपालको प्राकृतिक सौन्दर्यको वर्णन र देशभक्तिको भाव व्यक्त गर्दै पटकपटक यसै भूमिमा आएर रमाई देशसेवा गर्ने भाव व्यक्त गरेका छन् ।

### ४.२.११.३. भाषाशैली

सरल, सुबोध भाषाको प्रयोग गरी वर्णनात्मक शैलीमा लेखिएको **हाँसिरहोस् मुहार** कविता सरल र लयात्मक छ । यस कवितामा तद्भव शब्दको प्रयोगको बाहुल्य रहनुका साथै तत्सम र नेपालीशब्दहरूको प्रयोग रहेको छ । आमा, निलो छाती ,दाँत पहाड, काख जस्ता तद्भव शब्द, मस्तक ,गगन, आशीष ,जस्ता तत्सम शब्दहरू प्रयोग गरिएको छ । कवितामा प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग र कविप्रौढोक्ति कथन ढाँचा प्रयोग गरिएको छ । नेपाल आमाको मुहार हाँसिरहोस् भन्दै ढोगी नपुगेको, उज्यालो मस्त, छातीभरी नदिका माला हातभरी गुराँस, तराइको शान्त पाउ, झरनाहरूको जुहारका रूपमा प्रकृतिको मानवीकरण गरिएको छ ।

### ४.२.११.३.१ लयविधान

फारसी मुजारे छन्दमा रचिएको ‘हाँसिरहोस् मुहार’ कविता लयात्मक हुनुका साथै विशिष्ट छ । अन्त्यानुप्रास र अन्तरअनुप्रास अलङ्कारको संयोजन गरी सरल, सुबोध भाषामा कविता विशिष्ट र लयात्मक बनाइएको छ । ‘मेरी नेपाल आमा’ म फेरि-फेरि आउँला, अग्लो उज्यालो मस्तक, तराई शान्त पाउ , तिम्रो पियारो काखमा आदि पङ्क्तिहरूमा छन्द भङ्ग

भएको छ जबरजस्ती छन्द मिलाउने प्रयास गरिएको छ । 'मेरी नेपाल आमा'को पुनरावृत्तिले कवितालाई लयात्मक बनाउन मद्दत पुगेको छ ।

### ४.२.११.३.२. बिम्ब, प्रतीक र अलङ्कारविधान

कवि नन्दराम लम्सालको अनुप्रास अलङ्कारमा विशेष दखल छ । अनुप्रास अलङ्कारलाई खेलाएर प्रयोग गर्ने लम्सालले यस कवितामा पनि अन्त्यानुप्रास अलङ्कार र अन्तरअनुप्रासको विशिष्ट प्रयोग गरेका छन् । नेपालको प्रकृतिलाई नेपाल आमाका रूपमा प्रस्तुत गरी प्रतीकात्मक भाषिक अभिव्यक्ति दिइएको छ । श्वेत धवल हिमाललाई मस्तक, तराईलाई शान्त पाउको आरोप गरी रूपक अलङ्कारको प्रयोग गरेका छन् । कवितामा प्रकृतिको मानवीकरण गरिएको छ :

छातीभरि नदीका मामलाहरू सजाई,
हातैभरी गुराँस यस्तै फूलाई राख ।

### ४. २ १२ जानेहरूलाई सम्झँदै कविताको विश्लेषण

### ४ २ १२ १ शीर्षकसंरचना

१४ अक्षरको फारसी मुजारे छन्दमा रचित प्रस्तुत **जानेहरूलाई सम्झँदै** कविता दुई पङ्क्तिको एक श्लोक संरचनामा जम्मा सात श्लोकमा संरचित छ । यस कवितामा प्रकृतिको नियमलाई विषयवस्तु बनाइएको छ । वसन्त आउने जाने , जीवनको यात्रामा साथीहरू अनेक आउनेजाने प्रक्रिया ,दिनदिनै तारा टुटेपनि आकाश खाली नहुने , एउटा गुलाब ओइलिएर झरेपनि अर्को प्रक्रिया भइरहने र गएकालाई सम्झना गरेर जीवन चलाउनुपर्ने यथार्थलाई कविताको विषयवस्तु बनाइएकोले कविताको शीर्षक सार्थक रहेको छ

### ४.२.१२.२.मूलभाव

फारसी मुजारे छन्दमा रचिएको प्रस्तुत **जानेहरूलाई सम्झँदै** कवितामा जीवनको अस्तित्वको खोजी गरिएको छ । आउने र जानेकुरा प्राकृतिक नियम हो । हामीले पतझर भयो भनेर निराश हुनुहुँदैन । जीवनमा वसन्तको बहार पनि आउँछ भनेर जीवन चलाउनुपर्ने , जीवनको यात्रामा साथीहरू हजार भेटिन्छन्, यस यात्रामा गरिएका विभिन्न अनुभवलाई समेटेर बाँच्नुपर्ने ,जानेहरूलाई सम्झदैं आउनेको स्वागत गर्नुपर्ने , जसरी आकाशको तारा

हरेक दिन टुटेर झर्छ, त्यसरी नै यो भूमिमा मानिस जन्मनेमर्ने प्रक्रिया चलिरहन्छ भन्दै हामी आशावादी भएर अस्तित्वलाई बुझेर अघि बढ्नुपर्छ भन्ने भाव व्यक्त भएको छ :

एउटा गुलाब झरेछ , रोएर हुन्न साथी
अर्को गुलाब फुल्ने तजबिज बचिरहन्छ ।

यसरी कविले कुनै चिज वा वस्तु आफूबाट छुट्टियो भनेर हामी निराश नभई आशाको त्यान्द्रोलाई लिएर आफ्नो कर्ममा अगाडि बढ्पर्छ भन्ने भाव वा विचार व्यक्त गरेका छन् । अस्तित्ववादी, जीवनवादी र आशावादी स्वर घनीभूत भएको छ ।

### ४.२.१२.३ भाषाशैली

सामान्य तद्भव र केही आगन्तुक शब्दहरूको प्रयोग गरी लेखिएको **जानेहरूलाई सम्झिँदै** कविता सुन्दर र लयात्मक छ । तग्दिर, डेरा, भाडा, सिसा ,तस्विर , जस्ता आगन्तुक शब्द मुटु , हात, जस्ता तद्भव शब्दको प्रयोग गरी सरल ,सुबोध भाषाशैलीमा कविता उत्कृष्ट बनेको छ ।

### ४.२.१२.३.१ लयविधान

लोकप्रिय फारसी मुजारे छन्दमा लेखिएको प्रस्तुत कवितामा स्वर र व्यञ्जन वर्णहरूको विशिष्ट संयोजन गरी कविता लयात्मक र श्रुतिमधुर बनाइएको छ । गजलका सेरहरूमा रदिफको संयोजन भएझैँ प्रत्यक दोस्रो पङ्क्तिका अन्तमा बचिरहन्छ, बगिरहन्छ, बजिरन्छ, उठिरहन्छ, पदहरूको प्रयोग भएको छ तर काफियाको प्रयोग सबै श्लोकमा नभएकाले तस्विर, तक्दिर, तजविज, आदि शब्दले कवितालाई लयात्मक बनाएका छन् । कतैकतै लय भङ्गको अवस्था रहेको छ ।

### ४.२.१२.३.२ बिम्ब, प्रतीक र अलङ्कारविधान

कवितामा अन्तरअनुप्रास छेकानुप्रास र रूपक अलङ्कारको उत्कृष्ट प्रयोग भएको छ :

हामी अनेक ग्वाला, हामी अनेक गोपी
जाने विगत भएछन् आगत बचिरहन्छ ।

उपर्युक्त कविताांशको पहिलो पङ्क्तिका ग्वाला र गोपीमा उही क्रममा पुनरावृत्ति भएकाले एकातिर छेकानुप्रास अलङ्कारको संयोजन भएको छ भने कविले हामीलाई ग्वाला र गोपीका आरोप लगाएकाले रूपक अलङ्कार प्रयोग भएको छ । दोस्रो पङ्क्तिमा **गत** को पुनरुक्तिले छेकानुप्रास अलङ्कार प्रयोग भएको छ । सो पङ्क्तिमा जाने **विगत भएछन्** सामान्य कथाबाट आगत बचिरहन्छ भन्ने सुखद र सुन्दर भविष्यको विशेष अभिव्यक्ति व्यक्त भएकाले अर्थान्तरन्यास अलङ्कारको प्रयोग भएको छ ।

### ४.२.१३ ठुलो मान्छे कविताको विश्लेषण

### ४ २ १३ १ शीर्षकसंरचना

प्रस्तुत **ठुलो मान्छे** कविता गद्य लयमा रचित कविता हो । यस कवितामा पहिलो श्लोक सात पङ्क्तिको र दोस्रो र तेस्रो श्लोक नौ पङ्क्तिको संरचनामा छ । यस कविताको विषयवस्तु मानिसहरू अरुको उन्नति र प्रगति हेर्न चाहँदैन । ऊ कसरी हुन्छ अरुलाई छेक्ने, रोक्ने र लडाउने प्रयास गर्छ भन्दै कविले यो हतारहतारको युग र लछारपछारको युग हो । आजको मान्छेको प्रवृत्तिप्रति व्यङ्ग्य भाव व्यक्त भएको छ । त्यसैले कविले यस कविताको शीर्षक व्यङ्ग्यात्मक रूपमा राखेका छन् ।

### ४ २ १३ २ मूलभाव

प्रस्तुत ठुलो मान्छे कविता व्यङ्ग्यात्मक शैलीमा लेखिएको उत्कृष्ट कविता हो । आजको तँछाडमछाडको समयमा मानिस स्वार्थी भएको छ । मानिस अरुलाई लतारेर , पछारेर , चोला फेरेर औतारी बन्दै र चौतारी फेर्दै ठुलो मान्छे बन्न हतार गर्छ । आफूसँगै हिँड्ने सहयात्रीलाई छिर्का हानेर, लडाएर , ढुङ्गा हानेर, खुट्टा तानेर अघिबढ्छ र ऊ चाँडै ठुलो मान्छे बन्छ । जसमा यस्ता प्रवृत्ति हुन्छ, उसलाई छोटो समयमा शिखरमा पुग्नु छ भन्दै कविले आजको हरेक सामाजिक राजनीतिक , प्रशासनिक क्षेत्रमा देखिएको विकृति र विसङ्गतिप्रति कविले व्यङ्ग्य प्रहार गर्दै विद्रोहको भाव यसरी व्यक्त गरेका छन् :

कसै कसैलाई पानीमा खसाल ,<br>
कुनै कुनैलाई हावामा ठोकिदेऊ ,<br>
कुनै कुनैलाई दाँतले टोकिदेऊ ।

यसरी समाजमा समानताको कुरा गर्नेहरूका स्थिति र व्यवहारमा नै असमानता भएको वर्तमान समयमा व्यक्तिले आफ्नो स्वार्थबाहेक केही देख्दैन । मान्छे अन्धो भएको छ , प्रत्येक काम कुरामा ऊ आफ्नो वैयक्तिक स्वार्थ हेर्छ र त्यसैमा निर्लिप्त हुन्छ भन्ने विचार व्यक्त भएको छ ।देशमा प्रजातन्त्र आएपछि त झनै देशलाई यस्ता खराबप्रवृत्ति भएका मान्छेहरूले नाङ्गो पारेका छन् । आजका नेताहरूलाई  देशको चिन्ता छैन कसरी ठुलो मान्छे बन्ने र अगाडि बढ्ने चिन्तामा लछारपछार गर्दै शक्तिको चाल चल्दै अघि बढिरहेका छन् भन्ने व्यङग्यात्मक भाव रहेको छ :

यो लछारपछारको युग हो,
तिमी अरुलाई लतारेर हिँड,
तिमी अरुलाई पछारेर बढ,
चोला फेरीफेरी नयाँ औतारी बन ।

## ४ २ १३ ३ भाषाशैली

गद्य लयमा रचित ठुलो मान्छे कविता तिन श्लोकमा संरचित छ । कवितमा तद्भव र आगन्तुक शक्दहरूको बाहुल्य रहेको छ । ओज गुणयुक्त यस कवितामा पिर्का, दुनियाँ ,हावा , पानी,  खुट्टा, ठुलो हतार पछारेर , ठोक्ने , टोक्ने जस्ता सामान्य चलनचल्तीका शब्दहरूको उचित प्रयोगले कविता सरल,सुबोध एवं विशिष्ट बनेको छ । कवितामा, आध्यानुप्रास , मध्यानुप्रास र अन्त्यानुप्रासको उचित संयोजन गरिएको छ । कविता व्यङ्ग्यात्मक शैलीमा लेखिएको छ ।

## ४.२.१३.४ लयविधान

प्रस्तुत ठुलो मान्छे कविता तिन श्लोक संरचना भएको गद्य लयमा रचित कविता हो । आद्यानुप्रास , मध्यानुप्रास र अन्त्यानुप्रासको प्रयागले कविता लयात्मक , गेयात्मक र श्रुतिमधुर बनेका छ ।

## ४.२.१३.३.२. बिम्ब, प्रतीक र अलङ्कारविधान

गद्यशैलीको प्रस्तुत कवितामा अनुप्रास अलङ्कारको विविध प्रयोग भएको छ । आध्यानुप्रास, मध्यानुप्रास, छेकानुप्रास र अन्त्यानुप्रास अलङ्कारको प्रयोग यस कवितामा

भएको छ । 'ठुलो मान्छे' लाई अति मान्छे, एक्लो मान्छे, जस्ता आरोप गरिएकाले रूपक अलङ्कारको पनि प्रयोग भएको छ । कवितामा अनावश्यक ठुलो बनाई वर्णन गरिएकाले अतिशयोक्ति अलङ्कारको पनि प्रयोग भएको छ :

तिमी संसारको एक्लो मान्छे बन,
तिमी दुनियाँको अन्तिम मान्छे बन,
तिमी धेरै ठुलो मान्छे बन ।

### ४.२.१४. हामी सधैँसधैँ लाटाबुङ्गा होइनौँ कविताको विश्लेषण

### ४२१४१ शीर्षकसंरचना

निम्नवर्गीय किसान मजदुरलाई हामी सम्बोधनगरी युरेनियम पगाल्ने, धुँवासित झिल्सिन सक्ने, पहरा फोर्दा चर्को घाममा पिल्सिने , पर्तीबन्जर खन्ने, महलका जग भर्ने, बन्दुक बोकी लेबनान कुर्ने, यस धर्तीलाई सम्याउन , चिल्याउन र भत्काउन पनि जान्ने, मिठो गाँसको सुख र सुकुम्बासको दुख जानेका भए पनि हामी सधैँसधैँका लाटाबुङ्गा होइनौँ भनिएको छ । यसरी नेपाली समाजको सामन्ती वर्गीय विभेदलाई प्रस्तुत गरिएको कविताको शीर्षक विषयवस्तु अनुकूल छ । गद्य शैलीमा कुल चौबिस पङ्क्तिका चार पङ्क्ति पुञ्जका चार अनुच्छेद छन् । लघु आकारको संरचनामा काम गरी खाने सर्वहारा , किसान , मजदुर वर्गको पसिनामा संसार बाँचेको तर सामन्त वा हुनेखाने वर्गले लाटाबुङ्गा बनाइरहेकोले हामी लाटाबुङ्गा हाइनौँ भन्ने तर्क प्रस्तुत गरी कविको गम्भीर भाव कवितामा स्पष्ट भएकोले शीर्षक सार्थक छ ।

### ४.२.१४.२. मूलभाव

संसार वर्गीय विभेदको चपेटामा परेको छ । कृषि, कलकारखाना, सडक बनाउने, पहाड खन्ने, ठुलठुला महलका जग खन्ने र हवेलीका मजबुत ढुङगा बन्ने हामी सर्वहारा, किसान मजदुरहरू सधैँसधैँका लाटाबुङ्गा होइनौँ,  तथाकथित ठुलाभन्दा साना पनि होइनौँ र तिरस्कृत पाना पनि होइनौँ, तिरस्कारको जबाफ दिई हडकङ छाड्ने योद्वा , बन्दुक बोकी लेबनान कुर्ने छोरा जन्माउने र हुर्काउने हामी यो धर्तीलाई चिल्याउन र सम्याउन जान्दछौँ र खनेर भत्काउन पनि जान्दछौँ भन्दै हामी तराईमा झुल्ने धानका बाला , पहाडभरिका मकैका बारी पनि हौँ । हामीसँग सिर्जना पनि छ र आवश्यकता परे ध्वंश पनि छ । हामीलाई मिठो

गाँसको सुख र सुकुम्बासको  दुख थाहा छ । **ए, हबेलीका ठुलाबाडा हो हामीलाई तिरस्कृत पाना नसम्झ** भन्ने हाँक दिँदै कविले निम्नवर्गीय सर्वहारा किसान, मजदुर कमजोर होइनन्, सर्जक हुन भन्ने भाव व्यक्त गरेका छन् । नेपाली समाजमा व्याप्त धनी र गरिब ,ठुलो र सानो वर्गबिचको विभेद र उच्च वर्गले निम्न वर्गलाई गर्ने व्यवहार यथार्थपरक रूपमा प्रस्तुत गर्नु , दुनियाँ बनाउने काम यिनै किसान मजदुर निम्नवर्गबाट हुने यथार्थ बोध गराउनु, पसिना बगाएर खानुपर्ने अबस्थाको चित्रण गर्नु र सधैँसधैँ अन्याय अत्याचार थिचोमिचो सहन सक्दैनौँ भन्दै विद्रोहको हाँक समेत दिनु यस कविताको  मूलभाव वा केन्द्रीय विचार हो । प्रस्तुत कविता सामाजिक आर्थिक सामन्ती संस्कारको अन्त्य गर्ने अस्तित्व चिन्तन बोकेको परिवर्तनशील र  प्रगतिवादी कविता हो ।

### ४.२.१४.३. **भाषाशैली**

ओजपूर्ण गद्यशैलीमा छोटाछोटा चार पङ्क्ति पुञ्जमा संरचित प्रस्तुत कविता विषयवस्तु अनुकूल विचार व्यक्त गर्न भाषाशैली , शब्द एवम् बिम्ब , प्रतीक र अलङ्कार समेतको उपयुक्त गर्न संयोजन भएको उत्कृष्ट कविता हो । हामी सम्बोधन गरी प्रथम पुरुष बहुवचन आन्तरिक दृष्टिबिन्दुमा कविले आफू र आफूजस्तै किसान, मजदुर, सर्वहारा वर्गलाई उभ्याई ठुलाबडालाई सम्बोधन गर्दै **ए,ठुला बडा हो**  भन्दै हाँक दिई एकालापयुक्त संवाद योजनामा गरिबी , अशिक्षा, शोषण उत्पीडनले पिल्सिएकाहरूको सधैँ यही अबस्था रहन सक्दैन भन्ने प्रगतिवादी दृष्टिकोण सरल , सुबोध भाषामा प्रस्तुत गरिएको छ । कवितामा युरेनियम , हबेली, लेबनान जस्ता आगन्तुक शब्द तथा भिल्सिन , पिल्सिन ,चिल्याउन, सम्याउन, सुकुम्बासजस्ता नेपाली शब्दहरू एवम् तिरस्कृत, योद्धा , सुख, दुख जस्ता तत्सम शब्द प्रयोग गरी ओजगुण युक्त भाषाशैलीमा वीर रसको अभिव्यक्ति भएको छ  ।

### ४.२.१४.३.१.**लयविधान**

मुक्त छन्द वा गद्य शैलीमा आद्यानुप्रास , मध्यानुप्रास र अन्त्यानुप्रास अलङ्कारको संयोजन, अन्तर अनुप्रासको संयोजन , रूपक अलङ्कारको प्रयोग कवितामा भएको छ । युरेनियम, धुँवा, बाँझो लेबनान , बन्दुक जस्ता बिम्ब र प्रतीकात्मक भाषाले गद्य कविता भएपनि कविता लयात्मक एवम् आकर्षक बनेको छ ।

तराई धानका बाला भई झुल्ने हामी
पहाड भरि मकैबारी गोड्ने पनि हामी
हामीलाई मीठो गाँसको सुख पनि थाहा छ
हामीलाई सुकुम्बासको दुख पनि थाहा छ
हामी किसान मजदुर हौँ
हामी सधैँसधैँका लाटाबुङ्गा होइनौं ।

### ४.२.१४.३.२. बिम्ब, प्रतीक र अलङ्कारविधान

हामी च्यातिएका तिरस्कृत पाना पनि होइनौं
हामी तथाकथित ठुला भन्दा साना पनि छैनौं
हामी सधैँसधैँका लाटाबुङ्गा होइनौं ।

कविको उत्कृष्ट शैली र बिम्ब , प्रतीक र अलङ्कारको नमुना उपर्युक्त पङ्क्ति पुञ्ज हो । **हामी** आध्यानुप्रास , **पाना पनि साना पनि** मध्यानुप्रास र **होइनौं छैनौं** अन्त्यानुप्रासको संयोजन एकातिर भएको छ भने किसान मजदुरलाई तिरस्कृत पाना, ठुला भन्दा साना र लाटाबुङ्गाको आरोप लगाई रूपक अलङ्कारको प्रयोग पनि गरिएको छ । साथै किसान मजदुरलाई हङकङ छाड्ने योद्वाहरू , लेबनान कुर्ने छोराहरू जन्माउने रूपमा हामीलाई प्रस्तुत गरी रूपक अलङ्कारको प्रयोग भएको छ । कवितामा प्रतीकात्मकता छ । धर्तीलाई चिल्याउने, सम्याउन जान्ने धानका बाला भई झुल्ने र खनेर भत्काउन पनि जान्ने सिर्जना र विध्वंशको प्रतीकका रूपमा किसान र मजदुर सर्वहारा वर्गलाई प्रस्तुत गरिएको छ । प्रतीकात्मकता कवितामा यत्रतत्र छ । विषयवस्तु अनुकूल युरेनियम , धुँवा ढुङ्गा , लाटाबुङ्गा , योद्वा , बन्दुक जस्ता बिम्बहरूको प्रयोगले कविता ओजपूर्ण बनेको छ । विभेदप्रतिको कविको आक्रोश र विद्रोहलाई उद्घाटन गर्न कविता सफल भएको छ ।

### ४.२.१५. बालमजदुर कविताको विश्लेषण

### ४.२.१५.१ शीर्षकसंरचना

हातमा कलम र झोला बोकी पढ्न जानुपर्ने बालबालिकाहरू आर्थिक दुरावस्था पछौटेपन र चेतनाको अभावले बालमजदुरको रूपमा काम गर्ने अवस्थालाई मार्मिक रूपमा

प्रस्तुत गरिएको छ । ठुलामान्छेको घरमा , होटलमा , कलकारखानामा विकासनिर्माणमा काम गर्नेगराउने र देशभित्रमात्र नभई भारतमा समेत ज्यामी , भरिया कुल्ली जस्तो निम्नस्तरको काम गर्न बाध्य बनेका बालबालिकाहरू नियतिको कठोरतालाई चुपचाप सहेर शिशिरको जाडोमा नग्न चरचरी फुटेका पैतालामा बोरा बोक्ने, इँटा पार्ने, आँखामा आँसु टल्पलाएर दैनिक पन्ध्र रूपैँया पाउने आसमा , रात ओड्दै जीवनको मरुस्थल छातीमा लुकाउने यथार्थ अवस्थाको चित्रण गरिएको छ । छ पङ्क्ति पुञ्जको ४२ पङ्क्तिको आयाममा गद्य शैलीमा लेखिएको बालमजदुर कविता आयामका दृष्टिले मध्यम आयामको कविता हो करुण रसको अभिव्यक्ति भएको यस कवितामा विषयवस्तु , आयाम वा संरचनाशिल्प एवम् शैलीको उपयुक्त संयोजन भएको छ । कवितामा क्रमश पाँच दस ,पाँच , चार , आठ र दस पङ्क्तिका छ पङ्क्तिपुञ्जको मध्यम आयामा विस्तारित छ ।

### ४.२.१५.२ मूलभाव

नेपाली समाजमा व्याप्त बालमजदुरको अवस्थालाई यथार्थपरक रूपमा चित्रण गर्नु यस कविताको मूलभाव विचार वा उद्देश्य हो । कवि पढ्नेलेख्ने सिर्जनात्मक उमेरका बालबालिकाहरूलाई शारीरिक क्षमताभन्दा गह्रुङ्गो काम लगाउने समाज र सामाजिक परिवेशप्रति व्यङ्ग्य गर्दै बालमजदुरको मनोवैज्ञानिक कारुणिक अवस्थालाई प्रस्तुत गर्दछन् । नियतिको कठोरतालाई सहिरहेको चौध वर्षको बालमजदुरलाई जिस्काउँदै थप्पड हानेर पन्ध्रौँ वर्षपनि जानेछ भन्ने यथार्थ, यसरी नै बालकले काममा जोतिइरहनुपर्नेछ भन्दै नग्न पैताला , चरचरी फुटेका छाला , शिशिरको जाडोमा बालुवाको बोरा टाउकोमा थेग्न , एक मुठी सास छातीमा डल्लो परेको , जीवनभर उठाउन गाह्रो भएको जिन्दगीको विश्वास र भरोसा सृष्टिकर्तामाथि राखी नाङ्गा पैताला छाप्दै दिनभर ओहोरदोहोर गर्दै पसिना पुछ्दै अन्नदाता विधाताका ढोकासम्म पुग्ने मजदुर होस् वा इँटाभट्टीको बालमजदुर, चाहे घरमा राखिएको बालमजदुर होस्, अनमोल पसिनाको मोल पन्ध्र रूपैँया पाउने आशामा धुवाँ पुत्ताउने दाउरा फुक्दै ठेकेदारको रोटी सेक्ने बालमजदुर होस् दुखिरहेका पिडौँला र पाखुराको मासु र चुहुँदाचुहुँदै रोकिएका बालनयनका आँसुहरू अनन्त वेदना पोको पारेको सानो बाल मुटु आमाको काख सम्झदैँ परालभित्र घुस्रिन्छ र सम्पूर्ण विश्वलाई खुम्च्याएर डल्लो पार्दै निदाउन खोज्छ तर सपनाहीन विचेत निद्रा जीवनको मरुस्थल छाती रात ओड्दै जीवन चलाउँछ भन्ने अबोध बालकका दुखद कारुणिक यथार्थको चित्रण गर्नु, बालमजदुरप्रति सहानुभुति प्रकट गरी

करुण रसको अभिव्यक्ति दिनु नै यस कविताको मूलभाव हो । भगवान सृष्टिकर्ता , विधाता अन्दाता आदि भाग्यवादी प्रवृत्ति समेत प्रस्तुत भएको छ ।

### ४.२.१५.३. भाषाशैली

ओजपूर्ण गद्यशैलीमा रचिएको प्रस्तुत बालमजदुर  कवितामा विषयवस्तु अनुकूल करुण रसलाई परिपाकमा पुऱ्याइएको छ । बालमजदुर  कविता सरल एवम् कोमल शब्दहरू, बिम्ब, प्रतीक र अलङ्कार समेतको उपयुक्त संयोजन गरी लेखिएको करुण रस प्रधान कविता हो । वसन्त विधाता, स्पर्श , शिशिर, सृष्टि, वेदना जस्ता तत्सम , गाला जाडो , छाती जस्ता तद्भव र बोरा मुकाम , माइल जस्ता आगन्तुक र चुहुँचुहुँ झमक्क जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोगले कविता उत्कृष्ट बनेको छ । कविता तृतीय पुरुष दृष्टिबिन्दु र वर्णनात्मक शैलीमा लेखिएको छ ।

### ४.२.१५.३.१ लयविधान

गद्य शैलीमा संरचित प्रस्तुत बालमजदुर कविता मध्यानुप्रास अन्त्यानुप्रास , छेकानुप्रास अलङ्कारको समुचित संयोजनले र अनुकरणात्मक शब्दहरूको प्रयोगले लयात्मक एवम् उत्कृष्ट बनेको छ । करुणरसको परिपाक भएको यस कवितामा कविप्रतिभाले पनि लयात्मकताको सिर्जना भएको छ ।

असाध्यै दुख्ने पिँडौला र पाखुराका मासुहरू
चुहुँचुहुँ हुँदै रोकिएका बाल नयनका आँसुहरू । (छेकानुप्रास )

### ४.२.१५.३.२ बिम्ब, प्रतीक र अलङ्कारविधान

प्रतीकात्मक , बिम्बात्मक र आलङ्कारिक भाषाको प्रयोगले कविता विशिष्ट भएको छ । मासु, आँसु, दाउरा, पैंताला, थप्पड जस्ता विविध बिम्बहरूको प्रयोग, रूपक अलङ्कारको प्रयोग, अन्त्यानुप्रास अलङ्कार र अन्तर अनुप्रासको संयोजनले कविता विशिष्ट बनेको छ :

एक मुर्छा निदाउन
तानतुन पारेर रात ओढ्दै जीवनको
मरुस्थल छातीमा लुकाएर ।

उपर्युक्त पङ्क्तिहरूमा प्रतीकात्मक एवम् व्यञ्जनात्मक भाषाको प्रयोग भएको छ । यसैगरी कवितामा जीवनलाई मार्गको आरोप लगाएकोले रूपक अलङ्कारको प्रयोग भएको छ ।

**४.२.१६. कालापानी दुखिरहन्छ कविताको विश्लेषण**

**४.२.१६.१. शीर्षकसंरचना**

मुक्त छन्दमा संरचित प्रस्तुत **कालापानी दुखिरहन्छ** कविता देशप्रेमको भावनाले ओतप्रोत भएको कविता हो । यस कवितामा विषयवस्तु, आयाम र संरचनाशिल्पको उचित संयोजन गरिएको छ । तिन, दुई, छ पाँच , आठ पङ्क्तिका जम्मा पाँच पङ्क्तिपुञ्जमा यस कविताको आयाम विस्तारित छ । कविले यस कवितामा कालापानी र सुगौलीसन्धिलाई कोट्याउँदै आजको समसामयिक राजनीतिप्रति व्यङ्ग्य प्रहार गरेका छन् । कालापानी , कोसी जस्ता नदीहरू पजेरोसित साटेको र देशको अहित हुने सन्धिसम्झौताको पीडा नेपाली जनताका मुटुमुटुका रगतमा बगिरहने र यो महाशूल भएर घोच्ने भन्दै नेताहरूले गरेको अहितकारी सन्धिसम्झौतालाई विषयवस्तु बनाइएको कविताको शीर्षक कालापानी दुखिरहन्छ सार्थक र उपयुक्त रहेको छ ।

**४.२.१६.२. मूलभाव**

वि. सं. २०४७ सालको प्रजातन्त्र प्राप्तिपछि नेताहरू स्वार्थी सुविधाभोगी, पदलोलुप, परनिर्भर हुँदै गएको विदेशीका अगाडि निरीह बन्ने गरेकोले नेपाली राष्ट्रियता, स्वाभिमान कमजोर बन्दै गएको भन्ने मूल विचार वा केन्द्रीय भाव प्रस्तुत कवितामा व्यक्त भएको छ । कविले बाइसेचौबिसे टुक्रे राज्यहरूलाई विशाल नेपालको रूपमा स्थापित गर्ने पृथ्वीनारायण शाहको सपना पुरा भएपनि मेची र महाकालीपारिको भूभाग गुमेपछिको पीडा स्मरण गरिएको छ । कवि कालापानी, महाकाली, कोसी, गण्डकी आदि नदीमा भारतसँग सन्धिसम्झौताका नाममा आत्मसमर्पण गर्ने नेताहरूको अदूरदर्शिता, विदेशीलाई मालिक र आफूलाई कमजोर ठान्ने प्रवृत्ति र पजेरो सुरासुन्दरी , सुत्केरी भत्ता जस्ता निकृष्ट स्वार्थी सुविधाभोगी प्रवृत्तिप्रति व्यङ्ग्य गर्दछन् । नेपालीहरूको ऐतिहासिक वीरता, गाथा र स्वाभिमानमा राजनीतिक नेतृत्वबाट आँच पुग्न गएको र कवि जस्ता स्वाभिमानी देशभक्त नेपालीहरूको मन कालापानीमा , महकालीसन्धिमा कोसीगण्डकी आदिका सन्धिसम्झौताले निरन्तर दुखिरहेको भाव व्यक्त गरेका छन् । कालापानी हस्ताक्षरका डोबहरू, सुगौलीको

खोपजस्तै ऐँठन पर्ने रोगहरू नेपालीका मुटुमुटुमा सधैँभरि दुखिरहन्छ भन्दै नेताहरूले राष्ट्रिय स्वाभिमान् पजेरोसित साटेको, जनतालाई ढाँटेर सन्धिपत्रमा हस्ताक्षर गरेको सारङ्गीको तारजस्तै गाउँबेसी र पहाडमा बजिरहन्छ । पजेरो फिर्ता गरेपनि आगोले पोलेको दागजस्तै, महाकालीको छालजस्तै कालापानी दुखिरहन्छ भन्ने देशप्रेमको भावना व्यक्त भएको छ । प्रस्तुत कविता देशभक्तिको भावनाले ओतप्रोत भएको वीररसप्रधान कविता हो :

पजेरो र कालापानी हस्ताक्षरका डोबहरू ,
सुगौलीको खोपजस्तै ऐँठन पर्ने रोगहरू ।

### ४.२.१६.३. भाषाशैली

देशप्रेमको भावनाले भरिएको **कालापानी दुखिरहन्छ** कविता गद्यशैलीमा लेखिएको उत्कृष्ट कविता हो । व्यङग्यात्मक शैलीमा उपमा , रूपक , अनुप्रास एवम् अन्तरअनुप्रास अलङकारको प्रयोग , प्रतीकात्मक बिम्बात्मक भाषाको प्रयोगले कविताको भाषाशैली उत्कृष्ट बनेको छ । कोसी, गण्डकी ,महाकालीका ऐतिहासिक सन्धिसम्झौता र राजनीतिक क्षेत्रका विकृति विसङगतिप्रति व्यङ्ग्य गरिएको यो कविता सरलसुबोध भईकन पनि प्रतीकात्मक, आलङ्कारिक एवम् विशिष्ट बनेको छ । डोबहरू, मुटु , रगत , सन्धिपत्र , कालीपानी , हस्ताक्षर आदि शब्दको प्रतीकात्मक एवं बिम्बात्मक प्रयोग र ओजपूर्ण भाषाको प्रयोगले कविता देशभक्तिपूर्ण र वीररस प्रधान बनेको छ ।

### ४.२.१६.३.१. लयविधान

गद्यशैलीका चौबिस पङ्क्तिमा पाँच पङ्क्ति पुञ्जको आयाम ओगटेको प्रस्तुत कविता अन्त्यानुप्रास, छेकानुप्रास र अन्तर अनुप्रासको सुन्दर संयोजन, उपमा, रूपक आदि अलङ्कार र प्रतीकात्मक भाषाको प्रयाग र **कालापानी दुखिरहन्छ** पदावलीको पुनरावृत्तिले कविता लयात्मक बनेको छ :

महाकालीका छालहरूजस्तै रगतहरूमा छल्किरहन्छ
मादलुका तालजस्तै मुटुमुटुमा बजिरहन्छ
पजेरो फिर्ता गरेपनि कालापानी दुखिरहन्छ ।

### ४.२.१६.३.२. बिम्ब, प्रतीक र अलङ्कारविधान

अन्त्यानुप्रास , अन्तरअनुप्रास , उपमा अलङ्कार र प्रतीकात्मक भाषाको प्रयोग यस कविताका विशेषता हुन् । मुटुमुटुका रगतहरूमा बगिरहन्छ कालापानी दुखिरहन्छ जस्तो प्रतीकात्मक भाषाको प्रयोग भएको यस कवितामा कालापानी हस्ताक्षरका डोबहरू , पजेरो , सन्धिपत्र, सारङ्गी कोसी , गण्डकी , आँसु जस्ता जीवन, जगत , प्रकृति एवम् ऐतिहासिक बिम्बको प्रयोग भएको छ । समग्रमा कविता उत्कृष्ट, विशिष्ट एवम् देशभक्ति भावले ओतप्रोत छ ।

आगोले पोलेको दागजस्तै
छालाहरूमा बसिरहन्छ ।
मादलुका तालजस्तै ,
मुटुमुटुमा बजिरहन्छ ,
कालापानी दुखिरहन्छ ।

## ४.२.१७. मान्छे सङ्घर्षका गीतहरू हुन् कविताको विश्लेषण

### ४.२.१७.१ शीर्षकसंरचना

प्रस्तुत **मान्छे सङ्घर्षका गीतहरू हुन्** कविता गद्य लयमा रचित जीवनको यथार्थ भाव व्यक्त भएको कविता हो । गद्य शैलीमा रचिएको यस कवितामा चार पङ्क्तिको एक श्लोक संरचनामा जम्मा चार श्लोक छन् । कवितामा कविले मान्छेको जीवनको सङ्घर्षको यथार्थ चित्रण गर्दै सङ्घर्ष नै जीवन हो भन्ने विचार व्यक्त गरेका छन् । मान्छे समय अनुसार परिवर्तन हुनसक्छ  र जीवनमा आएका हरेक समस्यासँग जुध्न सक्छ भन्ने यथार्थभाव व्यक्त भएको प्रस्तुत कविताको शीर्षक उपयुक्त र सार्थक छ ।

### ४.२.१७.२. मूलभाव

प्रस्तुत कविता अस्तित्ववादी जीवनवादी दृष्टिकोण व्यक्त भएको कविता हो । कविले मानिसको जीवनलाई एउटा सङ्घर्ष नै सङ्घर्षले भरिएको गीतको संज्ञा दिएका छन् । मानिसहरू बेहोसीका पलबाट बिउँभ्रेर उठ्ने, छटपटीका ज्वालामा दनदनी बल्न सक्ने, आफ्नो अस्तित्वको खोजीका लागि आँधीका कठोर हातसित चल्न सक्ने, वेदनालाई भ्रेल्न सक्ने, खरानीको थुप्रोमात्र हैन, अस्तित्वको भ्रिल्को भई बल्न सक्ने, बालुवाको टारजस्तो

छाती, बगरको ढुङ्गाजस्तो मुटु नभएको मान्छेको मन मइन भएर गल्ने मात्र नभएर बल्न पनि सक्छ । पहरालाई ठेल्दाठेल्दै रगतपिच्छे भएपनि  आवश्यकता परेमा ज्वालामुखी बन्न सक्छ भन्ने मानिसको सङ्घर्षमय जीवनको वर्णन गरिएको छ । जीवनको अस्तित्व बोध यसरी व्यक्त भएको छ :

अस्तित्वको मूल्य खोज्न रातलाई लखेट्दै ,
आँधीका कठोर हातसित चल्न पनि सक्छ ।

### ४.२.१७.३. भाषाशैली

गद्यशैलीमा रचिएको **मान्छे सङ्घर्षका गीतहरू हुन्** कविता चार पङ्क्तिको एक श्लोक संरचनामा जम्मा चार श्लोकमा संरचित छ । कवितामा तद्भव आगन्तुक र झर्रा नेपाली शब्दहरूको प्रयोग गरिएको छ । पलपलमा गाल्दागाल्दै, ठेल्दाठेल्दै शब्दहरूको प्रयोगले कवितामा मिठास थप्ने काम गरेको छ । अन्तर अनुप्रासको प्रयोग भएको छ ।

### ४.२.१७.३.१ लयविधान

मूलत : गजल मा प्रयोग हुने १६ अक्षरको फारसी रमल छन्दमा लेखिएपनि धेरै पङ्क्तिहरूमा लय भङग भएको छ । कवितामा चौध अक्षरको झ्याउरे लयका पङ्क्ति समेत छन् । अन्त्यानुप्रास विहीन अन्तरअनुप्रासको प्रयोग र रूपक उपमा अलङ्कारको संयोजन गरी लेखिएको यस कवितामा मुक्त लयमाझैँ लयात्मकता रहेको छ ।

### ४.२.१७.३.२. बिम्ब, प्रतीक र अलङ्कारविधान

मान्छेलाई ज्वालाहरूमा बल्न सक्ने, आँधीका कठोर हातसँग चल्न सक्ने शक्तिका रूपमा उभ्याउँदै कविले सामान्यतः प्रथम र तेस्रो , दोस्रो  र चौथो  पङ्क्तिमा अन्त्यानुप्रासको संयोजन गरेका छन् । गल्ने मैनसँग , बगरको ढुङ्गासँग तुलना गर्दै उपमा अलङ्कार रूपक अलङ्कारको प्रयोग , ज्वालाहरू , आँधी , खरानीको थुप्रो , पहरा ज्वालामुखी , तारापुञ्ज जस्ता विविध बिम्बहरू प्रयोग गरी कवितालाई बिम्बात्मक, प्रतीकात्मक एवम् आलङ्करिक बनाइएको छ । **मान्छे सङ्घर्षका गीतहरू हुन** भन्दै शीर्षकलाई  नै प्रतीकात्मक रूपमा प्रस्तुत गरिएको छ :

खरानीको थुप्रोमात्रै होइन पक्कै मान्छे
अस्तित्वको झिल्को हो ऊ बल्न पनि सक्छ ।

खरानीको थुप्रोभित्र सानो आगोको झिल्कोले संसार डढाउन सक्छ, अस्तित्वका लागि सानो झिल्को नै पर्याप्त हुने भन्दै विशिष्ट प्रतीकात्मक भाषाको प्रयोग गरिएको छ । अस्तित्वको झिल्को बल्न सक्ने आगोका रूपमा मान्छेलाई प्रस्तुत गरी रूपक अलङ्कार र प्रतीकात्मक भाषिक अभिव्यक्ति भएको छ ।

### ४.२.१८. भुइँ हेरेर उठ्ने गर कविताको विश्लेषण

#### ४.२.१८.१ शीर्षकसंरचना

आफू उभिएको भुइँ हेरेर हैसियतअनुसार कुद्नुपर्छ, भुइँसितको नातालाई बिर्सिएर हावामा पुगेँ भन्नेहरू यता न उताका हुने भएकाले त्यस्तो आधार विहीन अस्तित्वको कुराले रहरहरू शून्य बन्ने, अर्काको बुइ चढेर अर्काको बलमा उठ्नेहरू महलसितै खस्नुपर्छ, भुइँमाथि नै गल्नुपर्छ । अतः घाँटी हेरेर हाड निल्नुपर्छ भन्ने विचार प्रस्तुत गरेकाले कविताको शीर्षक सार्थक रहेको छ । कुल २१ पङ्क्तिका चार श्लोक संरचनामा १६ अक्षरे फारसी रमल छन्दमा संरचित प्रस्तुत कविता लघुआयाममा संरचित छ ।

#### ४.२.१८.२ मूलभाव

आधारबिना कुनैपनि चिज अड्न नसक्ने अर्काको बलमा , भरोसामा उफ्रनेहरू जति माथि पुगेपनि भुइँ नै आधार भएकाले मान्छेले आफ्नो यथार्थ धरातल र हैसियतलाई बिर्सनु हुँदैन भन्ने भाव नै प्रस्तुत **भुइँ हेरेर उठ्ने गर** कविताको मूलभाव हो । आफू उभिएको जमिन बिर्सेर बुर्कुसी मार्नेहरू, हावामा उड्नेहरू, भुइँभित्रको कम्पनले या त्रिशङ्कुझैँ शून्यमाथि झुन्डिनुपर्छ, नत्र भुइँमाथि भिरालोमा ढुन्मुनिन्छौ भन्दै पैताला पातहरूमा चाल्ने होइन भुइँमै चाल्नुपर्छ, अर्काको बुइ चढेर भातेगीत गाउनेहरू विचार गर, कुदाइको पनि विराम हुन्छ भन्दै आफ्नो हैसियत बिर्सेर फुर्तीढाँचा , घमण्ड देखाउने र आफ्नो हैसियत बिर्सनेहरूलाई यथार्थ धरातलको बोध गराउनु नै यस कविताको मूलभाव वा सन्देश हो । कविको भाव यसरी व्यक्त भएको छ :

तिमीलाई उचाइका महलसितै खस्नुपर्छ ,
तिमीलाई भुइँ माथि पल्टिएर गल्नुपर्छ ।

### ४.२.१८.३. भाषाशैली

व्यङ्ग्यात्मक शैलीमा प्रस्तुत कविता लेखिएको छ । **उचाइका रहरहरू भुइँ हेरेर उठ्ने गर** सिङ्गो पङ्क्तिको चारै श्लोकमा पुनरावृत्ति गरी तिमी सम्बोधनद्वारा भुइँ नहेरेर उठ्नेहरूलाई यथार्थ बोध गराउन कवितामा उपयुक्त शब्दसंयोजन, लय संयोजन एवम् शैलीशिल्प प्रयोग गरिएको छ । लयविधान , बिम्बप्रतीक एवम् अलङ्कारविधानलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

### ४.२.१८.३.१ लयविधान

फारसी १६ अक्षरको रमल छन्द चारवटा फाइलातुन (२१२२+२१२२+२१२२+२१२२)[२३] को प्रयोग गरी मध्यानुप्रास, अन्त्यानुप्रास, आध्यानुप्रास एवम् छेकानुप्रास जस्ता अलङ्कारहरूद्वारा कविता लयात्मक बनाइएको छ भने कतै कतै लय भङ्गको स्थिति देखिन्छ :

विचार गर उचाइको पनि सिरान हुन्छ (१४ अक्षर )
विचार गर कुदाइको पनि कहीँ बिराम हुन्छ । (१६ अक्षर )

उपर्युक्त दुबै पङ्क्तिमा **उचाइ** र **कुदाइ** शब्दले मात्र अर्थ एवम् भाव फरक पार्ने कविको उद्देश्य देखिन्छ । उचाइको पनि भन्दा पछि **कहीँ** शब्द छुट्न गएकोले लय भङ्ग र कविको बुनोट विधान भङग हुन पुगेको छ कविको परिस्कार नपुगेकाले यस्तो हुन गएको देखिन्छ । विचारको **र** र सिरानको **न** र विरामको **म** हलन्त उच्चारण गरी लय विधान गर्नुपर्ने अवस्था देखिन्छ ।

### ४.२.१८.३.२. बिम्ब, प्रतीक र अलङ्कारविधान

अनुप्रास अलङ्कारको अति सुन्दर एवम् विविधता युक्त संयोजन गरिएको छ । यात, यात, नत, भुइँ, बुई छाडेर, चढेर जस्ता सुन्दर आध्यानुप्रास , ठडिएर बस्न सक्छ- अडिएर

२३. देवी नेपाल, छन्दपरक, (काठमाडौँ : भुँडी पुराण प्रकाशन, वि.सं. २०६२), पृष्ठ ११७ ।

बस्न सक्छ जस्तो अन्त्यानुप्रास, ठड्याइले अड्याइले, उचाइ, कुदाइ जस्ता मध्यानुप्रासको प्रयोगले अनुप्रास अलङकारको बेजोड नमुना बन्न पुगेको प्रस्तुत कवितामा भुइँ नहेरेर उठेनेहरू , भुइँ नटेकेर कुद्नेहरूलाई बुर्कुसीका  बहरहरू उचाइका रहरहरूको रूपमा प्रस्तुत गरी रूपक अलङ्कारको प्रयोग गरिएको छ । हावा , भूकम्प , बिस्फोटन , त्रिशङकु , भाते , आँधीबेरी भुइँकिरा जस्ता बिम्बहरू एवम् प्रतीकहरूको प्रयोगले कविता बिम्बात्मक एवम् प्रतीकात्मक बनेको छ ।

### ४.२.१९. पहाडका आँसु कविताको विश्लेषण

#### ४.२.१९.१ शीर्षकसंरचना

ऋषिमुनिहरूको तपस्यास्थल, शान्ति, पवित्रता र स्वच्छताको प्रतीक मानिने नेपाल बुद्धको जन्मभूमि, सीता र भृकुटीको माइतीघर , पौराणिक ऐतिहासिक र प्राकृतिक गरिमा बोकेको नेपालमा चलेको द्वन्द्व, भिरपाखा रातै बनाएर फुल्ने लालीगुँरास , छाँगाछहरा, भञ्ज्याङचौतारी, हिमालपहाडतराई , लेकबेँसी, आक्रान्त, रक्ताम्य भएकोले नेपालीहरू विवश आँसु बगाएर बाँचिरहेको भन्दै यसपाली पनि दसैँ र तिहारमा मुरली र मादलहरू कतै बजेनन् भन्ने विचार व्यक्त भएको कुल चौबिस पङ्क्तिका पाँच पङ्क्तिपुञ्जमा संरचित मध्यमआयामको गद्य शैलीमा लेखिएको **पहाडका आँसु** शीर्षकको कविता विषयवस्तु अनुकूल सार्थक छ ।

#### ४.२.१९.२ मूलभाव

हिमाल, पहाड तराई चारवर्ण छत्तिसजातको फुलबारी , प्राकृतिक सौन्दर्यले भरिपूर्ण, बुद्ध, सीता, भृकुटीहरूको जन्मस्थल नेपालमा द्वन्द्वका कारण पारिवारिक विखण्डन, वियोग, अशान्तिबाट बादलहरू आँसु बर्साएर, पहाडलाई अँगालो हालेर रोइरहेको, भिरपाखा राता गुँरासाहरू रक्ताम्मे भएर मुर्दा परिहेरहेछन् । रुँदै झरेका छाँगाछहरा , विवश बनेका पाखापहरा रोक्न छेक्न नसकी पहाडलाई अँगालो हाली रोइमात्रै रहेका छन् । बुढा आमा बाबुलाई अलपत्र पारेर युद्धका  नाममा कर्मयोगी युवाहरू रक्ताम्मे भएर पल्टिरहेछन् । रक्ताम्मे कमिज लाएका देउरालीहरूमा शोकमग्न गाउँबेँसी र उकालीहरूमा अभाव , अशिक्षा र उत्पीडनमा थिचिँदै आएका नेपालीहरू जनताको मुक्तिका नाममा भएको विद्रोह राज्यपक्षबाट भएको दमन र द्वन्द्वको दोहोरो चपेटामा परेर कैयौँ आमाहरूले कलिला

सन्ततिहरू, अधबैंसे महिलाहरूले पति, कैयौं छोराछोरीहरूले आमा गुमाउनु परेको , सामन्तका नाममा र विद्रोहीका नाममा थातबास छोडेर बिस्थापित हुनुपरेको युद्धकालको यथार्थलाई मार्मिक एवम् कारुणिक रूपमा प्रस्तुत गरिएको छ । यस्तो दुखद अवस्थामा दसैंतिहारको रौनक हराएको कतै पनि खुसीको अनुभूति हुन नसकेको दुखद अवस्थालाई प्रस्तुत गर्नु नै यस कविताको मूलभाव केन्द्रीय विचार वा उद्देश्य हो । करुण रसको मार्मिक अभिव्यक्ति कवितामा भएको छ :

बुढा आमा बाबुलाई अलपत्र पारेर
नवजात राहुल लाई टुहुरो पारेर ,
वैराग्य साधनामा घर छाडेर निस्किरहेछन् पहाडका कर्मयोगी सिद्धार्थहरू ।

### ४.२.१९.३. **भाषाशैली**

मार्मिकता, हार्दिकता, कोमलता एवम् सरलता कवि लम्सालको विशिष्टता हो । वियोग विरह वेदनालाई गद्यशैलीमा मार्मिक र कारुणिक रूपमा प्रस्तुत गरिएको **पहाडका आँसु** कविता भाषाशैलीगत विशिष्टताले हृदयस्पर्शी बनेको छ । सरल सुबोध शब्दशैय्यामा व्यञ्जनात्मक तथा प्रतीकात्मक भाषाको प्रयोगले कविता उत्कृष्ट बनेको छ । प्रकृतिको मानवीकरण गरिएको प्रस्तुत कविताको आरम्भ देखि अन्त्यसम्म नै करुण रसको अभिव्यक्ति भएको छ :

पहाडलाई अँगालो हालेर रोईमात्र रहेछन् आँसु बसाएर बादलहरू ,
रक्ताम्य भएर पल्टिरहेछन् भिरपाखामा राता गुराँसहरू ।

### ४.२.१९.३.१. **लयविधान**

गद्यशैलीमा रचित प्रस्तुत कविता प्रतीकात्मक, बिम्बात्मक एवं आलङ्कारीक भाषा, पौराणिक बिम्ब एवं प्रकृतिको मानवीकरण गरी अन्त्यानुप्रास, आद्यानुप्रास युक्त कविता लयात्मक बनेको छ । रोक्न पनि सकिरहेका छैनन् , छेक्न पनि सकिरहेका छैनन्, रुँदै झरेका छाँगाहरू, विवश यी लहराहरू जस्ता व्यञ्जनात्मक भाषाले कविता मिठासपूर्ण बनेको छ ।

### ४.२.१९.३.२. **बिम्ब, प्रतीक र अलङ्कारविधान**

कवि लम्साल पद्य कविता होस् वा गद्य कविता भाषालाई माझेर टलक्क टल्काउँछन् । **पहाडका आँसु** प्रतीकात्मक शीर्षक राखी 'पहाडलाई अँगालो हालेर रोइरहेछन् आँसु बर्साएर

बादलहरू' जस्तो प्रतीकात्मक तर सरल भाषाको प्रयोगले गद्य कविताको भाषा उत्कृष्ट बनेको छ । पानीलाई आँसुको रूपमा प्रस्तुत गर्दै रूपक अलङ्कार , अन्त्यानुप्रास आध्यानुप्रास र मध्यानुप्रास अलङ्कारको विशिष्ट प्रयोग अन्तर अनुप्रास अलङ्कारको प्रयोग एवम् व्यञ्जनात्मक भाषाको प्रयोगले कविता विशिष्ट बनेको छ । कवितामा प्रयुक्त व्यञ्जनात्मक र कारुणिक भावको अभिव्यक्ति :

रक्ताम्मे कमिज चढेका देउरालीहरूमा
शोकमग्न गाउँ, बेंसी र उकालीहरूमा
खै, दसैं तिहारमा पनि कतै बजेनन्
यसपालि त मुरली र मादलहरू ।

प्रस्तुत श्लोकमा क वर्णको पुनरावृत्ति , मुरली र मादल हरूमा म वर्णको पुनरावृत्तिद्वारा वृत्याउनुप्रास अलङ्कार , अन्त्यानुप्रास अलङ्कारको प्रयोग भएको छ ।

## ४.२.२०. सिन्धुजल पिएर कविताको विश्लेषण

### ४.२.२०.१ शीर्षकसंरचना

भुजङ्गप्रयात छन्दमा पौराणिक बिम्बहरू र प्रतीकात्मक भाषा प्रयोग गर्दै चार पङ्क्तिको एक श्लोक संरचनामो जम्मा चार श्लोकका यस कवितामा देवताहरूले सिन्धुजल अमृत पिएको प्रसङ्गबाट वर्तमानमा अमृतका रूपमा रक्सी पिउने र मस्त हुने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको कविताको शीर्षक प्रतीकात्मक रूपमा सार्थक छ ।

### ४.२.२०.२ मूलभाव

**सिन्धुजल पिएर** शीर्षक राखी लेखिएको यस कवितामा देव र दानव मिली समुद्र मन्थनबाट अमृत निकाली पिएर अमर बनेको प्रसङ्गबाट वर्तमानमा रक्सी पिएर लाजै नमानी मदोन्मत्त हुने पियक्कडहरूका चर्तिकलाप्रति र यस्ता विकृति विसङ्गतिप्रति व्यङ्ग्य गर्नु यस कविताको मूलभाव हो ।

### ४.२.२०.३ भाषाशैली

भुजङ्गप्रयात छन्दका चार श्लोक र व्यङ्ग्यात्मक शैलीमा लेखिएको यस कवितामा विभिन्न तत्सम, तद्भव र आगन्तुक शब्द, पौराणिक बिम्बहरू, प्रतीकात्मक एवं आलङ्कारिक भाषाको प्रयोग भएको छ । कविताको भाषा विशिष्ट एवं आकर्षक बनेको छ ।

### ४.२.२०.३.१ लयविधान

भुजङ्गप्रयात छन्दमा सुन्दर गेयगुण सम्पन्न चार पङ्क्तिको एक श्लोकमा कुल चार श्लोकको कवितामा अन्त्यानुप्रासको सुन्दर स्रयोजन आद्यानुप्रास पौराणिक बिम्ब र प्रतीकात्मक भाषाले लयात्मकता प्रदान गरी श्रुतिमधुर बनाएको छ ।

### ४.२.२०.३.२ बिम्ब, प्रतीक र अलङ्कारविधान

देव, दानव, राहु, पियक्कड, अगस्ती, सूर्य,कालिदास जस्ता पौराणिक एवं अन्य बिम्बहरू अनुप्रास अलङ्कारको विविध प्रयोग र रूपक अलङ्कारको प्रयोग कवितामा भएको छ ।

### ४.२.२१. घुसपुराण कविताको विश्लेषण

### ४.२.२१.१ शीर्षकसंरचना

नेपाली लोक लय सेलोमा रचिएको प्रस्तुत **घुसपुराण** कविता न्यूनतम चार पङ्क्ति र अधिकतम बाह्र पङ्क्तिको संरचनामा आठ पङ्क्ति पुञ्जमा संरचित छ । यसमा पृथ्वीनारायण शाहको दिव्योपदेशको प्रसङ्गबाट वर्तमान नेपालमा सबैतिर घुस र भ्रष्टाचारले व्याप्त भएको, लाजै नमानी घुस लिने प्रवृत्ति र घुसखोरहरूनै ठुला मान्छे भएको भन्दै वर्तमान भ्रष्टाचारी प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको कविताको शीर्षिक सार्थक छ ।

### ४.२.२१.२ मूलभाव

यस कवितामा घुस खाने देशका दुस्मन  हुन् भन्ने पृथ्वीनारायण शाहको उपदेश विपरीत राष्ट्रमा घुसखोरी, भ्रष्टचारी अन्यन्त बढेकोले घुस्याहाहरूले राष्ट्रलाई खोक्रो बनाएको भन्ने विचारका साथ यस्तो विकृति विसङ्गतिप्रति तीब्र व्यङ्ग्य गरिएको छ । पृथ्वीनारायण शाहले घुसखाने राष्ट्रको दुस्मन हुन भनेकामा सो भनाइ पुरानो भईसक्यो भन्दै घुसखोरी प्रजातन्त्रमा अझ मौलाउँदै भएकोले प्रजातन्त्रका नाममा विकृति विसङ्गति फैलिएको भनेका छन् । कवि घुसखोरीप्रति यसरी व्यङ्ग्य गर्छन् :

घुस चढाउन सकेपछि
पार्टीबाट टिकट मिल्छ
घुस बढाउन सकेपछि
तरुनीको निकट मिल्छ ।

घुसखानेहरू मोटाउँदै गई गालामा नौलो टलक आइसकेको भन्दै खानेमात्र हैन घुसदिनेहरूप्रति पनि व्यङ्ग्य गर्छन् । सबैतिर घुसखोरी व्याप्त रहेको यथार्थलाई कविले बाबुबाजेको प्यारो बन्न पनि घुस चढाएर ढोग्नुपर्ने मायालुको चिसिएको मनलाई पनि घुसचढाएर सेक्नुपर्ने अवस्था छ भनेका छन् । घुस नखाने सज्जन व्यक्ति जोगी भएर हिँड्नुपर्ने, फुसले घर छाएर बस्नुपर्ने , हवेली बनाउन नसक्नेलाई चमेलीले पनि टेर्दिन , गुन्युँचोलो नचढाए स्वास्नीले पनि हेर्दिन भन्दै घुसखोरी यत्रतत्र व्याप्त भएको विचार व्यक्त गरेका छन् । घुस जसरी जसले जहाँ लिएपनि हुने सहज वस्तु भइसकेको छ । देसै ढाँटेर खाएपनि हुन्छ भन्दै घुसखोरी प्रवृत्तिप्रति तीब्र व्यङ्ग्य र विरोध गरिएको छ ।

### ४.२.२१.३. भाषाशैली

परम्परागत रूपमा गाइने सात अक्षरको सेलो लोकलयमा आठ पङ्क्तिपुञ्जमा पृथ्वीनारायण कालीन कथ्य भाषा र वर्तमान समयको कथ्य भाषा र नेपाली तद्भव शब्दहरूको प्रयोग गरी लेखिएको कविताको भाषाशैली मूलतः व्यङ्ग्यात्मक छ । कवितामा खुसमन, हन्काए जस्ता कवि निर्मित शब्द प्रयोग भएका छन् । कविताको भाषाशैली विषयवस्तुलाई प्रभावकारी रूपमा व्यक्त गर्न सफल छ । भाषाशैली अन्तर्गत लयविधान तथा बिम्बप्रतीक अलङ्कारविधानलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

### ४.२.२१.३.१ लयविधान

**घुसपुराण** कवितामा मुख्य रूपमा सात अक्षरको परम्परागत सेलो लोकलयको प्रयोग गरिएपनि छठौँ र सातौँ पङ्क्तिपुञ्जसम्म मात्र सेलोको प्रयोग भएको छ । अन्तरअनुप्रासको सुन्दर संयोजनले कविता लयात्मक बनेको छ । सेलो लयमा पनि थुप्रै पङ्क्तिमा लय भङ्ग भएको र ठुला तिन पङ्क्तिपुञ्ज गद्य शैलीमा लेखिएकोले सेलोबाट प्रारम्भ गरी गद्यमा पुगेको देखिन्छ ।

### ४.२.२१.३.२. बिम्ब, प्रतीक र अलङ्कारविधान

व्यङ्ग्य शैलीमा लेखिएको **घुसपुराण** कविता अन्त्यानुप्रास अलङ्कार, अन्तर अनुप्रास, रूपक अलङ्कार , दृष्टान्त अलङ्कारको प्रयोग गर्दै व्यञ्जनात्मक भाषामा विशिष्ट बनइएको छ । घुस नखानेलाई महात्माको आरोप लगाई रूपक अलङ्कारको प्रयाग भएको छ :

घुस नखाने माहात्माले अलख जगाएर हिँड्नुपर्छ

घुस नखानेहरूले त फुस छाएर बस्नुपर्छ ।

## ४.२.२२. सूर्य अस्त भो कि नेपाल मस्त भो कविताको विश्लेषण

### ४२२२१ शीर्षकसंरचना

कवि लम्साल सबै प्रकारका विकृति विसङ्गतिहरू आफ्ना कविताका विषयवस्तु बनाई त्यस्तो विकृति विसङ्गतिबाट समाजलाई बचाउन र सचेत राख्न चाहान्छन् । प्रस्तुत कविता पनि नेपालीहरूमा टाकुरा होस वा मजदुरहरूको पाखुरा, मन्दिरहरूको चुली वा अग्लाघरका धुरी सबैतिर जबसूर्य अस्त हुन्छ , नेपाल मस्त हुन्छ भन्दै जोगी , भोगी , हली साहुजी , साठी वर्षका बुढाबुढी वा भर्खरका किशोरकिशोरी किन नहोउन् सबैले सम्साँझै मदिरा सेवन गरी मस्त रहने गरेको , मदिराको सुरमा आफ्नै घर अगाडि आफ्नै पत्नीसित मेरो घर कता हो भनी सोध्ने अवस्थाबाट मदिरा सेवनको पराकाष्ठा नाघिसकेको विचार व्यक्त गरेकोले व्यङग्यात्मक शैलीमा लेखिएको कविताको शीर्षक विषयवस्तु अनुकुल उपयुक्त छ ।

लामाछोटा आठ पङ्क्तिपुञ्जमा संरचित प्रस्तुत कविता चौवन्न पङ्क्तिको मध्यम आयामको कविता हो । न्यूनतम दुई पङ्क्तिदेखि अधिकतम बाह्र पङ्क्तिसम्मको संरचनामा संरचित छ । विषयवस्तुलाई कविले रोचक र आकर्षक रूपमा प्रस्तुत गर्दै लेख्छन् :

नेपाल टोलैटोलमा व्यस्त

नेपाल झोलैझोलमा मस्त ।

### ४.२.२२.२. मूलभाव

रक्सी, जाँड, जुवातास सबैतिर व्याप्त रहेको र यिनै विकृति विसङ्गतिहरूले नेपालीहरू गरिब हुँदै गएपनि जाँडरक्सी सेवनमा कमी आउनुको साटो सम्साँझै रक्सीको नसामा मस्त हुनेगरेको नेपालमा हिमाल , पहाड , तराई सबै क्षेत्र, दरबार , घरबार , जोगी ,भोगी ,हली, साहुजी चिलिमकाजी, लट्टेजोगी ,असी वर्षे बुढो, साठी र्वषे बुढी , नाती, आमा , लोग्ने , स्वास्नी सबै लाजै नमानी जाँडरक्सी सेवन गर्ने आफ्नो प्रतिष्ठा इज्जत र गरिमाको पनि विचार गर्न छोडेको विकृति विसङगतिको चित्रण गर्नु त्यसप्रति तीव्र व्यङ्ग्य गर्नु नै यस कविताको केन्द्रीय विचार वा मूलभाव हो ।

### ४.२.२२.३ भाषाशैली

व्यङ्ग्यशैलीको प्रयोग गरी गद्य लयमा हरिओम, शिवओम, सूर्यअस्त हरिओम जस्ता संस्कृत पद पदावलीको प्रयोग, उपरेली, झुपरेली, चिलिमकाजी, ढ्याङ्ग्रे , ब्याङ्ग्रे,ल्याङ्ग्रे , हन्काउने जस्ता झर्रा नेपाली शब्दहरूको प्रयोगले भाषाशैलीलाई हास्यव्यङ्ग्यात्मक बनाउन सहयोग पुगेको छ । कवि व्यङ्ग्यात्मक शैलीमा पनि सुन्दर आकर्षक रूपमा कविता यसरी प्रस्तुत गर्दछन् :

जब सूर्य अस्त हुन्छ , तब नेपाल मस्त हुन्छ
यो रातको कुरा हो डाँडाहरूले दैख्दैन ,
यो रातको कुरा हो ताराहरूले छेक्दैन ।

### ४.२.२२.३.१ लयविधान

मूलतः गद्यशैलीको प्रयोग गरिएको भएपनि कविको सङ्गीतात्मक कवितालेखन प्रवृत्तिले कविता लयात्मक बनेको छ । अझ बिचमा  चौध अक्षरको झ्याउरे लय पनि पङ्क्तिमा रहेको छ :

हलो जोत्ने हलीपनि  लगाएर सुत्छ
तन्तर मन्तर गर्ने पनि जगाएरै सुत्छ ।

हिमालका टाकुराबाट मजदुरहरूका पाखुराबाट जस्ता पदावलीले कवितालाई श्रुतिमधुर बनाइदिएको छ ।

### ४.२.२२.३.२ बिम्ब, प्रतीक र अलङ्कारविधान

प्रतीकात्मक, व्यञ्जनात्मक एवम् आलङ्कारिक भाषाको प्रयोग कविताको पहिचान एवम् विशिष्टता हो । कवि लम्सालको कविता सरल भईकन पनि आलङ्कारिक , बिम्बात्मक एवम् प्रतीकात्मक हुन्छ । प्रस्तुत कविताको शीर्षक नै प्रतीकात्मक छ । हरिओम् , शिवओम्, तन्तरमन्तरवाला , चिलिमकाजी, उपरेली , झुपरेली जस्ता बिम्बको प्रयोग , अन्त्यानुप्रास, आद्यानुप्रास र मध्यानुप्रास अलङ्कारको सुन्दर संयोजनले कविता अझै रोचक र आकर्षक भएको छ ।

### ४.२.२३. हामी जसले जे गरे पनि खुसी छौँ कविताको विश्लेषण

### ४.२.२३.१ शीर्षकसंरचना

**हामी जसले जे गरे पनि खुसी छौँ** कवितामा नेपालका नेताहरूले अरु राष्ट्रले आफ्नो देशको जस्तोसुकै व्यवहारलाईपनि ठीक छ भन्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरेका छन् । अशिक्षा, पछौटेपन र गरिबीले थिचिएका हामी नेपलीहरू विदेशी जसले जे गरेपनि वा स्वदेशी जसले जे गरे पनि, आफ्नो अपमानबोध गर्दैनौँ , विरोध, प्रतिरोध गर्दैनौँ । हामी हिउँ थापेर हाँसिरहने छाती हौँ जसले जे गरे पनि खुसी छौँ भन्ने कविताको शीर्षक विषयवस्तु अनुकूल उपयुक्त छ ।

मुक्त लयका चौबिस पङ्क्तिका पाँच पङ्क्तिपुञ्जको लघु संरचनामा संरचित प्रस्तुत कवितामा न्यूनतम तिन अक्षरको र अधिकतम उन्नाइस अक्षरसम्मको पङ्क्ति रहेको यो कविता सानो भएपनि उत्कृष्ट र विशिष्ट छ ।

### ४.२.२३.२ मूलभाव

नेपालीहरूको वीरतागाथा, स्वाभिमानलाई बिर्सदै अहिलेका नेपालीहरू देवकोटाले उद्बोधन कवितामा भनेझैँ हामी स्वाभिमान गिराएर मालिकका अगाडि पुच्छर हल्लाउने कुकुरजस्तै बनेका छौँ, हामी धुपौरे बनिसकेका छौँ । देश दुख्ने सहिदहरू मरिसके, शान्ति खोज्ने बुद्ध पनि मरिसके भन्दै भारतले अणुबम पड्काउँदा पनि खुसी हुने हामीभित्र अरुका लागि गाइदिने ख्याली र अरुका लागि बजाइदिने ताली छ तर हामीभित्र तिर्खाले ट्याप्प सुक्ने घाँटी पीडाले च्वास्स घोच्ने मुटु छैन । हामीसँग कुनै डरको छायाँ छैन किनकि हामीलाई आफ्नो घरको माया छैन । देश हिरोसिमा बन्ला भन्ने भुटभुटी नागासाकी बन्ला भन्ने चुकचुकी पनि छैन भन्ने विचार व्यक्त गरिएको छ । 'हामी' सम्बोधन गरिएपनि मुख्य रूपमा राजनीतिकर्मीहरूप्रति व्यङ्ग्य गर्दै विदेशीहरूको अगाडि बोल्न नसक्ने लाछी नेताहरूले राष्ट्रको स्वाभिमान र ऐतिहासिक गरिमालाई बिर्सेको अवस्थाप्रति व्यङग्य गर्दै सचेत गराउनु नै यस कविताको मूलभाव, केन्द्रीय विचार एवम् उद्देश्य हो ।

### ४.२.२३.३ भाषाशैली

न्यूनतम तिन अक्षरदेखि अधिकतम उन्नाइस अक्षरसम्मका लामाछोटा चौबिस पङ्क्ति, पाँच अनुच्छेद, गद्यशैलीमा तत्सम, तद्भव, झर्रा नेपाली र आगन्तुक शब्दहरूको प्रयोग गरी

लघुआयाम संरचनामा बौद्धिक, बिम्बात्मक, व्यञ्जनात्मक भाषाशैली प्रस्तुत कवितामा रहेको छ । अनुपम, ब्रह्मचारी, शान्ति जस्ता तत्सम शब्दहरू, हिरोसिमा, नागासाकी सहिद जस्ता आगन्तुक शब्दहरू र ट्याप्प, च्वास्स, भुटभुटी, जस्ता अनुकरणात्मक शब्दको प्रयोगले भाषाशैलीका दृष्टिले कविता सरल, सुबोध एवम् उत्कृष्ट छ । कविताको लयविधान, बिम्ब, प्रतीक, अलङ्कारविधान निम्नानुसार उल्लेख गरिन्छ :

#### ४.२.२३.३.१. लयविधान

गद्य वा मुक्त लयको प्रयोग गरी तृतीय पुरुष एकवचन र प्रथम पुरुष बहुवचन कथन ढाँचामा अनुकरणात्मक शब्द , अनुप्रास अलङ्कारको सुन्दर संयोजन, बिम्ब, प्रतीक एवम् अलङ्कार समेतको संयोजनबाट कविता लयात्मक श्रुतिमधुर एवम् आकर्षक बनेको छ ।

#### ४.२.२३.३.२ बिम्ब ,प्रतीक र अलङ्कारविधान

कवि लम्साल अनुप्रास अलङ्कारका विशिष्ट प्रयोक्ता हुन भन्न सकिन्छ । सबै प्रकारका अनुप्रास अलङ्कारको प्रयोग उनका कविताहरूमा पाइन्छ । ब्रह्मचारी , अणुबम , हिरोसिमा , नागासाकी , डरको छाँया, बुद्ध आदि बिम्बहरूको प्रयोग , रूपक अलङ्कार र प्रतीकात्मक भाषाको प्रयोग कवितामा विशिष्ट रूपमा भएको छ । बिम्बात्मक, प्रतीकात्मक र आलङ्कारिकताको प्रयोग प्रस्तुत श्लोकमा हेर्न सकिन्छः

हामी हिउँ थापेर हाँसिरहने छाती हौँ,
हामी भाङ खाएर नाचिरहने ताँती हौँ,
देश दुख्ने सहिदहरू पहिले नै मरिसके,
शान्ति खोज्ने बुद्ध पनि उहिले नै गइसके ।

### ४.२.२४. लाटाबुङ्गा मोतीराम कविताको विश्लेषण

#### ४.२.२४.१. शीर्षकसंरचना

नेपाली भाषासाहित्यको विकासमा महत्वपूर्ण योगदान दिने युवाकवि मोतीराम भट्टले चौध पन्ध्र वर्षको उमेरदेखि तिस वर्षको उमेरसम्म शृङ्गार धाराको प्रवर्तन , गजलविधाको प्रवर्तन चौध पन्ध्रवटा विविध कृतिहरूको लेखन र प्रकाशन , भानुभक्तका कृतिहरूको खोजी र प्रकाशन , भानुभक्तको जीवन चरित्र लेखी समालोचना विधाको प्रारम्भ, छापाखानाको

प्रारम्भ गरी औधोगिक विकास र लेखोटको युगबाट प्रकाशन को युगमा नेपाली साहित्यलाई प्रवेश गराउने, मोतीमण्डलीको स्थापनाबाट सामुहिक साहित्यिक प्रयासको थालनी आदि महत्वपूर्ण योगदान गरेको र कवि नन्दराम लम्साले ती योगदानहरूको मूल्याङ्कन नभएको , यसरी विशेष योगदान गरेका मोतीराम भट्टमा कुनै स्वार्थ ,पद प्रतिष्ठाको आकर्षण भन्दा माथि उठी नेपाली समाज भाषासाहित्यको विशुद्ध सेवा गरेका तर वर्तमानका भाषासाहित्यिक र सामाजिक क्षेत्रमा व्यक्तिगत लोभ, मोह मौलाउँदै गएको, नितान्त व्यक्तिवादी प्रवृत्ति बढ्दै गएको यथार्थ अवस्थालाई विभिन्न बिम्ब, प्रतीक र व्यञ्जनात्मक भाषाको प्रयोग गरी शार्दूलवीक्रीडित छन्दका चार पङ्क्तिको एक श्लोक विधान गरी जम्मा पाँच श्लोकको छोटो संरचनामा लेखिएको कविताको विषयवस्तु आकर्षक र सार्थक छ ।

### ४.२.२४.२. मूलभाव

भानुभक्तको पालाको भाषा प्रयोग गरी मोतीराम भट्टलाई केन्द्रबिन्दुमा राखी मोतीराम भट्ट त्यस जमानाका भएकाले कवि बनी भानुभक्त र रामायणको प्रशंसा गरी सोधखोज गरी अगाडि ल्याएको , त्यतिखेरका भएकोले पटुका दौरा टालेको सुरुवाल लगाएरै पनि राष्ट्रवादी बनेका थिए । अहिले भएका भए कोठामा भिडियो र बगलमा नौली बसाल्ने, मन्त्री भएर धन कमाउन अनेकौँ काण्ड मचाई सम्मानीय बन्ने थिए । अहिलेका कविझैँ अर्काका कृति चोरी गरी आफ्ना बनाउँथे , रामायण मैले नै लेखेको भन्थे , मोतीरामले व्यर्थैमा सादा जीवन उच्च विचार लिएर जीवन बर्बाद गरे भन्दै, अहिले भइदिएका भए चोरीका सुन बोक्न हङकङ पुग्नेथिए । उदार मनका कलापारखी भएकाले भानुभक्तको खोजीनीति र प्रकाशन गरे । यो सम्पूर्ण काम लाटासोझा भएकाले गरे । आजकाहरूले मातीरामको नाम बेचेर लाखौं कमाउने थिए भन्दै भाषासाहित्य क्षेत्रमा व्याप्त विकृतिविसङ्गतिप्रति तीव्र व्यङ्ग्य गर्नुनै यस कविताको मूल भाव वा विचार हो ।

उम्दा भक्त बन्या र आदि कविका खुल्दै प्रशंसा गऱ्या ,
सारा काव्य र खोजीनीति जिउनी लेख्दै र छाप्दै गऱ्या ।
सित्तैमा उनले गऱ्या किन भन्या , लाटा र सोझा थिया ,
आजै हुन त बिकाई नाम उनको , लाखौं बटुल्या थिया ।

### ४.२.२४.२.३. भाषाशैली

तृतीय पुरुष वा बाह्य दृष्टिबिन्दु कथनढाँचामा शार्दूलवीक्रीडित छन्द र भानुभक्तीय रामायणमा प्रयुक्त प्राथमिककालीन भाषाको प्रयोग गरी सरल , सुबोध नेपाली चलनचल्तीका शब्दहरूको प्रयोगमा प्रतीकात्मक भाषा , आलङकारिक भाषाशैलीमा **लाटाबुङ्गा मोतीराम** कवितालाई व्यङग्यात्मक शैलीमा प्रस्तुत गरेका छन् । भाषामा सरल , सुबोध लयात्मक एवम् आकर्षक छ । लय विधान र बिम्ब, प्रतीक र अलङ्कारविधान निम्नानुसार उल्लेख गरिएको छ :

### ४.२.२४.३.१. लयविधान

उन्नाइस अक्षरको एक पङ्क्ति हुने, छ र बाह्र अक्षरमा विश्राम हुने नेपाली साहित्यमा लोकप्रिय रहेको शार्दूलविक्रीडित छन्दमा रचित **लाटाबुङ्गा मोतीराम** कविता अन्त्यानुप्रासको उपयुक्त संयोजनले लयात्मक बनेको छ । भानुभक्तको रामायणदेखि आजसम्म लोक छन्दका रूपमा लोकप्रिय भएर निरन्तर प्रयोगमा रहेको शार्दूलविक्रीडित छन्दमा प्रसाद गुणयुक्त सुन्दर, सुललित भाषाशैलीले कविता हृदयस्पर्शी  बनेको छ ।

### ४.२.२४.३.२ बिम्ब, प्रतीक र अलङकारविधान

छेकानप्रास, वृत्यनुप्रास , मध्यानुप्रास एवम् अन्त्यानुप्रास जस्ता अनुप्रास अलङ्कारका विविध रूपहरूको प्रयोग यस कवितामा भएको छ । यसैगरी मोतीराम भट्टलाई तन्नेरी, बुद्धु, राष्ट्रवादी, सुनतस्करी जस्ता आरोप लगाइएकोले रूपक अलङ्कारको प्रयोग भएको छ :

तन्नेरी उहिले भया र बिचरा क्या लट्ठ बुद्धु भया,
त्यो रामायण बेश भानु कविले लेख्याथिया भन्दिया ।

कवितामा अनुप्रास अलङकारको सुन्दर संयोजन यसरी भएको छ :

मोती ता तबका भया कवि भया , आजै भयाका भया
कोठामा भिडियो तथा बगलमा नौली बसाल्न्या थिया ।

उपर्युक्त प्रथम पङ्क्तिमा भया शब्दको अनेक पटक पुनरावृत्ति भएकोले वृत्यनुप्रास अलङकारको प्रयोग भएको छ ।

### ४.२.२५. मुठीभर ढुङ्गा कविताको विश्लेषण

### ४.२.२५.१. शीर्षकसंरचना

**'...देश दुख्ला भनेर'** कविता सङग्रह भित्रको सबैभन्दा लामो आयामको कविता मुठीभर ढुङ्गा कविता हो । प्रस्तुत कविता सात पङ्क्ति पुञ्जमा गद्य शैलीका ७५ पङ्क्तिमा संरचित यस कवितामा कविले मन ढुङ्गिएपछि पगाल्न गाह्रो हुन्छ, चामलको आधा गेडा जत्रो ढुङ्गामा बङ्गारा झार्ने तागत हुन्छ, भिरबाट खसेको एउटै ढुङ्गाले रेल नै रोक्न सक्छ, ढुङगाले थोत्रा पर्खाल भत्काउन , ठडिएकालाई भाँच्न सक्छ भन्दै मुठीभरको ढुङ्गाले शासन व्यवस्था परिवर्तन गर्न सक्ने , घर भत्काउन सक्ने , तहरनहस गर्न सक्ने ताकत हुन्छ भन्ने विचार व्यक्त गर्दै आन्दोलनको प्रतीक,शक्तिको प्रतीका रूपमा ढुङगालाई प्रस्तुत गरी शीर्षक सार्थक बनाइएको छ ।

### ४.२.२५.२ मूलभाव

ढुङ्गा साह्रोको प्रतीक हो, कठोरता ढुङ्गाको मूलप्रवृत्ति हो तर मन पनि ढुङ्गिए पछि पगाल्न गाह्रो हुन्छ । ढुङ्गा सानो भएपनि बङ्गारा झार्न सक्ने तागत हुन्छ, एउटै ढुङ्गाले बाहनसहित मान्छेलाई महनदीमा पुऱ्याइदिन्छ । ताकेर हानेको मुठीभरको ढुङ्गामा खुत्रुक्कै खसाल्ने तागत हुन्छ । नयाँ पर्खाल चर्काउन , थोत्रा पर्खाल भत्काउन सक्छ भन्दै मुठीभर ढुङ्गा भन्नेहरू पोखराको पृथ्वीचोकमा नेपालगन्जको त्रिभुवनचोकमा निरङ्कुशता विरुद्धको आन्दोलनमा सफलताप्राप्त गरेको विचार व्यक्त गरेका । विगतको पर्खाल तोड्न, आगतको नौलोद्वार खोल्न र इतिहास फेर्न ढुङ्गा सङ्कल्प हुन सक्छ । ढुङगा हान्ने परिस्थिति जन्मनु हुँदैन भन्दै स्वतन्त्रता, शान्ति, मानवअधिकार , समानता र जनजीविकाका पक्षमा आवाज उठाउनु यस कविताको मूलभाव , केन्द्रीय विचार वा मूल सन्देश हो ।

ढुङ्गा साह्रोको प्रतीक हो,
कठोरता ढुङगाको गीत हो,
ढुङ्गा साह्रो हुन्छ ,
मन ढुङ्गिएपछि पगाल्न गाह्रो हुन्छ ।

### ४.२.२५.३ भाषाशैली

अन्तरअनुप्रास, अन्त्यानुप्रास अलङ्कार, प्रतीकात्मक भाषाको प्रयोग गरी गद्य लयमा संरचित **'मुठीभरढुङ्गा'** कविता तत्सम,तद्भव र झर्रा नेपाली शब्दहरूको उपयुक्त प्रयोग गरी प्रभावपूर्ण भाषामा भाव व्यक्त भएको छ । ओज र प्रसाद गुणयुक्त सरल, सुबोध भाषाशैलीमा वीररसको अभिव्यक्ति गरिएको छ । कतिपय पद, पदावली र भावको पुनरावृत्ति कवितामा भएको छ । समग्रमा कविताको भाषा सरल, सुबोध एवम् आकर्षक छ ।

#### ४.२.२५.३.१ लयविधान

गद्य लय होस् वा पद्य, कवि लम्सालको भाषा बोधगम्य, प्रभावकारी, आकर्षक र लयात्मक हुन्छ । प्रस्तुत **'मुठीभर ढुङ्गा'** कविता गद्य शैलीमा लेखिएको छ । अन्त्यानुप्रास र अन्तरअनुप्रासको संयोजनमा  कठोरता ढुङ्गाको गीत हो, ढुङ्गा साह्रोको प्रतीक हो, भन्ने पङ्क्तिहरूको पुनरावृत्तिले पनि कविता लयात्मक बनेको छ । प्रतीकात्मक भाषाको प्रयोग पोखरा, नेपालगन्ज, मोरङ, देशको मुटु र सगरमाथाको शिर जस्ता शब्दले कविता यथार्थपरक बनेको छ । रेलगाडी, बाहन, हाडछाला आदि बिम्बको प्रस्तुतिले कवितालाई श्रवणीय बनाएको छ ।

#### ४.२.२५.३.२ बिम्ब, प्रतीक र अलङ्कारविधान

**'मुठीभर ढुङ्गा'** आफैमा शक्तिको प्रतीक हो । प्रतीकात्मक भाषाको प्रयोग यस कविताको विशिष्टता हो । यस कवितामा 'प्रतीक हो', 'गीत हो', 'कतिको गन्तव्य भाँडेको हुन्छ', ˘कतिको हाडछाला मोडेको हुन्छ' जस्ता अनुप्रास अलङ्कारको सुन्दर संयोजन भएको छ भने 'मन ढुङ्गिएपछि' 'चुलिएकाहरूलाई मास्न', 'देशको मुटु चर्काएको' जस्ता प्रतीकात्मक भाषाले कवितालाई उत्कृष्ट बनाएको छ । यसका साथै रूपक अलङ्कारको प्रयोग पनि भएको छ । कविता सङ्ग्रहको नामलाई समेत सार्थक बनाउने गरी विशिष्ट भाषाको प्रयोग कविले अत्यन्त सहज रूपमा गरेकाछन् :

ढुङ्गाढुङ्गामा ठोकिए पनि,
आगो पर्छ घर सल्किन्छ,
गाउँ जल्छ, सहर जल्छ,
वनवन जल्छ तनमन जल्छ,
घाउ लाग्छ, देश दुख्छ ।

### ४.२.२६ 'जेलमुक्त मन्त्री मतदातासित' कविताको विश्लेषण

#### ४.२.२६.१ शीर्षकसंरचना

चौध अक्षरको झ्याउरे लयमा तिस पङ्क्तिका चार पङ्क्तिपुञ्जमा संरचित **'जेलमुक्त मन्त्री मतदातासित'** शीर्षकको कवितामा जनताको भोटबाट जितेर मन्त्री बनी खानेबानी पर्न गई गण्डकीको पानी बगेजस्तै घुस खाने प्रवृत्तिप्रति तीव्र व्यङ्ग्य गरिएको छ । ठुलो महल, पजेरो गाडी, नौलीहरूको साथमा रुमलिएको, गाउँकी देवीको श्राप लागि सुनसानमा च्याप्पचुप्प पारेको, झन्डा हराएकोले डन्डा खाइयो भन्दै जेल लगे, नेल हाले,धुनेराले कपास धुनेझैँ धोए, दुई वर्ष मोटो चामलको भात खुवाई जेल हालेको भन्दै बल्लतल्ल छुटेर जिउ बचाई सिस्नोघारीमा आएकोले अब मन्त्री सन्त्री चाहिँदैन गाउँकै सागसिस्नु खाएर बस्छु भन्ने मन्त्रीको पश्चाताप व्यक्त गरिएकोले शीर्षक औचित्यपूर्ण छ ।

#### ४.२.२६.२ मूलभाव

जनताले विश्वासगरी जिताएको व्यक्ति विश्वासघात गरी सुरा, सुन्दरी, पजेरो र महलमा मोजमस्तीमा लिप्त भएको नेपालको राजनीतिक विकृति विसङ्गतिको यथार्थपरक चित्रण गरिएको छ । क्षणिक स्वार्थमा लाग्न नहुने भन्दै कालान्तरमा भ्रष्टाचार लागि पक्राउ परी मन्त्रीपद गुमाउनु परेको दुई वर्ष जेल बस्नु परेको र गाउँ फर्केपछि मतदाताहरूसँग माफी मागी पश्चाताप गरेको मन्त्रीको अस्थाको चित्रण गर्नु , भ्रष्टचारी प्रवृत्तिबाट नेताहरू सुध्रिनु पर्ने र जनसेवामा लाग्नु पर्ने विचार नै यस कविताको मूलभाव, केन्द्रीय विचार वा सन्देश हो ।

कमाएको रासरास हवेलीमा बास,<br>
पजेरोमा गुड्न थालैँ नौलीहरू साथ ।

यसरी आधुनिक भौतिक सुखसुविधा र मोजमस्तीमा नेताहरू कसरी निर्लिप्त हुन्छन् भन्ने विचार प्रस्तुत पङ्क्तिमा भएको छ ।

#### ४.२.२६.३ भाषाशैली

प्रस्तुत कविता सामान्यतः चलनचल्तीका शब्दहरू प्रयोग गरी व्यङ्ग्य शैलीमा सरलसुबोध शब्दशैय्यामा लेखिएको छ । आख्यानात्मक शैलीमा प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग गरी लेखिएको यो कविता कतैकतै लय भङ्गको अवस्था देखिएपनि आकर्षके छ ।

कवितामा कुक्क-कुक्क, घुँक्क-घुँक्क, धुरुधुरुजस्ता अनुकरणात्मक शब्दको प्रयोग र झर्रा नेपाली शब्दको उचित संयोजनले कविता श्रुतिमधुर र मिठासपूर्ण बन्न पुगेको छ ।

### ४.२.२६.३.१ लयविधान

चौध अक्षरको झ्याउरे लयमा, अनुप्रासयुक्त भाषाशैलीले कविता गेयगुण सम्पन्न बनेको छ । कहीँकहीँ लयभङ्गको अवस्था देखिएपनि सामान्यतः लय माधुर्यको अवस्था कवितामा रहेको छ :

भैँसी पाल्छु, गोबर फाल्छु, बन्छु म गोठाला
चाहिँदैन मलाई अब त्यो मन्त्रीको छाला

### ४.२.२६.३.२ बिम्ब, प्रतीक र अलङ्कारविधान

आलङ्कारिकता कवि लम्सालको विशेषता हो भने अनुप्रास अलङ्कारको प्रयोग यिनको प्राप्ति हो । अन्त्यानुप्रास अलङ्कार, अन्तरअनुप्रास, उपमा अलङ्कार, रूपक अलङ्कारहरूको प्रयोगले कविता आलङ्कारिक बनेको छ र कविता उत्कृष्ट छ ।

जेल लगे, नेल हाले कहाँ लगे थुने
धुनेराले कपास धुने जसरी पो धुने । (उपमा अलङ्कार)

### ४.२.२७ 'उनको "पागल" कविता सम्झँदै' कविताको विश्लेषण

### ४.२.२७.१ शीर्षकसंरचना

गद्य शैलीका चौध पङ्क्ति र तिन अनुच्छेद (पङ्क्तिपुञ्ज) मा संरचित प्रस्तुत **'उनको "पागल" कविता सम्झँदै'** कवितामा महाकवि देवकोटाको पागल कविताको स्मरण गर्दै उनको पागल कवितामा व्यक्त भावलाई विषयवस्तु बनाएर लेखिएको छ । महाकवि देवकोटाको इमान्दारीलाई बिर्सेर आजका मानिसहरूमा बेइमानी बढेको र आफ्नो बनाउने खेलमा इतिहासका घेरा तोडेर हामी हाँस्ने, कठोर र आफ्नो सुर हराएका छौं भन्दै वर्तमान अवस्थाको मानिसहरूको विवेक , बुद्धि र व्यवहारप्रति व्यङ्ग्य गरेर कविता लेखिएकोले विषयवस्तु अनुकूल कविताको शीर्षक सार्थक र उपयुक्त रहेको छ ।

### ४.२.२७.२. मूलभाव

प्रस्तुत कविता कवि लम्सालले महाकवि देवकोटाले लेखेको 'पागल' कविता सम्झँदै लेखेका छन् । देवकोटाले पागल कवितामा मानिसहरूले सद्दे मानिसलाई पनि पागलको संज्ञा दिएकोमा व्यङ्ग्य गर्दै ˝जरुर साथी म पालग यस्तै छ मेरो हाल' भनेका छन् । कवि देवकोटाले इमानदार, कर्तव्यनिष्ठ, देशभक्त र मानवतावादी बन्न सिकाए तर आजको मानिसमा यी सबै कुरा हराउँदै गएको छ । हामी दिनदिनै बेइमान भएर हाँसिरहेका छौँ । हामी सोझासाझाहरूलाई छल्ने खेल खेलिरहेका छौँ । हामीले आफ्नो कला संस्कृति, इतिहासलाई भुलेर आफ्नो चिनारी मेटाइरहेका छौँ भन्दै तिमीले नेपाली साहित्यको श्रीवृद्धि गर्न राम्राराम्रा महाकाव्य लेख्यौँ विडम्बना हामीले त्यसो गर्न सकेनौँ, हामी त विध्वंशका महाकाव्य लेखिरहेका छौँ भन्दै कवि लम्सालले देश सामाजिक, आर्थिक, सांस्कृति, शैक्षिक, अवस्था बिग्रेकोमा चिन्ता व्यक्त गरेका छन् । हामी राष्ट्रका सुन्दर फुल बन्नु पर्नेमा त्यसको विपरीत साह्रो ढुङ्गाजस्तो कठोर बन्दै मानवता विर्सन पुगेका छौँ । आजको समयमा मान्छेमा मानवता नरहेको अवस्थाको चित्रण गर्दै यस्तो अवस्था रही रह्यो भने देशका जनतामा माया, प्रेम र सद्भाव नरहने तथा देशको विकास नहुने भाव व्यक्त गरिएको छ । हामी हाम्रा अग्रजले देखाएको बाटोमा हिँडेर राष्ट्र विकास गर्नुपर्छ भन्ने विचार यस कवितामा व्यक्त भएको छ ।

> तिमी त इमानदारीको भिख माग्दै रोएथ्यौ
> हामी त झन्-झन् बेइमान भएर हाँसिरहेछौँ ।

### ४.२.२७.३ भाषाशैली

प्रस्तुत **'उनको "पागल" कविता सम्झदै'** कविता गद्यलय र एकालाप शैलीमा लेखिएको छ । तिमी', हामी' भनेर सम्बोधन गरी द्वितीय र प्रथम पुरुष कथनढाँचामा रचिएको छ । कविता तिन पङ्क्तिपुञ्जमा संरचित छ । कवितामा तत्सम, तद्भव, आगन्तुक र अनुकरणात्मक शब्दको उचित संयोजन गरिएको छ । विध्वंश, सुन्दर, कोमलजस्ता तत्सम शब्द, फुल ढुङ्गा जस्ता तद्भव शब्द, काँच, बेइमान जस्ता आगन्तुकशब्द र सलसल, कलकल जस्ता अनुकरणात्मक शब्दको प्रयोगले कवितामा मिठास थपेको छ ।

#### ४.२.२७.३.१ लयविधान

गद्यशैलीमा चौध पङ्क्तिका तिन पङ्क्तिपुञ्जमा व्यञ्जनात्मक भाषा प्रयोग गरी प्रस्तुत कविता लेखिएको छ । आध्यानुप्रास, अन्त्यानुप्रास र छेकानुप्रास र अन्य अलङ्कारहरूको समेत प्रयोग गरी कोमल फुल, साह्रा ढुङ्गा, कलकल, पानी, प्वालपरेकाजस्ता पद पदावलीले कविताको शैली गद्य भएपनि लयात्मक बनेको छ ।

#### ४.२.२७.३.२ बिम्ब, प्रतीक र अलङ्कारविधान

कविले अनुप्रास अलङ्कार सबै कवितामा समान किसिमले प्रयोग गरेका छन् । केही कवितामा विशिष्ट प्रयोग गरेका छन् । यस कवितामा पनि आद्यानुप्रास, अन्तरअनुप्रास, छेकानुप्रास अलङ्कार, रूपक अलङ्कारको प्रयोग भएको छ । बिम्बात्मक प्रतीकात्मक एवं आलङ्कारिक भाषको सुन्दर संयोजन र प्राञ्जल भाषाको प्रगोगले कविता विशिष्ट बनेको छ ।

तिमी त सुन्दर कोमल फुल बन भन्थ्यौ ,
हामी त झनझन साह्रा ढुङ्गा बनिरहेछौँ,
तिमी त सलसल कलकल पानी बन भन्थ्यौ,
हामी त प्वालै प्वाल परेका डुङ्गा बनिरहेछौँ ।

### ४.२.२८ 'मेरो हजुर' कविताको विश्लेषण

#### ४.२.२८.१ शीर्षकसंरचना

**मेरो हजुर** कविता दुई पङ्क्तिको एक श्लोक संरचनामा कुल दस पङ्क्तिका पाँच श्लोकको लघुआयामको विस्तार ओगटेको सङ्ग्रहको अन्तिम कविता हो । **'मेरो हजुर'** कवितामा एक किसिमको भित्र अर्कै किसिमको मुखमा रामराम बगलमा छुरा भएको छलकपट भएको व्यक्तिलाई **'मेरो हजुर'** सम्बोधन गरी कालो घस्नु पर्ने अनुहार, जेलमा सड्नुपर्ने, आफ्नो लागि बाहेक अरुलाई कुनै सहयोग नगर्ने, मेरो दुखमा हाँस्न चाहने र आगो निभाउने बहानामा अझ आगो लगाउन खोज्ने भन्दै कविले आफ्नो समकक्षी कोही साहित्यकारप्रति तीव्र व्यङ्ग्य प्रहार गरेको कविताको शीर्षक प्रतीकात्मक रूपमा सार्थक छ ।

#### ४.२.२८.२ मूलभाव

जीवनभर एक चिम्टी कसैलाई केही नदिनेले मर्दा खरानी बनाउन कफन किन्नु भयो, कर्मले जेलमै सड्नु पर्ने व्यक्ति फुलमाला लगाएर हिँड्ने, आगो निभाउने बहानामा आगो

लगाउँदै हिँड्ने, मेरो दुःखमा कहिल्यै आँसु नखसाल्ने यस्तो **मेरो हजुर**को मुहारमा कालो घस्नु पर्ने भन्दै स्वार्थी, लोभी र व्यक्तिवादी प्रवृत्तिप्रति तीब्र व्यङ्ग्य गरिएको छ । अरुको लागि सहयोग नगर्ने, अरुको दुःखमा हाँस्ने र आगो निभाउने बहानामा अरुको जीवनमा अझ आगो लगाउन खोज्ने स्वार्थी प्रवृत्तिप्रति कवि लम्सालले व्यङ्ग्य गरेका हुन् । यस्तै स्वार्थी र व्यक्तिवादी प्रवृत्तिले समाज र राष्ट्रको अहित भइरहेकोले यस्ता विचार र प्रवृत्ति त्याग्नु पर्ने विचार नै यस कविताको मूलभाव, विचार वा सन्देश हो ।

बुझेको छु आगो, निभाउने बहाना हजुरको,
हजुरै त हो नन्द-वनमा, आगो लगाउने ।

### ४.२.२८.३ भाषाशैली

दुई पङ्क्तिको एक श्लोक संरचनाका पाँच श्लोकको लघु आयामको **मेरो हजुर** कविता सरल एवं सुबोधभाषा शैलीको प्रयोग गरिएकाले कविता बोधगम्य छ । मुहार, तिलक, नन्दन वन जस्ता तत्सम शब्दहरू गजब, कफन जस्ता आगन्तुक र अन्य तद्भव नेपाली शब्दहरूको प्रयोगले कविता सरल र सहज बनेको छ । लयविधान र बिम्ब,प्रतीक एवम् अलङ्कारविधान निम्नानुसार प्रस्तुत गरिएको छ :

#### ४.२.२८.३.१ लयविधान

कविता गद्य शैलीमा लेखिए पनि लयात्मक र गेयगुण सम्पन्न छ । 'हजुर' शब्दको प्रत्येक पङ्क्तिमा पुनरावृत्ति गरिएकाले लयसिर्जना प्रभावकारी बनेको छ । पुरै कवितामा विपर्यासको प्रयोग गरिएको छ ।

#### ४.२.२८.३.२ बिम्ब, प्रतीक र अलङ्कारविधान

यस कविताको विशिष्टता स्थिति विपर्ययको अभिव्यक्ति हो । पाँचै श्लोकमा विपर्यासको प्रस्तुति गरिएको प्रस्तुत कविता आध्यानुप्रास र अन्त्यानुप्रास अलङ्कारले कविता विशिष्ट बनेको छ । श्रुतिमधुरता, श्रुति सुखदता तथा बोधगम्यताका लागि **'हजुरको'** पदको कविताभर पुनरावृत्ति भएको छ । कालो, आँसु, कफन, नन्दन वन, आगोजस्ता बिम्बले कविता उत्कृष्ट बनेको छ ।

कर्मले त जेलमै सड्नु पर्ने हो हजुरको
गजब भो, हजुर ! फूल-माला लगाउने ।

# परिच्छेद - पाँच
# उपसंहार

कविताविधा पूर्व र पश्चिम दुवै तर्फ व्यापक चर्चा पाएको सर्वप्राचीन साहित्यिक विधा हो । पूर्वमा काव्य शब्द साहित्यको पूर्वरूप वा पर्यायवाची रूप मानिन्छ । **कवि**ले रचनाकार र **ता** ले रचनालाई बुझाउँछ । अतः 'कवेःकमर्णि काव्यम्' अर्थात् कविको कर्म नै काव्य हो भन्दै कवितालाई परिचित गराएको पाइन्छ । पाश्चात्य साहित्यमा 'पोइट' बाट पोइट्री बनेको शब्दको अर्थ कविद्वारा रचित पद्यात्मक रचना भन्ने बुझिन्छ । कविता सर्वप्राचीन, व्यापक र लोकप्रिय विधा भएकाले एउटै सर्वमान्य परिभाषा दिन कठिन छ । लयात्मक र आलङ्कारिक भाषामा जीवनजगतका विविध विषयहरूलाई कविको प्रवल अनुभूतिको माध्यमबाट अभिव्यक्ति गर्नु कविता हो । यसैको सेरोफेरोमा नै प्रायः विद्वान्हरूले प्रस्तुत गरेको पाइन्छ ।

**शब्द र अर्थले युक्त रचना काव्य हो** भामहले कविताको परिभाषा प्रस्तुत गर्दै भनेका छन् । आचार्य विश्वनाथ 'वाक्यम् रसात्मकम काव्यम्' रसात्मक वाक्य नै काव्य हो भन्दछन् । महाकवि देवकोटा '–कविता निष्प्रयत्न निस्कन्छ' भन्दै स्वच्छ र स्वतस्फूर्त मनबाट कविता निस्कने विचार व्यक्त गर्छन् भने बालकृष्ण सम कवितालाई 'भावनाको बौद्धिक कोमलता' मान्दछन् । पाश्चात्य विद्वान् कलरिज 'सर्वोतम क्रममा आएको सर्वोतम् शब्द' लाई कविता मान्दछन् । वर्डस्वर्थ - 'प्रवल अनुभूतिको सहज उच्छलन कविता हो जुन शान्त समयमा संस्मरणका रूपमा मनोवेगबाट प्राप्त हुन्छ' भन्दछन् ।

यसरी लयात्मक, आलङ्कारिक, कवि हृदयको हार्दिक कोमल भावप्रवाह कविता हो भन्ने प्राय सबै विद्वान्को आशय देखिन्छ । कविता सामान्य नभई विशिष्ट वा कलात्मक भाषामा लेखिन्छ । कविता पद्य वा गद्य जुनसुकै भएपनि लयात्मकता अनिवार्य हुन्छ । कवितामा आनन्ददायक शक्ति, हार्दिकता वा श्रुतिसुखदता हुनुपर्दछ । कवितामा अनुभूतिको तीब्रतम प्रवाह प्रवाहित हुन्छ । कविता निर्माणका लागि आवश्यक पर्ने तत्वहरू शीर्षक संरचना तथा विषयवस्तु, भाव एवम् विचार, भाषाशैली, लयविधान एवम् बिम्बप्रतीक र अलङ्कारविधान मुख्य रूपमा आउँछन् । उक्तिढाँचा, लयविधान एवम् अलङ्कारविधानलाई भाषाशैली अन्तर्गत नै राखी अध्ययन गर्न सकिन्छ तापनि कविताको भाषा व्यञ्जनात्मक एवं विशिष्ट हुने भएकाले यिनलाई छुट्टै राख्नु उपयुक्त हुन्छ । कवितामा कलापक्ष र भावपक्षको

शिल्प संयोजन गरिन्छ । कलापक्ष कविताको बाह्य सौन्दर्य हो भने भावपक्ष आन्तरिक सौन्दर्य हो ।

नेपाली साहित्यमा कविताको विकास लोकसाहित्य अन्तर्गत लोकगीत हुँदै वि.सं. १८०० तिरबाट प्रारम्भ भएको मानिन्छ । नेपाली भाषाको लिखित साक्ष संवत् १०३८ को दुल्लूको कीर्तिखम्बस्थित राजा दामुपालको शिलालेख मानिन्छ । नेपाली भाषा लेख्न थालिएको झन्डै ८०० वर्ष पछाडिमात्र कविता साहित्यिक विधाका रूपमा सुवानन्द दासको **'पृथ्वीनारायण शाह'** (१८२६ तिर) कविता विकसित भएको पाइन्छ । नेपाली कविताको विकास यात्रालाई १८२६-१९४० प्राथमिक काल (१८२६-७२ वीरधारा र १८७३-१९४० भक्तिधारा), १९४१-१९७४ माध्यमिककाल (१९६१ सम्म पूर्वार्ध र १९६२-७४ उत्तरार्ध) तथा १९७५ देखि हालसम्म आधुनिक काल गरी तिन चरणमा विभाजन गरिएको पाइन्छ । आधुनिक कालको ९३ वर्षको अवधिलाई ४ मोडमा विभाजन गरिएको छ ।

प्रथम मोड - परिष्कारवादी धारा (१९७५ देखि प्रारम्भ) प्रतिनिधि कवि लेखनाथ पौड्याल, दोश्रो मोड स्वच्छन्दतावादी प्रगतिवादी धारा (१९९१ देखि प्रारम्भ) प्रतिनिधि कवि लक्ष्मीप्रसाद देवकोटा, तृतीय मोड प्रयोगवादी धारा (२०१७ देखि प्रारम्भ) प्रतिनिधि कवि मोहन कोइराला र चौथो मोड समसामयिक धारा (२०३० देखि प्रारम्भ) प्रतिनिधि कवि दिनेश अधिकारी रहेका छन् ।

प्राथमिक कालमा लघुतम रूपदेखि बृहत् रूपसम्मका कविता लेखिए भने प्रतिनिधि कवि भानुभक्त आचार्य हुन् । यस कालमा अनुवादरूपान्तरण, मौलिक कविता लेखन, कविता तत्वको अभाव प्रमुख प्रवृत्ति हुन् । माध्यमिक कालमा शृङ्गारिक धारा र गजलविधाको प्रारम्भ, सामूहिक प्रयास, प्रकाशनको युगमा प्रवेश, समालोचना विधाको प्रारम्भ, प्रमुख प्रवृत्ति र प्रतिनिधि कवि मोतीराम भट्ट हुन् । आधुनिक कालको उपविभाजन प्रमुख भावधारा वा प्रवृत्तिकै आधारमा गरिएकाले मूलतः उपर्युक्त ४ धाराका चार प्रवृत्ति अन्तर्गत अन्य विविध प्रवृत्ति एवम् विशेषताहरूका साथ एक्काइसौं शताब्दीका विश्वव्यापी कवितामान्यता र शैलीशिल्पलाई आत्मसात् गर्दै नेपाली कविता अगाडि बढिरहेको छ ।

वि.सं. १९९८ मङ्सिर १० गते बाग्मती अञ्चल अन्तर्गत नुवाकोट जिल्लाको दारिमेमा जन्मेका नन्दराम लम्साल हरिप्रसाद लम्साल र दुर्गादेवी लम्सालका जेठा छोरा हुन् । उनको साहित्यिक नाम 'नश्वर वत्स' हो । शिक्षित ब्राह्मण परिवारमा जन्मेका नन्दराम लम्सालले घरमै पिता हरिप्रसाद लम्साल र हजुर आमाबाट अक्षरारम्भ गरेका थिए । लम्सालले

बुवा तथा धर्ममामाबाट रुद्री, चण्डी, अमरकोष, कौमुदी, ज्योतिषविद्या, व्याकरण सिकेका थिए । ११ वर्षको उमेरमा बुवाले घर छोडेर गएपछि बुवाको पुर्ख्यौली पेसा यजमानी उनैले समालेका थिए ।

लम्सालको औपचारिक शिक्षा भारतको बनारसबाट आरम्भ भएको हो । उनले मारवाडी संस्कृत महाविद्यालयबाट उत्तरमध्यमा र वाराणासीस्थित बनारस हिन्दू विश्वविद्यालयबाट शास्त्रीसम्मको अध्ययन गर्नुका साथै अङ्ग्रेजीमा प्रमाण पत्र तह उत्तीर्ण गरेका थिए । वनारसबाट नेपाल फर्केपछि सन् १९७३ मा त्रि.वि.बाट प्राइवेट अङ्ग्रेजी विषय लिएर बि.ए. अध्ययन गरेका थिए । आफ्नो गृह जिल्ला नुवाकोटको नर्जा कविलासबाट शिक्षण पेसा सुरु गरेका लम्सालले शिक्षण पेसाबाट आर्थिक सङ्कलन गरी नुवाकोटको नर्जा कविलासमा घरबासको व्यवस्था गरी आमा र भाइलाई राखी जागिर खान सुर्खेत आई सुर्खेतको जन व्यवसायिक माध्यमिक विद्यालयमा शिक्षक भएका र त्यहीँ उनको विवाह मङ्गलादेवी आत्रेयसँग भएपछि लम्साल सुर्खेतको लाटीकोइलीमा घरबास बनाई बसेका थिए । वि.सं. २०३० सालमा तत्कालीन पञ्चायती व्यवस्थाबाट प्रताडित भई नोकरीबाट राजिनामा दिएर स-परिवार नेपालगन्ज बसाइँ सरी वि.सं. २०३० साल माघ २२ गतेदेखि नारायण मा. वि. नेपालगन्जमा लामो समयसम्म शैक्षिक सेवा गरेको पाइन्छ । वि.सं. २०६१ साल मङ्सिरमा स्वेच्छिक अवकाश लिई  हाल उनी आफ्नो पुर्ख्यौली थलो नर्जा कविलासमा बस्दै आएका छन् ।

नन्दराम लम्सालले आफ्नो घरको साहित्यिक वातावरणबाट, विभिन्न पत्र-पत्रिका पढेर, बनारसको साहित्यिक वातावरण र विभिन्न साहित्यकार तथा विद्वान्हरूको संसर्गबाट साहित्यसाधना गर्ने प्रेरणा प्राप्त गरेको पाइन्छ । यसै प्रेरणाको प्रभाव र आफूमा भएको प्रतिभाका कारण लम्साल कवि, कथाकार, उपन्यासकार, निबन्धकार, गजलकार, सम्पादक र स्तम्भकारका रूपमा साहित्यका विविध फाँटमा सक्रियतापूर्वक साधनारत छन् । लम्साल मूलतः कवि, कथाकार र उपन्यासकार व्यक्तित्वका रूपमा अझ बढी सुपरिचित छन् ।

नन्दराम लम्साल वि.सं. २०२२ सालमा 'जीवनमार्ग' पद्य कविता ˘नयाँपाइलो' पत्रिकामा प्रकाशित गरी औपचारिक रूपमा साहित्यमा प्रवेश गरेका हुन् । उनको साहित्यिक यात्राले ४० वर्ष पार गरिसकेको छ । लम्सालका कविता, कथाहरू गोरखापत्र, रूपरेखा, मधुपर्क, अभिव्यक्ति, बगर आदि राष्ट्रिय र स्थानीय सिर्जना, दौँतरी तथा अन्य पत्रपत्रिकामा प्रकाशित छन् । उनको ४० वर्ष लामो साहित्यिक यात्रामा विषयवस्तुगत भिन्नता देखापरे

पनि प्रवृत्तिगत भिन्नता भने खासै पाइँदैन । उनका साहित्यिक रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित हुँदै आएपनि पुस्तकाकार कृतिको रूपमा **'मीठो कुरा'** कवितासङ्ग्रह (२०३१), **'विसर्ग'** कथासङ्ग्रह (२०३४), **'आरम्भ'** उपन्यास( २०३९) र '... देश दुख्ला भनेर' कविता सङ्ग्रह(२०६१) प्रकाशित छन् । अन्य धेरै कृतिहरू प्रकाशनको प्रतीक्षामा छन् ।

यसरी दुईवटा कविता कृति र दुई वटा आख्यान विधाका कृति प्रकाशित गरेका सामाजिक यथार्थवादी प्रगतिवादी साहित्यकार नन्दराम लम्सालको समग्र साहित्ययात्रालाई वि.सं. २०२२-२०३० प्रथम चरण (अभ्यासकाल), वि.सं. २०३१-२०३९ द्वितीय चरण ( विस्तारकाल), २०४०-२०६० सम्म तृतीय चरण (परिष्कार परिमार्जन काल) र २०६१ देखि यता चौथो चरण (प्रौढकाल) गरी चार चरणमा विभाजित गर्न सकिन्छ । नन्दराम लम्सालका समग्र साहित्यिक कृतिहरूका आधारमा यिनका काव्यप्रवृत्तिहरू खुट्याउन सकिन्छ । लम्सालमा स्वच्छन्दतावादी प्रगतिवादी मूल काव्यधारामा रही सामाजिक विकृति विसङ्गतिको चित्रण र सुधारको आग्रह, विविध क्षेत्रका अकर्मण्यता, भ्रष्टाचारी प्रवृत्तिको विरोध , सामाजिक यथार्थको चित्रण, सामाजिक परिवर्तन एवम् प्रगतिवादी दृष्टिकोण, देशप्रेमको भावना, सरल, सुबोध, आलङ्कारिक, प्रतीकात्मक एवम् बिम्बात्मक भाषाको प्रयोग, शास्त्रीय छन्द, झ्याउरे लय तथा मुक्तलय (गद्य) मा कविता लेख्ने प्रवृत्ति मुख्य रूपमा पाइन्छ ।

स्वच्छन्दतावादी प्रगतिवादी कवि नन्दाराम लम्सालको विवेच्य कृति '.... देश दुख्ला भनेर' कविता सङ्ग्रह २०६१ सालमा भेरी साहित्य समाज नेपालगन्ज बाँकेद्वारा प्रकाशित कृति हो । प्रस्तुत कविता सङ्ग्रहमा **'..... देश दुख्ला भनेर', 'अन्धोमित्रको पत्र', 'सहिद सन्देश', ॅबानी कसैकसैको', कालापानी दुखिरहन्छ, पहाडका आँसु, घुसपुराण, लाटाबुङ्गा मोतीराम, मेरो हजुर** लगायत २८ वटा मूल शीर्षक र दुई गुच्छा, तिन गुच्छा शीर्षक अन्तर्गत ४ कविता उपशीर्षक अन्तर्गत राखी सानाठुला ३२ कविताहरू सङ्गृहीत छन् । ३६ पृष्ठ आयामको प्रस्तुत कवितासङ्ग्रहमा सामाजिक यथार्थ, राजनीतिक, प्राकृतिक, ऐतिहासिक विषयवस्तुलाई मुख्य विषय बनाइएको छ ।**कालापानी दुखिरहन्छ, लाटाबुङ्गा मोतीराम, सहिद सन्देश, पहाडका आँसु** आदि कविता ऐतिहासिक सन्दर्भलाई समातेर लेखिएका छन् भने नेपाली समाजमा देखिएको विकृतिविसङ्गति, साहित्यिक क्षेत्रमा व्याप्त विकृतिविसङ्गतिहरूलाई **लाटाबुङ्गा मोतीराम, सहिद सन्देश, ठुलो मान्छे, घुसपुराण, सूर्य अस्त भो कि नेपाल मस्त भो, मेरो हजुर** कवितामा प्रस्तुत गरिएको छ । सानोठुलोको ,

धनीगरिबको विभेद, सर्वहारा मजदुर किसानप्रतिको सहानुभूति, भ्रष्टाचार एवम् विकृतिप्रति व्यङ्ग्य गरिएको छ ।

सङ्ग्रहमा कतै एकालापयुक्त आत्मकथनका रूपमा आफ्नो अनुभूति व्यक्त गरिएको छ, जसलाई कवि प्रौढोक्ति कथनढाँचा भनिन्छ । पृथ्वीनारायण शाह, साथी, दुस्मन, हामी, उनी जस्ता नाम सर्वनाम प्रयोग भएपनि पात्र बोलेका छैनन् । अतः सामान्यतः कवि प्रौढोक्तिको प्रयोग भएको छ । कविले बद्ध, मुक्त र गीतिलयको प्रयोग गरेका छन् । बद्धलयमा शार्दूलविक्रीडित, भुजङ्गप्रयात, मन्दाक्रान्ता, अनुष्टुप् आदि र झ्याउरे, सेलो, गीतिलय र मुक्तलय वा गद्य शैलीको प्रयोग कवितामा भएको छ । लयात्मकताका लागि आदि, मध्य र अन्त्य अनुप्रास तथा अनुप्रास अलङ्कारका अन्य रूपहरूको सुन्दर संयोजन, उपमा, रूपक, अतिशयोक्ति दृष्टान्त आदि अलङ्कारको प्रयोग, पृथ्वीनारायण, कोसी, कालापानी, नागासाकी, हिरोसिमा, पजेरो, हवेली, बालुवाको बोरा, ढुङ्गाजस्ता बिम्बको प्रयोग र प्रतीकात्मक भाषाको प्रयोग समेत भएको छ । '... **देश देुख्ला भनेर'** सूत्रात्मक शीर्षक राखी देशमा व्याप्त विविध विकृतिविसङ्गति, भ्रष्टाचारी, घुसखोरी, युद्ध, मावनताको ह्रास, गरिबी शोषण, दमन, उत्पीडन, अशिक्षा र आशान्तिले देश दुखिरहेको गम्भीर विषय सरल रूपमा प्रस्तुत भएको शीर्षकविधान विषयवस्तु अनुकूल सार्थक छ । **'ढुक्कमन'** चार पङ्क्तिको सबभन्दा सानो कविता र **मुठीभर ढुङ्गा** पङ्क्तिका सबभन्दा बढी विस्तारित आयाम फैलिएको छ । कवितामा न्यूनतम ३ अक्षर र अधिकतम २२ अक्षरसम्मका पङ्क्ति रहेको देखिन्छ । गीतिलयका कविता दुई पङ्क्तिको एक श्लोक र बद्धलयका कविता चार पङ्क्तिको एक श्लोक संरचनामा कुनै कविता निरन्तर पङ्क्तिप्रवाहमा र कुनै कविता पङ्क्तिपुञ्जमा आधारित छन् ।

नेपाली कविता, कथा, उपन्यास र निबन्ध विधामा कलम चलाएका कवि नन्दराम लम्साल स्वच्छन्दतावादी, प्रगतिवादी धारामा कलम चलाउने सशक्त प्रतिभा हुन् । शास्त्रीय छन्द, गीति लय, गद्य लय एवं फारसी बहर समेतमा प्राञ्जल, श्रुतिमधुर भाषाशैलीको प्रयोग गरी शब्दलाई खेलाउन सक्ने विशिष्ट क्षमता नन्दराम लम्सालमा रहेको छ । उनका समकालीन, स्थानीय प्रतिभाहरुमा लम्साल नै बहुमुखी, प्रतिभाशाली र विशिष्ट साहित्यकार हुन् । देशको समकालीन यथार्थ, विकृति, विसङ्गतिको अन्त्य, समाजलाई परिवर्तन गर्ने प्रगतिवादी चेतनाले ओतप्रोत कवि लम्साल समकालीन राष्ट्रियस्तरका सशक्त कवि, कथाकार र उपन्यासकार हुन् । नेपाली साहित्यको कविता, कथा र उपन्यास विधाको विकासमा लम्सालको योगदान उल्लेख्य छ ।

# सन्दर्भग्रन्थसूची


१. अधिकारी, हेमाङ्गराज (२०४३), **पूर्वीय समालोचना सिद्धान्त,** ते.सं., ललितपुर : साझा प्रकाशन ।

२. उपाध्याय, डा. केशवप्रसाद (२०४९), **साहित्य प्रकाश**, पाँ.सं., काठमाडौँ : साझा प्रकाशन ।

३. उपाध्याय, केशवप्रसाद (२०६१), **पूर्वीय साहित्य सिद्धान्त**, चौ.सं., ललितपुर : साझा प्रकाशन ।

४. गिरी, मधुसूदन (सम्पा) (२०५३), **मध्यपश्चिमका कविता,** काठमाडौँ : मध्य पश्चिमाञ्चल साहित्य परिषद् ।

५. गुरुङ, नन्दराम (२०६१), **साहित्यकार नन्दराम लम्सालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि. वि., ।

६. घिमिरे, तुलसी (२०३६), **भेरीका कथाकारहरू-हेरेपछि,** सिर्जना, वर्ष ५, अङ्क १, पूणाङ्क १०, वैशाख ।

७. चुके, पूर्णलाल (२०३८), **यस अङ्कका प्रतिभा,** अङ्कुर, वर्ष १, अङ्क १०, मङ्सिर-पुष ।

८. ढकाल, जीवलाल (२०५७), **नेपाली साहित्यमा बाँके जिल्लाको योगदान,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि. वि. ।

९. नेपाल, देवी (२०६२), **छन्द पराग**, काठमाडौँ : भुँडी पुराण प्रकाशन ।

९. पोखरेल, बालकृष्ण र अन्य (सम्पा) (२०५५), **नेपाली बृहत् शब्दकोश,** काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

१०. बन्धु, चूडामणि (२०६५), **अनुसन्धान तथा प्रतिवेदन लेखन,** काठमाडौँ : रत्न पुस्तक भण्डार ।

११. रिजाल ईश्वरीप्रसाद (२०६२), **बाँके जिल्लाका प्रतिनिधि कवि र तिनका प्रमुख कविता कृतिको अध्ययन ।**

१२. रेग्मी, सनत (२०३१), **पुस्तक चर्चा,** सिर्जना, वर्ष १, अङ्क १, फाल्गुन ।

१३. रेग्मी, सनत (२०३७), **प्रसङ्गमा : सिर्जना प्रकाशन र पुनर्प्रकाशन,** सिर्जना, वर्ष १३, अङ्क १, पूर्णाङ्क ६, कार्तिक-पौष ।

१४. लम्साल नन्दराम (२०३१), **मिठो कुरा कविता सङ्ग्रह,** नेपालगन्जः **मङ्गलादेवी लम्साल** ।

१५. लम्साल नन्दराम (२०३४), **विसर्ग कथासङ्ग्रह** नेपालगन्ज : **मङ्गलादेवी लम्साल** ।

१६. लम्साल नन्दराम (२०३९), **आरम्भ उपन्यास** नेपालगन्ज : **मङ्गलादेवी लम्साल ।**

१७. लम्साल नन्दराम (२०६१), .....**देश दुख्ला भनेर** भेरी साहित्य समाज ।

१८. वली, भोजेन्द्र (२०६३), ँ**कथाकार नन्दराम लम्साल र उनका कथाहरूको विश्लेषण,** स्नातकोत्तर शोधपत्र (अ.प्र.) नेपालगन्ज : नेपाली शिक्षण विभाग, म. ब. क्या. ।

१९. शर्मा, नारायणप्रसाद गैरे (२०५४), **साहित्यकार नन्दराम लम्साल,** दौँतरी, वर्ष २, अङ्क १, पूर्णाङ्क ६, कार्तिक/मङ्सिर ।

२०. शर्मा, नारायणप्रसाद गैरे (२०५७), **साहित्यकार नन्दराम लम्साल व्यक्तित्व र कृतित्व,** नेपालगन्ज, एक्सप्रेस, वर्ष २, अङ्क ११९, २८ गते, माघ ।

२१. श्रेष्ठ, दयाराम र शर्मा, मोहनराज (२०४९), **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास (चौ. सं.)** ललितपुरः साझा प्रकाशन ।

२१. त्रिपाठी वासुदेव र अन्य (सम्पा) (२०५३), **नेपाली कविता भाग ४** (दो. सं.) ललितपुर,: सा.प्र. ।

२२. त्रिपाठी वासुदेव (२०६६), **साहित्य सिद्धान्तः शोध तथा सिर्जनाविधि,** काठमाडौँ : पाठ्यसामग्री पसल ।

# परिशिष्ट

नन्दराम लम्सालका अप्रकाशित फुटकर कविताहरू (वि.सं. २०२८ देखि हालसम्म लिखित) निम्नानुसार छन् :

१. नेपालगन्जलाई ढोगभेट

२. हाम्रो सपना

३. देउरालीको गीत

४. जागरणका गीतहरू

५. स्वतन्त्रताकाो तिर्खा

६. व्यक्तिवाद

७. म पनि अफै सपना देख्छु

८. आकाश

९. हाम्रो मनस्थिति

१०. व्यक्तिवाद

११. रुनेरुने भएर

१२. प्रतिरोध

१३. माताातीर्थ

१४. पोहोरसाल पचासी वर्षमा थियौ

१५. पुतली

१६. दीपावली

१७. ल्वाँदे

१८. रोहित

१९. बानर

२०. भाले बहिदार

२१. शान्तिकामना

२२. नेताप्रति

२३. सम्फना वि.पि. कोइरालाको

२४. शम्भुको समाधि सतीको अन्त्य

२५. स्वर्ग जाने मान्छे

२६. नारीश्वर

२७. रातको विघटन

२८. लोकाचार

२९. चुरोट माहात्म्य

३०. किन रुन्छ ?

३१. दसैँ आयो

३२. भालुलाई पुराण

३३. मसिनी

३४. मसिनी

३५. बय मिद्रा

३६. कर्मयोग

३७. बृद्ध निद्रा

३८. सेलाएका रगतसँग

३९. दुई टुहुरा

४०. च्याउको चोला

४१. चतुरेको चिहान

४२. दृष्टि पथमा

४३. अस्त

४४. भानुभक्तको अबला

४५. भूतको भ्रम

४६. म ज्वालामुखी

४७. यो देश

४८. पैसा धुलो

४९. मान्छे र सिद्धान्त

५०. अर्ती मीठो हुँदैन

५१. हाम्रो आत्मबल

५२. कविता

५३. डोके

५४. म चयाँग्रो भएको छु

५५. शिक्षित छोरा

५६. पहाडी फूलप्रति

**उनका अप्रकाशित कृतिहरू**

१. मालती महाकाव्य (अपुरो)

२. क्रान्तिबाला (खण्डकाव्य)

३. पासाङल्हामु (खण्डकाव्य)

४. कालो सडक (उपन्यास)